◆ **सम्पादकीय**
- महिनाभरिका लागि एउटा काम - २
◆ **आवरण**
- सशक्त र सक्रिय बहिष्कार : आन्दोलनको आधार - रघु पन्त - ३
◆ **विश्लेषण**
- राष्ट्रिय एकताको प्रमुख बाधक निरङ्कुश राजतन्त्र - झलनाथ खनाल - ५
◆ **अभियान**
- लोकतान्त्रिक जागरण अभियानका अनुभव र शिक्षा - युवराज ज्ञवाली - ९
◆ **आन्दोलन**
- नीतिगत प्रस्टताले उर्लिएको जनसागर- भानुभक्त ढकाल - १२
- विराट मानवसागर र यसको राजनीतिक सन्देश- राजेन्द्र गौतम - १६
◆ **टिप्पणी**
- दल-माओवादी समझदारीपछिका केही सन्दर्भहरू - कोमल भट्टराई - १४
◆ **प्रश्नोत्तर**
- मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर- गोपीरमण उपाध्याय - १७
- सरकारी बजेट प्रणाली - गोविन्दबहादुर थापा - २६
◆ **सरोकार**
- संयुक्त जनआन्दोलन : अवसर र चुनौती - आनन्द पोखरेल - १८
◆ **समाज**
- अछूत बनाउने राजा-महाराजा नै हुन् - लालबहादुर विश्वकर्मा - २०
◆ **अन्तर्राष्ट्रिय वाम आन्दोलन**
- बोलिभिया : चुनावबाट वामपन्थी सत्तामा - विष्णु रिजाल - २१
◆ **व्यक्तित्व**
- पल रब्सनको सङ्घर्ष यात्रा - प्रदीप नेपाल - २३
◆ **संस्मरण**
- दुई साथीलाई सम्झँदा - केदार न्यौपाने - २५
◆ **दस्तावेज**
- नगर निर्वाचन बहिष्कारसम्बन्धी सात दलको संयुक्त वक्तव्य - २८
◆ **चिनारी**
- 'आमा र पत्नीबाटै प्रेरणा पाएँ'- कमला पराजुली - २९
◆ **बहस**
- दल-माओवादी समझदारी : परिणाममुखी ... - छविचन्द्र ढकाल - ३०
◆ **कृति**
- सबैलाई प्रेरित गरोस् यस पुस्तकले - ३१
◆ **अन्तर्वार्ता**
- अदालत निरङ्कुशतन्त्रको छायाँबाट मुक्त छैन - सुवास नेम्वाङ - ३२

# महिनाभरिका लागि एउटा काम

*सबै हिसाबले यो माघ महिना निर्वाचनको कित्ता ओरिपरि घुम्नेछ । राज्यले जे-जति हिंसा, धम्की, आक्रमण गर्ने हो, सबैमा त्यही कथित निर्वाचनको ठप्पा लगाउनेछ । राजाको ठप्पालाई माओवादीले शठेशाठ्यम्को नीतिले विरोध गर्नेछन् । राज्य माओवादीसँग जुध्न डराउँछ भन्ने त माओवादीले युद्धविराम भङ्ग गरेपछि राज्यले आफ्ना सेनालाई ब्यारेकमा फर्काएर उदाहरणै दिइसकेको छ । आफ्नो कमजोरी लुकाउन राज्य सात दलका विरुद्ध झनै हिंस्रक भएर लाग्नेछ । तर, संविधान पालन गरिरहेका सात दलले यो महिनाभरि नै नगर निर्वाचनको अप्रासाङ्गिकताको व्याख्यालाई मतदाताको घरदैलोमा पुर्‍याइरहने छन् ।*

*जनता के गर्छन् ? सबैभन्दा महत्त्वपूर्ण प्रश्न यही हो । जनता असंवैधानिक सत्तालाई जबरजस्ती मान्यता दिलाउन खोज्ने यो निर्वाचनलाई तिरस्कार गर्नेछन् र लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने सङ्घर्षमा निरन्तर अघि बढिरहनेछन् ।*

*यतिबेला नेपालमा सबै काम उल्टो मात्रै भइरहेको छ । यसो हुनुको सबैभन्दा ठूलो कारण राज्यसत्तालाई षड्यन्त्र र पाखण्डको खेल मन पर्नु हो । तीन सय वर्ष पुरानो युरोपेली मानसिकता बोकेको राजतन्त्र र रोमन सम्राट कोस्न्टान्टिनको दरबारमा मत विभाजन गरेर जन्मिएको पुरातनपन्थी जेहोबा सम्प्रदायमा हुर्किएका राजाका सहयोगीसँग मिसिएका सत्तालोभीहरू यतिबेला- 'बलद्वारा सत्ता हत्याऊ र जालझेल गरेर त्यसलाई दीर्घायु देऊ' भन्ने कोढी सिद्धान्तको तालमा नाचिरहेका छन् । राजनीतिक दल, पेसागत सङ्गठन तथा नागरिक समाजले यही कोढी सिद्धान्तलाई उधिन्नु, त्यसको विरोध गर्नु र जनताको सार्वभौमिकता भन्दा तल कुनै प्रकारको सम्झौता गरिँदैन भन्ने विश्वास सबैसम्म पुर्‍याउनु जरुरी भएको छ ।*

*चुनावमा भाग लिने भनेको जनताले हो र त्यो स्वेच्छाको विषय हो । नेपालको संविधानले नेपाली जनतालाई चुनावमा भाग लिने/नलिने निर्णय गर्ने अधिकार दिएको छ । तर, राजाका मान्छेहरू ठाउँ-कुठाउँमा जसरी पनि चुनाव गराइन्छ भन्दै डुक्रिँदैछन् । त्यो डुक्राइकै अर्थ हो- नगरपालिकामा चुनावको नाटक हुनसक्छ तर त्यहाँ जनताको मत अभिव्यक्त हुने वास्तविक चुनाव हुन सक्दैन ।*

*जनतालाई बुझाउनुपर्ने कुरो यही हो । यो नगरपालिकाको चुनावले जनतालाई सार्वभौम बनाउँदैन । यसले घाटमा लगिएको प्रजातन्त्रलाई फिर्ता पनि ल्याउँदैन । यो चुनावले शान्तिको अहम् मुद्दालाई पनि अगाडि सार्न सक्तैन ।*

*उसै पनि यो चुनावी नाटक राजाले नेपालको प्रजातन्त्र र नेपाली जनताका लागि होइन, विदेशीहरूका लागि रचेका हुन् । चुनावले बढाउने द्वन्द्वले कति मान्छे मार्छ भन्ने चिन्ता राजाको कार्यसूचीभित्र पर्दैन । चुनावी नाटकको मञ्चन सकिएपछि प्रजातन्त्रको डन्डा विदेशीहरूले देख्नेछन् र सविधान स्वीकार्ने दलहरूमाथि दबाब बढाउने छन् भन्ने राज्यपक्षको चाल सबै पार्टीले बुझेका छन् ।*

# सशक्त र सक्रिय बहिष्कार : आन्दोलनको आधार

' रघु पन्त

### औचित्यहीन निर्वाचन

राजाको आफ्नो निरङ्कुश शासनलाई लम्ब्याउने रणनीतिअन्तर्गत २०६२ माघ २६ गतेको नगरपालिका निर्वाचनरूपी नौटङ्की आयोजना गरिन लागेको हो भन्ने कुरामा अब कुनै द्विविधा छैन। नगरपालिकाहरूमा आफ्नो भजनमण्डलीका लठैतहरूलाई 'निर्वाचित' का रूपमा राखेर आफ्नो सङ्गठनात्मक संरचना तयार गर्ने र आफू 'प्रजातान्त्रिक प्रक्रियाअनुसार निर्वाचनका माध्यमबाट अघि बढिरहेको देखाउने राजाको योजनाअनुसार नै अहिले 'निर्वाचन' रूपी नाटकको धमाधम तयारी भइरहेको छ। यो निर्वाचनरूपी नाटकको निर्देशक राजा स्वयम् हुन् भने डा. तुलसी गिरी र कमल थापाहरू मूल पात्रहरू हुन्, जो निर्देशकको निर्देशानुसार थरीथरीका भाव-भाङ्गीमा अभिनय प्रस्तुत गर्दै अनेकौं प्रकारका संवाद बोलिरहेछन्।

सरकारद्वारा प्रस्तुत प्रमुख र अन्य आयुक्तहरूको नाम अस्वीकार गरी वर्तमान निर्वाचन आयोगका प्रमुख आयुक्त तथा अन्य आयुक्तहरूको नियुक्ति दरबारको हस्तक्षेपमा भएको थियो। राजाको कृपाबाट नियुक्ति पाएका वर्तमान प्रमुख निर्वाचन आयुक्त र अन्य आयुक्तहरू अहिले राजाको निर्वाचनरूपी नाटकलाई सफल बनाउन भनेर लागिरहेका छन्। यिनीहरूले निर्वाचनको नाममा निर्वाचन भन्ने शब्दकै समेत बेइज्जत हुने काम गर्दैछन्।

देशमा अहिले कुनै पनि कोणबाट हेर्दा निर्वाचनका लागि अनुकूल अवस्था छैन। नेकपा (माओवादी) ले गरेको एकतर्फी युद्धविरामका कारण सुध्रेको शान्ति-सुरक्षाको स्थिति र हिंसात्मक घटनामा देखापरेको उल्लेखनीय कमी युद्धविराम भङ्गको माओवादी घोषणासँगै समाप्त भएको छ। युद्धविराम हुनुअघिको स्थितिजस्तै ठाउँठाउँमा बम विस्फोटहरू हुन थालेका छन् र सुरक्षा सेना तथा माओवादीबीच दोहोरो मुठभेडका घटनाहरू बढ्न थालेका छन्। सहरहरूमा नै घट्न थालेका यस्ता घटनाहरूमा निहत्था र निर्दोष मानिसहरूसमेत पर्न थालेका छन्। असुरक्षा र अशान्ति बढ्न थालेको छ।

विगतका घटनाहरूका आधारमा हेर्ने हो भने यस्ता घटनाक्रमहरूलाई नियन्त्रित गर्न सरकार असफल हुँदै आएको छ। अहिलेको शाही सरकारले जतिसुकै फूर्ति लगाए पनि शान्ति सुरक्षाको स्थितिमा सुधार आउने कुनै सम्भावना देखिँदैन। असुरक्षा र सन्त्रासको स्थिति उत्पन्न भइसकेको छ। यस्तो असुरक्षित र सन्त्रासयुक्त वातावरणमा शान्तिपूर्ण निर्वाचन हुनसक्ने कुनै सम्भावना नै छैन। तर पनि वर्तमान शाही सरकारका मन्त्रीहरू 'श्री ५ को रोडम्यापअनुसार' निर्वाचन गराउनैपर्छ भनेर लागेका छन्। सुरक्षा निकायका अधिकारी र प्रमुख जिल्ला अधिकारीहरूले भेलामा अहिलेको अवस्थामा निर्वाचन गराउन गाह्रो छ भन्ने यथार्थ राख्दा पनि गृहमन्त्रीले जसरी भए पनि निर्वाचन गराउनैपर्ने निर्देशन दिनुले सरकारले निर्वाचन होइन, निर्वाचनको नाटक मात्र चाहेको हो भन्ने कुरा स्वतः स्पष्ट देखिएको छ। त्यसैले माघ २६ को नगरपालिका निर्वाचनको कुनै औचित्य छैन।

राजाले माघ २६ को निर्वाचनमार्फत जनतालाई थप चुनौती दिएर जनतासँग सिँगौरी खेल्न चाहेका छन् र मुलुकलाई अझ ठूलो मुठभेडतर्फ लगेका छन्। जनताको रगत बगे बगोस्, जनताले भोट नहाले नहालुन् तर निर्वाचन हुन्छ भन्ने सन्देश आफ्ना व्यवहारहरूमार्फत दिएर राजाले निर्वाचनको नाममा अरू नै कुनै अभीष्ट पूरा गर्न चाहेको देखिन थालेको छ।

### रक्तपातका लागि निर्वाचन

मुलुकका प्रमुख राजनीतिक दलहरू यो चुनावको विरुद्धमा मैदानमा उत्रिएका छन्। नेकपा (एमाले) र नेपाली काङ्ग्रेसजस्ता दुई प्रमुख राजनीतिक पार्टीहरूसहित आन्दोलनरत सात राजनीतिक दल त चुनावका विरुद्धमा कार्यक्रमै लिएर शान्तिपूर्ण रूपले चुनावको सक्रिय बहिष्कार गर्न र चुनावलाई पूर्ण रूपले असफल पार्न कस्सिएका छन् भने जनशक्ति पार्टीजस्ता पूर्वपञ्चहरूका पार्टीसमेत वर्तमान अवस्थामा चुनावका विरुद्धमा रहेका छन्।

नेकपा (माओवादी) ले चुनाव बिथोल्न कार्यक्रमै प्रकाशित गरेर ठाउँठाउँमा विस्फोटका घटनाहरू समेत गर्न थालिसक्यो। मुलुकका सबैजसो प्रमुख राजनीतिक दलहरूले अस्वीकार गरेको र सशस्त्र विद्रोही पक्षसमेत हिंसात्मक रूपले बिथोल्न तम्सिएको यो निर्वाचन गराइछाड्ने जिद्दी किन राजाले गरिरहेका छन् ? जनताको भोट होइन, रगत बग्ने सम्भावना देखिएको निर्वाचन गर्न खोज्नुका पछाडि राजाको के उद्देश्य लुकेको छ त ? अन्तर्राष्ट्रिय समुदायले समेत बेवास्ता गरेर नरुचाएको यो चुनाव गराउनैपर्ने हठ किन राजा छोड्दैनन् ? भन्ने जस्ता प्रश्नहरू यतिबेला नेपाली जनमानसमा टड्कारो रूपले देखापरेका छन्।

संसद् र स्थानीय निकायको विगतको चुनावमा नेकपा (एमाले) र नेपाली काङ्ग्रेस प्रमुख शक्तिका रूपमा देखापरेका थिए। यी दुवै पार्टीलाई वर्तमान राजा भित्रैदेखि घृणा गर्छन्। किनभने, वर्तमान राजालाई चुनौती दिने प्रमुख शक्ति यी दुई राजनीतिक पार्टी नै हुन्। नगरपालिकाको निर्वाचन र त्यसपछि प्रतिनिधिसभाको निर्वाचन सैनिक शक्तिका बलमा गराउने र ती निर्वाचनहरूमार्फत आफ्ना आसेपासे, जनतामा गन्हाएका र जनाधार नभएका मण्डलेहरूलाई जिताएर नेकपा (एमाले) र नेपाली काङ्ग्रेसलगायत प्रमुख राजनीतिक पार्टीहरूसँग जनसमर्थन छैन भन्ने देखाउने उद्देश्य राजाको हुनसक्छ।

अर्को उद्देश्य भने चुनावको नाटकको आडमा आफ्ना राजनीतिक भरौटेहरूको संसद् खडा गरेर वर्तमान संविधानलाई जथाभावी संशोधन गराउँदै सबै अधिकार आफ्नो हातमा लिने र डमी प्रधानमन्त्रीमार्फत सम्पूर्ण शासन आफैँले चलाउने रणनीति हुनसक्छ ।

पाकिस्तानमा जनरल परवेज मुसर्रफले यस्तै चुनावी नाटक गरी आफ्ना इच्छाअनुसार चल्ने व्यक्तिलाई प्रधानमन्त्री बनाएर शासन गरेझैँ नेपालमा पनि शासन चलाउने सोच राजाको हुनसक्छ । चुनावपछि परवेज मुसर्रफले विस्तारै अमेरिका, भारतलगायतको स्वीकार्यता प्राप्त गरेझैँ आफूले पनि पाउनेछु भन्ने आशामा राजा रहेका हुनसक्छन् ।

आफूले कोरेको तीन वर्षको 'रोडम्याप' लाई कार्यान्वयन गरेर सदाका लागि आफ्नो शासन सुदृढ गर्छु भन्ने योजना राजाको रहेको छ र यही योजनालाई कार्यान्वयन गर्न शाही सरकारका मन्त्री र तिनका पिछलग्गुहरू मरिमेटेर लागेका छन् । राजाको यो 'रोडम्याप' पूरा हुने कुनै सम्भावना छैन । राजाको निर्वाचनरूपी नाटकको मनसाय आममतदाताहरूले पनि बुझिसकेको वर्तमान अवस्थामा राजाले निर्वाचन गर्ने आफ्नो हठलाई कायम राख्दै कार्यान्वयन गर्न खोजेमा मुलुक निर्वाचनतर्फ होइन, रक्तपाततर्फ बढ्ने खतरा देखिएको छ ।

आगामी स्थानीय निर्वाचनका क्रममा एकातिर माओवादीहरूले आफ्नो हिंसात्मक गतिविधि बढाउने खतरा देखिएको छ भने अर्कोतर्फ राज्य पनि झन् हिंसात्मक रूपले जाइलाग्ने सम्भावना छ । शाही सरकार र नेकपा (माओवादी) बीचको हिंसामा परेर थुप्रै निर्दोष मान्छेहरूको ज्यान जाने डरलाग्दो स्थिति देखापर्ने आशङ्का बढ्दो छ ।

एकातिर राज्य र माओवादीबीच आमनेसामने मुठभेडको खतरा बढ्दो छ भने अर्कोतर्फ आन्दोलनरत सात राजनीतिक दल शान्तिपूर्ण रूपले निर्वाचनको सक्रिय बहिष्कार गर्ने कार्यक्रमका साथ अघि बढिरहेका छन् । आममतदाताको समर्थन र सहयोग पूर्ण रूपले सात राजनीतिक दलले पाउने प्रस्टै देखिन थालेको छ । त्यसैले माघ २६ गते स्थानीय निकायको निर्वाचन राजाले बलजफ्ती सेनाको बलमा गराउन खोजेको खण्डमा त्यसले मुलुकमा द्वन्द्व झन् चर्काउने निश्चित छ ।

सक्रिय बहिष्कार किन ?

जनभावना, शान्ति र राजनीतिक निकासका विरुद्ध एउटा दीर्घकालीन षड्यन्त्रको अङ्गको रूपमा सरकारले यो निर्वाचन गर्दैछ । दीर्घकालीन रूपमा आफ्नो निरङ्कुश शासनलाई निरन्तरता दिने र तात्कालिक रूपमा राजनीतिक वैधता पाउने उद्देश्यका साथ अघि सारिएको माघ २६ गतेको स्थानीय निकायको निर्वाचन एउटा राजनीतिक जाल मात्र हो । राजनीतिक दलहरू यो जालमा नपर्नु मात्रै मुख्य कुरा होइन, मुख्य कुरा त यो जाललाई तोड्नु हो । यो निर्वाचनरूपी जाललाई राजनीतिक दलका नेता, कार्यकर्ता र समर्थकहरूले भोट नहालेर मात्र च्यात्न सकिँदैन । यो जाललाई च्यात्न त आममतदातासमेतलाई निर्वाचनका विरुद्ध सडक सङ्घर्षमा ल्याएर सक्रिय बहिष्कार गर्न लगाउँदा च्यात्न सकिन्छ । यही कारणले अहिले सात आन्दोलनरत दलहरूले सक्रिय बहिष्कारको घोषणा गरेका हुन् ।

आन्दोलनरत दलहरू विगतमा मत माग्न जसरी जनताको घरघरमा पुग्थे, त्यसरी नै बहिष्कारको सन्देश लिएर जनताको घरघरमा पुग्नुपर्छ । जसरी विगतमा मत खसाल्न मतदानकेन्द्रमा जान जनतालाई प्रेरित गर्थे, त्यसरी नै निर्वाचनका दिन बहिष्कारको नारा लगाउँदै सडकमा उत्रिन प्रेरित गर्नुपर्छ । भोट खसाल्ने दिन मतदानकेन्द्रलाई चारैतिरबाट घेरा हालेर रित्तै बाकस फिर्ता पठाइदिनुपर्छ ।

यी कार्यहरू गर्न सक्रिय बहिष्कारको पक्षमा निकालिएका पर्चा बोकेर कार्यकर्ताहरू टोलटोल, घरघर पुग्नुपर्छ । बहिष्कारको पक्षमा कोणसभा, पदयात्रा, जुलुस र आमसभाहरू व्यापक रूपमा गर्नुपर्छ र जनतालाई बहिष्कारको उद्देश्यबारे प्रस्ट पार्नुपर्छ ।

निर्वाचन जनतालाई सशक्त, सक्रिय र सार्वभौमसत्ता सम्पन्न बनाउने एउटा प्रमुख लोकतान्त्रिक अभ्यास र माध्यम हो । जब यस्तो महत्त्वपूर्ण अभ्यास र माध्यमलाई राजा आफ्नो निरङ्कुशतालाई वैधता दिलाउने षड्यन्त्रको अङ्ग बनाउन खोज्छन् भने त्यो षड्यन्त्रको अङ्गका रूपमा निर्वाचनलाई उपयोग गर्ने मौका कुनै पनि हालतमा राजालाई दिनु हुँदैन । त्यसैले राजाको हातबाट निर्वाचनको अस्त्र खोसेर जनताको हातमा ल्याउन यो निर्वाचनको पूर्ण र सक्रिय बहिष्कारलाई सफल पार्नैपर्दछ ।

विश्व जनमतले अहिले नै अर्थहीन ठहऱ्याइसकेको स्थानीय निकाय निर्वाचनको योजना कार्यान्वयन तहमा पुग्दा झन् अर्थहीन, अविश्वसनीय, बेकार र जनताबाट परित्यक्त देखिनुपर्दछ । यो निर्वाचनले राष्ट्रिय रूपमा मान्यता त पाउँदैन, पाउँदैन-अन्तर्राष्ट्रिय रूपमा पनि यो व्यापक आलोचित र त्याज्य बन्नुपर्दछ भन्नेतर्फ आन्दोलनकारी शक्तिहरूले ध्यान पुऱ्याउनुपर्दछ ।

यस निर्वाचनमार्फत राजा आफूसँग जनता भएको, आफूले गराएको निर्वाचनमा जनता सहभागी भएको र जनताको समर्थन आफूलाई रहेको छ भन्ने देखाउन चाहन्छन् भने दलहरू पनि जनता राजासँग होइन, आफूहरूसँग भएको र राजाको निर्वाचनका विरुद्धमा जनता रहेको देखाउन चाहन्छन् ।

सत्य के हो भने राजासँग जनता छैनन् । जनता आफूसँग छैनन् भन्ने सत्य स्वीकार्नासाथ सत्ता छोड्नुपर्ने हुन्छ तर राजा सत्ता छोड्न चाहँदैनन्, त्यसैले सत्य स्वीकार्ने साहस उनमा छैन । त्यसैले छलछाम, षड्यन्त्र र तिकडम गरेर भए पनि चुनाव गराउने र त्यसमा जनताले भोट हालेको नाटक मञ्चन गरेर देखाउनु छ । यसका लागि प्रशासन, सेना र प्रहरीको बलमा काम गर्ने र जनता नआए सेना र पुलिसलाई प्रयोग गरेर बाकस भर्ने दाउ सरकारको छ ।

दलहरूले मतदानकेन्द्रमा जनताको उपस्थितिलाई शून्य बनाएर आफ्नो प्रभाव र चुनावको दिन विशाल जनप्रदर्शन गरेर आफ्नो शक्ति सावित गर्न सक्छन् । दलहरू अहिले यसैको तयारीमा लागेका छन् । माघ २६ गतेको निर्वाचनको सफल र सक्रिय बहिष्कार आन्दोलनका निम्ति अर्को बलियो आधारका रूपमा देखिन सक्छ । त्यसैले देशव्यापी रूपमा बहिष्कारलाई सफल पार्न दलहरू आजैदेखि तयारीमा लाग्नुपर्छ ।

सक्रिय बहिष्कारमा एमालेको भूमिका

सात दलमध्ये नेकपा (एमाले) सबैभन्दा सङ्गठित, सक्रिय र बढी जनाधार भएको राजनीतिक पार्टी हो। त्यसैले स्वाभाविक रूपमा नै निर्वाचन बहिष्कारका लागि एमालेपङ्क्तिको महत्त्वपूर्ण भूमिका रहनेछ। निर्वाचन सहज र स्वाभाविक परिस्थितिमा भएको भए सबैभन्दा बढी नगरपालिकामा विजयको झन्डा गाड्ने पार्टी पनि नेकपा (एमाले) नै हुन्थ्यो। त्यो विजय दिलाउने जनाधार र शक्तिलाई अब यसपल्ट नेकपा (एमाले) ले बहिष्कारको पक्षमा क्रियाशील बनाउनुपर्छ।

निर्वाचन संविधान र कानुनअनुरूप, धाँधलीरहित र स्वतन्त्र ढङ्गले हुनुपर्छ। यतिबेला निर्वाचन गराउने प्रमुख माध्यम निर्वाचन आयोग नै राजाको हुकुमी शासनको निरीह आज्ञापालक बनेको छ। राजाका मान्छेलाई निर्वाचित भएको टीका लगाइदिने नाटकमा एउटा पात्रको रूपमा भूमिका पूरा गरिरहेको वर्तमान निर्वाचन आयोग आफ्नो निर्णयका आधारमा कुनै काम गर्ने हैसियत र क्षमतै राख्दैन। सरकार, सेना, प्रहरी र कर्मचारी संयन्त्र सबैको चरम दुरूपयोग यो कथित निर्वाचनका क्रममा हुनेछ। त्यसैले यस्तो दुरूपयोगका आधारमा गरिने निर्वाचनरूपी नाटकलाई असफल बनाउनु आवश्यक छ र त्यो आवश्यकतालाई परिपूर्ति गर्ने एउटा प्रमुख शक्ति भनेको नेकपा (एमाले) हो।

यो अहम् र निर्णायक भूमिकालाई आत्मसात् गर्दै नेकपा (एमाले) का नेता तथा कार्यकर्ताहरू जनताको घरघरमा पुग्नुपर्दछ र मैदानमा उत्रिएर जनताको नेतृत्व गर्नुपर्दछ। सक्रिय बहिष्कारका लागि सर्वाधिक सक्रिय भूमिका नेकपा (एमाले) ले खेल्नुपर्दछ। तत्कालको प्रमुख दायित्व यही हो।

■

# राष्ट्रिय एकताको प्रमुख बाधक निरङ्कुश राजतन्त्र

' झलनाथ खनाल

असोज १८, ०५९ पछि नेपाली समाजको प्रमुख राजनीतिक अन्तर्विरोधमा ठूलो परिवर्तन भयो। त्यसबेला राजतन्त्र र प्रजातन्त्रका बीचको अन्तर्विरोध, राज्यसत्ता र माओवादी विद्रोहीबीचको अन्तर्विरोध, विभिन्न राजनीतिक पार्टीहरूबीचकै अन्तर्विरोधहरू, युद्ध र शान्तिका बीचको अन्तर्विरोध, माओवादी अराजकतावाद र आमजनताका बीचको अन्तर्विरोधजस्ता अनेकौं राजनीतिक अन्तर्विरोधहरू निकै समयअघिदेखि चर्को बन्दै आइरहेका थिए। देशमा ०४६ सालमा बहुदलीय प्रजातन्त्र स्थापना भएदेखि नै राजतन्त्र र बहुदलीय प्रजातन्त्रबीचमा अन्तर्विरोध थियो। तर, यो पछिल्लो अन्तरविरोध विभिन्न कारणले त्यसबेला मन्द रहेको थियो। दरबार हत्याकाण्डपछि त्यो अन्तरर्विरोध क्रमश: चर्को बन्दै गयो। राजाले आफूलाई संवैधानिक राजतन्त्रको हैसियतबाट जति बढी माथि उठाउँदै लगे र नेपाली राजनीतिमा सक्रिय भूमिका खेल्न थाले, त्यो अन्तरविरोध त्यति नै तीव्र बन्दै गयो। अन्तर्विरोधको त्यो विकासक्रम त्यसबेला राजाका अभिव्यक्तिहरूबाट, उनका गतिविधिहरूबाट, उनको बढ्दै गएको सक्रियताबाट सहज ढङ्गले देखिँदै गइरहेको थियो। तर, ती कुराहरूलाई जुन गम्भीरतापूर्वक लिनुपर्ने थियो, त्यसरी लिने काम भएन। त्यो अन्तर्विरोधको विकास र तीव्रतालाई ठीक ढङ्गले अध्ययन गर्ने र पहिचान गर्ने काम भएर त्यो अन्तर्विरोधसँग सतर्क हुने र त्यसलाई तीव्र रूप लिन नदिनका निम्ति आवश्यक कदम चाल्ने काम हुन सकेनन्। त्यही कारणले राजाले १८ असोज ०५९ (४ अक्टोबर, २००२) को कदम चाल्न पुगे। त्यो नै बहुदलीय प्रजातन्त्रको कालमा प्रतिगामी हिसाबले घटेको त्यस्तो निर्णायक घटना थियो, जसले नेपाली समाजको राजनीतिक अन्तिर्विरोधलाई गुणात्मक रूपले नै परिवर्तन गरिदियो। त्यसपछि नेपाली समाजमा निरङ्कुश राजतन्त्र र आमनेपाली जनताका बीचको राजनीतिक अन्तरर्विरोध प्रधान अन्तरविरोधका रूपमा विकसित भयो। त्यसले नेपालको लोकतान्त्रिक आन्दोलनलाई नयाँ मोड प्रदान गऱ्यो र मुलुकमा ठूलो प्रतिक्रान्ति या प्रतिगमन हुन पुग्यो। त्यसपछि निरङ्कुश राजतन्त्र निम्न प्रक्रियाहरूमा प्रमुख बाधकका रूपमा उभिन पुगेको छ।

१. लोकतान्त्रीकरणको सवालमा

नेपाली समाज अहिले पूर्ण लोकतान्त्रीकरणको ऐतिहासिक प्रक्रियाबाट गुज्रिरहेको छ। जबसम्म नेपाली समाजमा रहेको सामन्तवादलाई समाप्त पारिँदैन, सामन्तवादकै उपजका रूपमा रहेको निरङ्कुश शासन प्रणालीलाई अन्त्य गरिँदैन र त्यो प्रणालीको उपजका रूपमा रहेको निरङ्कुश राजतन्त्रलाई उन्मूलन गरिँदैन, तबसम्म नेपाली समाजलाई लोकतान्त्रीकरण गर्ने दिशामा आधारभूत कदम नै चाल्न सकिँदैन। विगत एक हजार पाँच सय वर्षदेखि नेपाली समाजमा राजतन्त्र रहिआएको छ। दुई सय ३७ वर्षदेखि केन्द्रीय शाही राजतन्त्र रहिआएको छ र त्यसका तथा निरङ्कुश शासन प्रणालीका विरुद्ध नेपाली जनताले विगत ७० वर्षदेखि लोकतन्त्रका निम्ति सङ्घर्ष गर्दै आउनुपरेको छ। नेपाली जनताको यो सङ्घर्ष पटक-पटक उच्च लहरका रूपमा प्रकट हुँदै आएको छ र समाजलाई अग्रगतितिर अघि बढाउन महत्त्वपूर्ण भूमिका पनि खेल्दै आएको छ। तर, जनताको लोकतान्त्रिक जागरण, लोकतान्त्रिक परिवर्तन र त्यसले सिर्जना गरेका मूल्य र मान्यताहरूका विरुद्ध पटक-पटक राजतन्त्रले नै धोका दिँदै आएको छ। त्यसले नै लोकतान्त्रिक आन्दोलनका उपलब्धिहरूलाई समाप्त पार्ने काम गर्दै आएको छ। ठीक त्यही प्रक्रियामा १८ असोज ०५९ मा आएर वर्तमान राजा ज्ञानेन्द्रले प्रजातन्त्रमाथि जवर्जस्त प्रहार गरेका छन् र १९ माघ ०६१ देखि

सम्पूर्ण सत्ता आफ्ना हातमा लिएर नेपाली समाजको लोकतान्त्रीकरणको प्रक्रियालाई सम्पूर्ण रूपले नै ठप्प पारेका छन् । त्यसैले यतिबेला निरङ्कुश राजतन्त्र नै नेपाली समाजको लोकतान्त्रीकरणको प्रक्रियामा सबैभन्दा ठूलो अवरोध बन्न पुगेको छ । यस अवरोधलाई समाप्त नपारी लोकतान्त्रीकरण वा लोकतन्त्रको कुनै परिकल्पना नै हुन सक्तैन ।

२. शान्ति प्रक्रियालाई अघि बढाउने सवालमा

सबैलाई थाहा छ, नेपाली समाज विगत १० वर्षदेखि माओवादीहरूको सशस्त्र विद्रोहलाई सामना गर्दै आएको छ । माओवादीहरूले सशस्त्र सङ्घर्ष, हिंसा, रक्तपात, हत्या, मारकाट र बल प्रयोगबाट राज्यसत्ता हात पार्ने जुन अभियानको थालनी गरे, त्यो वास्तवमा जरुरी थिएन । त्यो माओवादीहरूबीच प्रकट भएको निराशा, अन्योल र विरोधको परिणाम मात्र थियो । त्यस हिंसाबाट मुलुकले १२ हजार नेपाली छोराछोरीहरूको बलिदान गरिसकेको छ । एक हजारभन्दा बढी मानिसहरू बेपत्ता पारिएका छन् । हजारौँ मानिसहरू आपाङ्ग बनेका छन् । १० लाख भन्दा बढी मानिसहरू विस्थापित भएका छन् । त्यस हिंसाकै क्रममा अरबौंको सम्पत्ति विनास भएको छ । विकासका पूर्वाधारहरू, स्कुलहरू, सञ्चार संरचनाहरू, विद्युत्‌गृहहरू र अन्य संरचनाहरू ध्वस्त भएका छन् । यो लामो हिंसा र प्रतिहिंसापछि मुलुकमा यस्तो स्थिति उत्पन्न भएको छ कि यो हिंसाको बाटोबाट माओवादीहरूले पनि सत्ता प्राप्त गर्न र विजय हासिल गर्न सक्तैनन् र राज्यले पनि माओवादी शक्तिलाई सहजै उन्मूलन गर्न सक्तैन । यो हिंसालाई जति लम्ब्याइन्छ, सिङ्गो राष्ट्रले र जनताले त्यति नै धेरै नोक्सानी बेहोर्दै जानुपर्छ । त्यसैले यो समस्यालाई हिंसाबाट होइन, राजनीतिक निकास खोजेर समाधानमा पुग्नु पर्छ । यो विगत १० वर्षको हिंसा र प्रतिहिंसाबाट निस्केको निष्कर्ष हो । त्यस निष्कर्षलाई ध्यानमा राखेर नै अहिले सात दलहरूले माओवादीहरूसँग १२ बुँदे समझदारी बनाएका छन् । त्यो समझदारीले मुलुकमा शान्ति स्थापना गर्ने दिशामा एउटा महत्त्वपूर्ण नयाँ राजनीतिक आधार तयार पारेको छ । त्यसै कारण अहिले विशाल ग्रामीण क्षेत्रमा प्रथमतः आमराजनीतिक स्थिति बदलिएको छ । जनता माओवादीहरूबाट जुन रूपबाट आतङ्कित थिए, त्यो घटेको छ । विगत तीन महिनाको अवधिमा हत्या ८५ प्रतिशतले घटेको छ, अपहरण ७० प्रतिशतले घटेको छ र जबर्जस्त चन्दा ८५ प्रतिशतले घटेको छ । यो राम्रो लक्षण हो । दोस्रो, लामो समयदेखि कटुतापूर्ण रहेको दल र माओवादीबीचको सम्बन्धमा एक हदसम्म रूपान्तरण भएको छ । हिजोको शत्रुता अहिले एकअर्काप्रति समझदारीमा बदलिएको छ । १२ बुँदे समझदारीलाई दृढतापूर्वक लागू गर्दै जाने क्रममा यी दुई शक्तिबीचको सम्बन्धमा मित्रताका पक्षहरू बढ्दै जान सक्छन् । तेस्रो, अहिले माओवादीहरूले उनीहरूको केन्द्रीय कमिटीको बैठकबाट बहुदलीय प्रतिस्पर्धा, मानवअधिकार, मौलिक हक, शान्तिपूर्ण बाटोजस्ता विभिन्न विषयमा जे निर्णय गरेका छन्, त्यसले सात दल र माओवादीबीचको सम्बन्धलाई निकट ल्याएको छ । दुई पक्षका बीच साझा मूल्यहरू प्रकट भएका छन् । अब यो देशको राज्यको जिम्मेदारी हो- यी नयाँ मूल्यहरूलाई स्वागत गर्नु, शान्तिका सम्भावनाहरूलाई पक्रनु, राज्यका तर्फबाट पनि युद्धविराम गर्नु, शान्तिवार्ताका निम्ति वातावरण तयार पार्नु र मुलुकलाई दिगो शान्तिको दिशामा अघि बढाउनु । तर, अहिले राज्यको सम्पूर्ण सत्तालाई कब्जा गरेर बसेको राजतन्त्र त्यसको विपरीत दिशामा हिँड्दैछ । त्यो जडवत् भएर माओवादीहरूले एकतर्फी रूपमा गरेको युद्धविरामलाई पनि सुनेको नसुन्यै गरिरह्यो र त्यो सैनिक शक्तिलाई झन् वृद्धि गरिरहेको छ । त्यो सात दल र माओवादीबीच सम्पन्न १२ बुँदे सहमतिका विरुद्ध राज्यका सार्वजनिक सञ्चारमाध्यमहरूको दुरूपयोग गरेर तथानाम प्रचार गरिरहेको छ । त्यसैले राजतन्त्र शान्तिका पक्षमा छैन र युद्धविरामका पक्षमा पनि छैन भन्ने देखिन्छ । त्यो युद्ध भड्काउने र अझ धेरै धनजनको आहुति दिने बाटोमा हिँडिरहेको देखिन्छ । त्यसैले यतिबेला निरङ्कुश राजतन्त्र मुलुकको शान्ति प्रक्रियाका निम्ति पनि सबै भन्दा ठूलो बाधक बनेको छ ।

३. राष्ट्रिय स्वतन्त्रताको सवालमा

राजा ज्ञानेन्द्रले भन्ने गरेका छन्, 'देशभक्तिलाई मिलनविन्दु' बनाउनुपर्छ । उनले देशभक्ति भनेकै के हो, त्यसलाई गलत अर्थमा लिएको देखिन्छ । यतिबेला नेपाल राष्ट्रलाई सबैले सर्वोपरि राखेर सोच्नु, देशको हितलाई सर्वोपरि हितको कुरा देख्नु र देशलाई स्वतन्त्र, बलियो र समृद्ध पार्ने कुरा सोच्नु एकदम जरुरी छ । तर, देश बलियो र स्वतन्त्र बन्छ कसरी ? के जनताका सम्पूर्ण हकअधिकार खोसेर, उनीहरूलाई निरीह दास बनाएर, सूचना र सञ्चारका हकहरूमाथि बन्देज लगाएर, राजनीतिक पार्टीहरूका क्रियाकलापलाई रोकेर, जनतालाई जनसभा गर्नमा रोक लगाएर, पार्टीहरूका आमसभामा जनतालाई भाग लिनबाट रोकेर, गैरसरकारी सङ्घसंस्थाहरूमाथि बन्देज र नियन्त्रणहरू थोपरेर वा अदालतले खुला गरेको कुरालाई समेत रोक लगाएर देश स्वतन्त्र हुन्छ ? के त्यसरी देश बलियो हुन्छ ? त्यसलाई देशभक्ति भनिन्छ ? देशभक्ति भनेको राजभक्ति, राजाभक्ति वा दरबारभक्ति होइन । राजा, राजतन्त्र, राजदरबार, राजवंश, राजकूलजस्ता कुराहरूप्रतिको भक्तिलाई नै देशभक्ति बनाउन खोज्ने सामन्ती निरङ्कुशतावादीहरूको चालसँग होसियार रहनुपर्छ । यो त देशभक्ति होइन, दासता मात्र हो । त्यो सामन्ती निरङ्कुशतावादी चिन्तनकै एउटा रूप हो । देशभक्तिलाई राष्ट्रभक्तिको रूपमा लिन खोजेको हो भने त त्यसका चार-पाँचवटा महत्त्वपूर्ण पक्षहरू छन् । पहिलो- हाम्रो साझा भूमिप्रतिको भक्ति, दोस्रो- हाम्रो साझा राष्ट्रिय अर्थतन्त्रप्रतिको भक्ति, तेस्रो- हाम्रो साझा नेपाली संस्कृति र सभ्यताप्रतिको भक्ति, चौथो- हाम्रा साझा भाषा र हाम्रा असल परम्पराहरूप्रतिको भक्ति र पाँचौं- हाम्रो साझा राष्ट्रिय नेपाली मनोवैज्ञानिक भावनाप्रतिको भक्ति । यी पाँचवटै कुराहरूप्रतिको साझा प्रेम नै नेपाली राष्ट्रियता हो । नेपाली राष्ट्रियताप्रतिको भक्ति नै साझा देशभक्ति हो । हामीले यस्ता कुरामा प्रस्ट हुनुपर्छ ।

देश बलियो बनाउने भनेको ढुङ्गामाटो बलियो बनाउने भनेको होइन, राष्ट्रलाई बलियो बनाउने नै हो । राष्ट्रलाई बलियो बनाउने भनेको हाम्रो भूमि, अर्थतन्त्र, संस्कृति, भाषाहरू, सभ्यताहरू र नेपाली राष्ट्रिय मनोविज्ञानका सबै पक्षहरूलाई बलियो बनाउने भनेको हो । जनताको लोकतान्त्रिक चेतनाको प्रवाहलाई अझ बलवान बनाउन दिने भनेको नै हो । 'देशभक्तिलाई मिलनविन्दु' बनाउँदा यी सब कुराहरू पर्नुपर्छ । तर, अहिले राजा ज्ञानेन्द्र जुन बाटोमा हिँडिरहेका छन्, त्यसले त देशलाई झन् भयङ्कर रक्तपात, हत्या, हिंसा र बर्बादीको दिशामा लान्छ । झन् धेरै रगत बगाउने र राष्ट्रलाई कमजोर पार्ने काम गर्छ । मुलुकलाई अनावश्यक गृहयुद्धतिर धकेल्छ । देश जति अनावश्यक गृहयुद्धतिर धकेलिन्छ, त्यति नै कमजोर हुन्छ, भित्रबाट खोक्रो

बन्दै जान्छ र शिथिल बन्दै जान्छ। हाम्रा साधन-स्रोतहरू बर्बाद हुँदै जान्छन्। हामीहरू नयाँ साधनस्रोत पाउनै नसक्ने अवस्थामा पुग्छौँ। त्यसले विदेशीहरूलाई हस्तक्षेप गर्न झन् सजिलो बनाउनेछ। राजाका वर्तमान हठपूर्ण कदमहरूले मुलुकलाई भित्रैदेखि कमजोर र पराधीन मात्र होइन, विदेशी हस्तक्षेपका लागि झन् अनुकूल बनाउँदै लगिरहेको छ। देशको राष्ट्रिय स्वतन्त्रता कमजोर बन्दै जाँदैछ र नेपालका निरङ्कुश राजतन्त्रवादीहरूले देशलाई भुटान बनाउने दिशातिर धकेलिरहेछन्, त्यसैले निरङ्कुश राजतन्त्र यतिबेला देशको राष्ट्रिय स्वतन्त्रतालाई बलियो बनाउने प्रक्रियामा पनि सबैभन्दा ठूलो बाधक बनेको छ। जुन देशका जनता सबै प्रकारका हकअधिकारले सम्पन्न हुन्छन्, ती अधिकारको प्रयोग गर्न सचेत हुन्छन्, उनीहरू सङ्गठित हुन्छन्, उनीहरूले आफ्नो प्रतिभालाई समाजका विभिन्न पक्षहरूलाई अघि बढाउने कुरामा प्रयोग गर्न निर्बाध रूपले पाउँछन् र समाजलाई निर्माण र पुनर्निर्माणको बाटोमा अघि बढाउन कटिबद्ध भएर अघि बढ्न सक्ने अवस्थामा पुग्छन्, त्यो देश मात्र वास्तवमा स्वतन्त्र हुन्छ, समृद्ध हुन्छ र बलियो हुन्छ। जनताले यस्ता हकअधिकारहरू निर्बाध रूपले पाएपछि समाजको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय र वैदेशिक सम्बन्धमा पनि तीव्र विकास सुरु हुन्छ। परिणामस्वरूप राष्ट्र बलियो हुन्छ। उसको संवाद गर्ने क्षमता उन्नत हुन्छ र विश्व समुदायसँग उसले संवाद, सहमति र सहयोग उन्नतस्तरबाट गर्न सक्छ। तब मात्र राष्ट्रिय स्वतन्त्रता सुदृढ हुन्छ। त्यसो गर्नु नै सच्चा देशभक्ति हुन्छ। अहिले त्यस्तो हुनबाट जनता र राष्ट्रलाई सबैभन्दा ठूलो बाधा निरङ्कुश राजतन्त्रबाट नै भइरहेको छ। त्यसैले यो अवरोधलाई नपन्छाइ नेपालले राष्ट्रिय स्वतन्त्रतालाई पनि बलियो बनाउन सक्तैन।

४. राष्ट्रिय एकताको सवालमा

नेपाल आफैँमा एउटा सानो देश छ। दुई विशाल एसियाली छिमेकीहरूका बीचमा अवस्थित छ। विश्वमा, महाद्वीपमा, क्षेत्रमा र आफ्नै उत्तर-दक्षिण छिमेकमा आइरहेका विराट परिवर्तनहरूले हाम्रो देशका सामु ठूला चुनौती र सम्भावनाहरू ल्याइरहेका छन्। नेपाल जबसम्म एकताबद्ध हुँदैन र नेपाली जनता राष्ट्रियस्तरमा जबसम्म एकताबद्ध हुन सक्तैनन्, तबसम्म ती विराट सम्भावना र चुनौतीहरूको सामना गर्न सम्भव हुँदैन। त्यसका निम्ति नीतिनिष्ठ तथा सिद्धान्तनिष्ठ आधारमा राष्ट्रिय एकता निर्माण गर्न सक्नुपर्छ। त्यस्तो राष्ट्रिय एकताबिना हामी देशभित्रका समस्याहरू समाधान गर्न, राष्ट्रलाई रूपान्तरण गर्न, समृद्धिको बाटोमा अग्रसर पार्न र बदलिँदो विश्व समुदायसमक्ष ठाडो शिर गरेर राष्ट्रलाई उभ्याउन पनि सक्तैनौँ। त्यसैले नेपालको रूपान्तरण, विकास र समृद्धिका निम्ति राष्ट्रिय एकता नितान्त आवश्यक कुरा हो।

तर, यो सवालमा पनि निरङ्कुश राजतन्त्र नै सबैभन्दा ठूलो अवरोध बनेर तेर्सिएको छ र तेर्सिंदै आएको छ। नेपालका लोकतान्त्रिक शक्तिहरूले राजतन्त्र भनेको सामन्तवादको प्रतिनिधि हो र त्यो अस्ताचलमा पुगेको संस्था हो भन्ने कुरा जान्दाजान्दै पनि पटक-पटक राजालाई पनि सहमतिमा ल्याउने प्रयत्न गर्दै आएका छन्। सन् १९५० को परिवर्तनमा त्यही उद्देश्यले राजासँग सहमति कायम गरियो। तर, राजतन्त्रले नै धोका दियो। सन् १९५९ को आमनिर्वाचनपूर्व पनि देशका लोकतान्त्रिक शक्ति राजासँग सहमति बनाउन राजाले दिएकै संविधानअनुरूप अघि बढ्न चाहे। तर, १९६० मा पुग्दा नपुग्दै राजतन्त्रले नै धोका दियो। सन् १९७९-८० मा जनमतसङ्ग्रह गर्न पनि लोकतान्त्रिक शक्तिहरू तयार भए। तर, त्यसबेला पनि राजतन्त्रले नै धोका दियो र राज्ययन्त्रको प्रयोग गरेर बहुदललाई हराउने काम भयो। ठीक त्यसरी नै सन् १९९० मा पनि लोकतान्त्रिक शक्तिहरूले राजालाई सँगसँगै लिएर हिँड्न चाहे र राष्ट्रिय सहमतिकै आधारमा अघि बढ्न चाहे। तर, सन् २००२ मा आएर राजा ज्ञानेन्द्रले फेरि धोका दिए र अहिले सम्पूर्ण सत्ता आफ्नो हातमा लिन पुगेका छन्। यी सब कुराले के प्रस्ट पार्छन् भने राजा राष्ट्रिय सहमति बनाएर प्रजातान्त्रिक बाटोमा हिँड्न चाहँदैनन्। उनी आफूलाई सर्वशक्तिमान, सबै शक्तिको स्रोत, नेपाल राज्यको परमाधिपति भएर जनतालाई दास र रैती बनाएर राख्न चाहन्छन्।

त्यसैकारण राजा र दरबारले हरेक बेलामा लोकतान्त्रिक शक्तिलाई आफ्नो प्रतिद्वन्द्वी र शत्रुका रूपमा लिँदै आएको छ। त्यसले लोकतान्त्रिक शक्तिहरूलाई विभाजन गर्न, कमजोर पार्न र समाप्त पार्न प्रयत्न गर्दै आएको छ। यो विगत १५ वर्षको अवधिमा मात्र पनि राजा र राजदरबारले विभाजन र विघटनको भूमिका खेलको छ। हाम्रो पार्टी नेकपा (एमाले) को विभाजनमा एउटा निर्णायक बाहिरी कारण दरबार नै रहेको थियो। नेपाली काङ्ग्रेसलाई विभाजन गर्ने कुरामा पनि प्रमुख बाहिरी कारण राजदरबारको भूमिका नै रहेको देखिन्छ। राप्रपा र सद्भावना पार्टीहरू विभाजित हुनमा पनि दरबारको हात नै रहेको कुरा तथ्यहरूले नै पुष्टि गर्दछन्। जब कि आजको विश्वका सबै देश र समाजहरूमा राष्ट्रिय एकताका सूत्रधारहरू राजनीतिक पार्टीहरू नै हुन्छन्, जनतालाई जागरुक, सङ्गठित र एकताबद्ध पार्ने संयन्त्रहरू राजनीतिक पार्टीहरू नै हुन्छन्, समाजलाई अग्रगमनतिर रूपान्तरण गर्दै लाने परिवर्तनका बाहक शक्तिहरू पनि राजनीतिक पार्टीहरू नै हुन्छन्। ती पार्टीहरूको निर्णायक भूमिका रहेको लोकतन्त्र नै आजको आधुनिक विश्वमा सम्पूर्ण जनताको एकताको आधार हुन्छ। लोकतन्त्र नै जतिसुकै विविधताले भरिएको समाजमा पनि एकताको दूरगामी आधार हो। नेपालमा त झन् लोकतन्त्र नै राष्ट्रिय एकताको आधार हो। लोकतन्त्र भएन भने नेपालको राष्ट्रिय एकता टिकिरहन सक्दैन। तर, हाम्रो देशको निरङ्कुश राजतन्त्र त्यो राष्ट्रिय एकताको आधारलाई नै समाप्त पार्न चाहन्छ र त्यो एकताका सूत्रधारका रूपमा रहेका राजनीतिक पार्टीहरूलाई सामाप्त पार्न चाहन्छ। त्यसैले नेपालमा यो निरङ्कुश राजतन्त्र नै राष्ट्रिय एकताको पनि प्रमुख बाधक हो भन्ने कुरा प्रस्ट छ।

५.राष्ट्रिय विकासको सवालमा

नेपाल अहिले पनि अत्यन्त अल्पविकसित मुलुकका रूपमा रहेको छ। एकीकरणपछिका झन्डै ७८ वर्ष यो देशमा निरङ्कुश शाही राजतन्त्रको एकलौटी शासन रह्यो। राजतन्त्रले मुलुकलाई विकासको बाटोमा अघि बढाउने कुनै काम गर्न सकेन। १८४६ को कोतपर्वपछि पूरा एक सय चार वर्ष जहानिया राणाशाहीको कष्टपूर्ण शासन भोग्नुपर्‍यो। त्यसबेला पनि मुलुकले विकास गर्न पाएन। सन् १९५० को परिवर्तनपछि फेरि शाही राजतन्त्रले आफ्नो सता सुदृढ गर्दै लग्यो। सन् १९६० देखि पुनः एकलौटी शासन ३० वर्षसम्म चलायो। त्यो अवधिमा पनि मुलुकले जनमुखी विकासको मार्ग पहिल्याउन सकेन। राष्ट्रिय ढुकुटीमाथिको ब्रम्हलुट मच्चाउने र मुलुकलाई खोक्रो पार्ने काम मात्र भइरह्यो। राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाबले गर्नुपरेका

विकास कार्यहरू पनि दिगो हुन सकेनन् । सन् १९९० को प्रजातान्त्रिक परिवर्तनपछि मुलुक राष्ट्रिय विकासको एउटा नयाँ चरणमा प्रवेश गऱ्यो । सन् १९९० देखि २००२ सम्मका १२ वर्षमा मुलुकले पूर्वाधार निर्माणमा, शैक्षिक प्रगतिमा, सञ्चारको प्रगतिमा, यातायातको प्रगतिमा, विभिन्न सेवाक्षेत्रको विस्तारमा, खानेपानी, स्वास्थ्यजस्ता क्षेत्रको विकासमा र ग्रामीण क्षेत्रको विकासमा महत्त्वपूर्ण अग्रगामी कदमहरू चाल्यो । ती प्राप्तिहरूले नेपाली जनताको आकाङ्क्षाहरूलाई निकै राम्ररी उद्घाटित गरेका छन् । बहुदलीय प्रजातन्त्रलाई सुचारु हुन दिएको भए त्यसले आफूभित्र र बाहिर वा देशभित्र र बाहिर कुनै पनि क्षेत्रबाट उपस्थित चुनौतीहरूको दृढतापूर्वक सामना गर्दै मुलुकलाई राष्ट्रिय विकासको अझ उन्नत चरणमा उठाउनु अनिवार्य थियो र छ ।

तर, जब राजतन्त्रले अक्टोबर ४, २००२ को कदम चाल्दै र आफूलाई निरङ्कुश राजतन्त्रमा उठाई मुलुकमा हुकुमी शासनको सुरुआत गऱ्यो, तबदेखि मुलुकमा राष्ट्रिय विकासको प्रक्रिया पनि नराम्ररी अवरुद्ध बनेको छ । यद्यपि, माओवादीहरूले युद्ध सुरु गरेदेखि नै ग्रामीण क्षेत्रमा विकासको प्रक्रिया अवरुद्ध हुँदै गएको थियो । त्यसलाई सुचारु गर्न त्यसबेला राज्य प्रयत्नशील थियो । तर, '१८ असोज' र अझ 'माघ १९' पछि स्थिति उल्टो बन्दै गएको छ । खास गरी १९ माघपछिको नयाँ राजनीतिक परिस्थितिमा जब माओवादीहरूले एकपक्षीय युद्धविराम गरे, त्यसले ग्रामीण क्षेत्रको स्थिति खुकुलिन थाल्यो । जब सात दल र माओवादीबीच १२ बुँदे समझदारी बन्यो, त्यसले ग्रामीण क्षेत्रमा र देशमै पनि शान्तिका सम्भावनाहरूलाई बढाइदिएको छ । तर, यतिबेला राजाको नेतृत्वमा रहेको सरकार शान्तिका यी सम्भावनाका विरुद्ध उभिएको छ । त्यो निरन्तर सैनिक शक्तिलाई विस्तार गर्दैछ । राजतन्त्रको यस नीतिले मुलुकलाई झन् ठूलो हिंसा र युद्धतिर धकेल्छ र देशमा विकास निर्माणको प्रक्रियालाई पूर्ण रूपले असम्भव नै बनाइदिन्छ । त्यसैले राष्ट्रिय विकास र निर्माणको दृष्टिले पनि निरङ्कुश राजतन्त्र नै सबैभन्दा ठूलो अवरोध बनेको छ ।

६. अन्तर्राष्ट्रिय सहयोगको सवालमा

नेपाल विश्व समदायको एउटा विकासोन्मुख मुलुक हो । यो सानो छ, भूपरिवेष्ठित छ र पिछडिएको पनि छ । त्यस्ता देशहरूका लागि राष्ट्रिय विकासका निम्ति विश्व समुदायले र विशेष गरेर समुन्नत मुलुकहरूले सहयोग गर्छन् । अन्तर्राष्ट्रिय सहयोग गर्नु समुन्नत राष्ट्रहरूको कर्तव्य हो भने त्यसरी सहयोग प्राप्त गर्नु नेपालजस्ता मुलुकको अधिकारको कुरा हो । त्यो अधिकार र नेपालले बढाउँदै लगेका दुई पक्षीय वा बहुपक्षीय, देशगत तथा संस्थागत मैत्रीपूर्ण सम्बन्धहरूले विश्व समुदायबाट राष्ट्रिय विकास र निर्माणका निम्ति ठूलो सहयोग प्राप्त हुँदै आएको छ । विगत बहुदलीय प्रजातन्त्रको कालमा त्यस्तो सहयोगको मात्रा व्यापक रूपले बढेको थियो । हाम्रा आफ्नै राष्ट्रिय परिकल्पना, राष्ट्रिय भावना, राष्ट्रिय कार्यक्रम र राष्ट्रिय प्राथमिकताका आधारमा विदेशी सहयोगको परिचालन गर्नु हाम्रो आवश्यकता बनेको छ ।

देशमा लोकतन्त्र जति व्यवस्थित रूपमा स्थापित र विकसित गर्न सकिन्छ, विदेशी सहयोगलाई पनि आमजनताको हितमा त्यति नै राम्ररी परिचालन गर्न सकिन्छ । देश वा समाज पारदर्शी भएन, मित्रहरूले दिएको सहयोग उद्देश्यअनुरूपको निसानामा पुगेन भने वा पुग्ने सुनिश्चितता भएन भने वा दिएको विकास वा निर्माणको सहयोग अरू नै कुनै अनिश्चित उद्देश्यका लागि उपयोग हुने सम्भावना भयो भने दाताहरूले आफ्ना सहयोग कटौती गर्ने, घटाउने वा बन्द गर्ने सम्भावना हुन्छ । अहिले हाम्रो देशमा ठीक त्यही भइरहेको छ । राजाको ठाडो शासन सुरु भएपछि लोकतान्त्रिक पद्धति समाप्त भएको छ, विधिको शासन समाप्त भएको छ र पारदर्शिता पनि समाप्त भएको छ । आज जनताबाट कति राजस्व उठिरहेको छ, विदेशबाट कति सहयोग आइरहेको छ, त्यसलाई कुन क्षेत्रमा कसरी बाँडफाट गरिँदैछ, कहाँ कति रकम खर्च गरिँदैछ कसैलाई थाहा छैन । प्रश्न उठाउने संसद् छैन । सञ्चार जगत्ले समेत साँचो कुरा भन्न पाउँदैन । त्यसैकारण अहिले कैयौं मित्रराष्ट्रहरू र संस्थाहरूले नेपाललाई दिँदै आएको सहयोगलाई कटौती गर्न थालेका छन् । जबसम्म देशमा निरङ्कुश राजतन्त्र रहिरहनेछ, तबसम्म मुलुक अहिलेजस्तै अपारदर्शी अवस्थाबाट अघि बढ्न बाध्य भइरहनेछ । यसरी अहिले प्रथमतः विश्व समुदायबाट आइरहेको सहयोग कटौती हुँदै गइरहेको छ, दोस्रो- अहिलेसम्म प्राप्त भइरहेको सहयोग पनि कसरी उपयोग वा दुरूपयोग भइरहेको छ भन्ने कुरा थाहा पाउने आधार छैन । त्यसैकारण यतिबेला अन्तर्राष्ट्रिय सहयोगको प्रक्रियालाई निरन्तरता दिन र व्यापक पार्न पनि निरङ्कुश राजतन्त्र नै प्रमुख बाधक बनेको छ । त्यसको अन्त्य नगरी अन्तर्राष्ट्रिय सहयोगलाई पनि अभिवृद्धि गर्न सकिन्न भन्ने कुरा प्रस्ट छ ।

७.अन्तर्राष्ट्रिय मित्रताको विकासका सवालमा

नेपालले विश्व समुदायसँगका मैत्रीपूर्ण सम्बन्धहरूलाई क्रमिक रूपले विस्तार गर्दै आइरहेको छ । त्यो मित्रता र सम्बन्धलाई जति गहिरो र व्यापक पार्दै लान सकिन्छ, त्यति नै राष्ट्रको समृद्धिका निम्ति नयाँ औसर र सम्भावनाहरू पनि फेला पर्दै जान्छन् । विगतमा राणाशासनकालसम्म नपालको मित्रता बेलायतबाहेक कसैसँग विकास हुन सकेन । जब लोकतान्त्रिक आन्दोलनले गति लिन थाल्यो र निरङ्कुश राणाशासन समाप्त भयो, तब नै नेपालले अन्तर्राष्ट्रिय मैत्रीलाई विस्तार गर्न थाल्यो । नेपालको अन्तर्राष्ट्रिय मैत्रीको विस्तार नेपालको लोकतान्त्रीकरणको प्रक्रियासँग सोझै जोडिएको छ । समाज जति स्वतन्त्र र लोकतान्त्रिक बन्छ, अन्तर्राष्ट्रिय मैत्री पनि त्यहीअनुरूप विकास गर्न सक्छ । नेपालले लोकतान्त्रीकरणको प्रक्रियामा प्रवेश गरेको परिणामस्वरूप नै विगतमा धेरै देशहरूसँग हाम्रा मैत्रीपूर्ण सम्बन्धहरू विकास भए । यद्यपि, पञ्चायती तानाशाहीकालमा त्यो सम्बन्धको विकासले खास फल प्राप्त गर्न सकेन र अन्तिमकालतिर आएर त कतिपय देशहरूसँगको सम्बन्ध बिग्रनसमेत पुग्यो । अन्तिम कालमा नेपाल र भारतकै बीचको सम्बन्धसमेत नराम्ररी चिसो बनेको थियो । सन् १९९० मा देशमा बहुदलीय प्रजातन्त्र स्थापना भएपछि मात्र भारतलगायतका मुलुकहरूसँगको सम्बन्ध सुध्रियो ।

यसपटक जबदेखि राजाले सम्पूर्ण सत्ता आफ्नो हातमा लिए र हुकुमी शासन लागू गर्न थाले, तबदेखि नेपालका समग्र अन्तर्राष्ट्रिय मैत्रीका सम्बन्धहरू चिसिन थालेका छन् । नेपालले आफ्ना सम्पूर्ण अन्तर्राष्ट्रिय सम्बन्धहरूलाई विकास गर्नका निम्ति सबैभन्दा पहिले आफूलाई एकताबद्ध रूपमा खडा गर्न सक्नुपर्छ, हाम्रा दुवै छिमेकी देशहरू चीन र भारतसँगका सम्बन्धहरूलाई सन्तुलित ढङ्गले विकास गर्नुपर्छ र सिङ्गो विश्वसँगका सम्बन्धहरूलाई सूसञ्चालन गर्नुपर्छ । बितेको एउटा

खास अवस्थामा भारत र चीनबीच कार्ड खेल्ने नीति पनि सञ्चालन गर्ने कोसिस भए। तर, आजको विश्व वास्तविकतामा, क्षेत्रीय वास्तविकतामा र दुवै छिमेकीहरू आपसी सम्बन्धलाई समेत सुधार गर्दै विश्वका शक्तिगृह बन्न गइरहेको अवस्थामा एक वा अर्काविरुद्ध कार्ड खेल्ने कूटनीतिको औचित्य समाप्त भइसकेको छ। त्यसले हाम्रा मैत्रीपूर्ण सम्बन्धहरू बिग्रने मात्र होइन, त्यस्ता कार्यले राष्ट्रका सामु गम्भीर खतराहरूसमेत ल्याउन बेर छैन।

राजाको निरङ्कुश शासन जति घनिभूत बन्दै गएको छ, नेपालको अन्तर्राष्ट्रिय सम्बन्धहरू त्यति नै बिग्रदै गएका छन्। भारतसँगको सम्बन्ध चिसो बनेको छ। युरोपेली समुदायसँगका सम्बन्धमा बिग्रहहरू पैदा भएका छन्। उक्त युरोपेली मुलुकहरूले त सहयोगलाई कटौतीसमेत गर्न थालेका छन्। खुद अमेरिकासँगको सम्बन्धमा समेत चिसोपना बढ्दै गएको छ। उनीहरू सबै नेपालमा राजाको बढ्दो निरङ्कुशताका विरुद्ध उभिदै आएका छन्। अहिले उत्तरी छिमेकमा रहेको चीन मात्र 'आन्तरिक मामलामा हस्तक्षेप नगर्ने' घोषित नीतिमा चलिरहेको देखिन्छ। तर, नेपाली जनता यो तानाशाही शासनका विरुद्ध जति व्यापक रूपले जागरुक, सङ्गठित र आन्दोलित हुँदै जान्छन्, चीनलगायत सबै मित्र राष्ट्रहरूले नेपाली जनताको लोकतान्त्रिक आन्दोलनको पक्षमा आउनु अनिवार्य हुन्छ। यसरी नेपालको मैत्रीपूर्ण सम्बन्ध विकास, विस्तार र सुदृढीकरणका निम्तिसमेत निरङ्कुश राजतन्त्र नै सबभन्दा ठूलो बाधक बनेको छ। त्यसले हाम्रो राष्ट्रलाई समकालीन अवस्थामा मात्र नोक्सान गर्दैन, सुदूर भविष्यका निम्तिसमेत ठूलो नोक्सानी भोग्नुपर्ने हुन्छ। हाम्रो अन्तर्राष्ट्रिय सम्बन्धलाई सुमधुर रूपले विकास, विस्तार र सुदृढीकरणका निम्तिसमेत निरङ्कुश राजतन्त्रलाई समाप्त पार्नु अनिवार्य आवश्यकता बनेको छ।

८. राष्ट्रिय पुनर्संरचनाको सवालमा

नेपालमा निरङ्कुश शासकहरूले आफ्नो स्वार्थअनुरूप मुलुकलाई सञ्चालन गर्नका निम्ति केन्द्रीकृत सामन्ती राज्यसंरचनाको विकास गरे। त्यही स्वार्थअनुरूप नै नेपालको प्रशासनिक विभाजन पनि गरिएको छ। राणाशासनपछि शाही राजतन्त्रले पञ्चायतकालमा आएर त्यसमा केही सुधार गर्ने प्रयास गर्‍यो। त्यो बढ्दो राष्ट्रिय र अन्तर्राष्ट्रिय दबाबमा आएर केही सुधार गरे पनि राज्य संरचना मूलतः केन्द्रीकृत सामन्ती शासन व्यवस्थाअनुरूप नै बनिरह्यो। सन् १९९० (०४६) सालको परिवर्तनपछि, त्यसमा सुधार गर्न सकिन्थ्यो तर त्यसबेला पनि हुन सकेन। लोकतान्त्रिक आन्दोलनका पक्षधरहरू नै त्यसका निम्ति तयार भएनन्, नत्र त्यसमा परिवर्तन हुन सक्थ्यो। तर, राजाको पछिल्लो कदमपछि त ती सम्पूर्ण सम्भावनाहरूसमेत समाप्त भएका छन्। जबकि देशको लोकतान्त्रिक आन्दोलनमा दिनहरू जति बित्दै छन्, राज्यको पुनर्संरचनाले त्यति नै ज्वलन्त विषयको रूप धारण गर्दैछ। अहिले सात दलहरूको साझा माग र सात दल तथा माओवादीबीचको साझा समझदारी दुवैमा पनि यो सवालले प्राथमिकता पाएको छ।

अहिले पनि नेपालमा शाह र राणाशासनको कुशासनले गर्दा विद्यमान राज्यलाई सबैले आफ्नो साझा राज्यका रूपमा ग्रहण गर्न सकिरहेका छैनन्। विद्यमान राज्यले महिलाहरूलाई नै समेट्न सकेको छैन, जनजातिहरूलाई समेट्न सकेको छैन, दलित जनतालाई समेट्न सकेको छैन, मधेसीहरूलाई समेट्न सकेको छैन र नेपालजस्तो देशका दुर्गम क्षेत्रमा रहेका गरिब दिदीबहिनी, दाजुभाइहरू र अपाङ्गहरूलाई समेत समेट्न सकेको छैन। यो राज्यलाई पुनर्गठन र पुनर्संरचना नगरी ती सबै पक्षलाई समेट्न सकिँदैन र राज्यलाई सच्चा अर्थमा सबैको राज्य बनाउन सकिँदैन। त्यसैकारण समकालीन नेपालमा राज्य संरचनामा व्यापक परिवर्तन वा पुनर्संरचना आजको आवश्यकता बनेको छ। यो कुरालाई ठीक ढङ्गले सम्पादन नगरी भावी समृद्ध नेपालको जग नै बसाल्न सकिँदैन। आधुनिक र समृद्ध नेपालको जग हाल्ने हो भने पुनर्संरचना अनिवार्य छ।

तर, हाम्रो देशका वर्तमान राजा ज्ञानेन्द्र यो कुरालाई महसुस गर्न चाहिरहेका छैनन्। उनी २१ औँ शताब्दीमा पनि सर्वशक्तिमान सम्राट बन्न चाहन्छन् र मुलुकमा केन्द्रीकृत सामन्ती हुकुमी शासन चलाइरहन चाहन्छन्। यो चाहना र हुकुमी शासन देशको यो पुनर्संरचनाको दृष्टिले पनि सबैभन्दा ठूलो बाधक बन्न पुगेको छ। हामीहरू जबसम्म यो निरङ्कुश राजतन्त्रलाई अन्त्य गर्न सक्तैनौँ र अग्रगति तथा प्रगतिका छेकेवारहरूलाई पन्छ्याउन सक्तैनौँ, तबसम्म साँचो अर्थमा राज्यको पुनर्संरचनाको कदम पनि चाल्न सक्दैनौँ। जुन पुनर्संरचना नगरी मुलुक अग्रगतितिर अघि बढ्नै सक्तैन। त्यसले पुनर्संरचनाको दृष्टिले पनि निरङ्कुश राजतन्त्र नै सबैभन्दा ठूलो बाधक बनेको छ।

९. समावेशी प्रजातन्त्र स्थापनाको सवालमा

हाम्रो देशमा सन् १९९० मा स्थापित बहुदलीय प्रजातन्त्र अवश्य नै विगतको तुलनामा एउटा महत्त्वपूर्ण ऐतिहासिक कदम र प्रगतिशील थियो तर त्यसले नेपाली समाजको वास्तविकताअनुरूप सबै पक्षलाई समेट्ने आधार विकास गरिसकेको थिएन। हामीले त्यसबेला स्थापना भएको प्रजातन्त्र 'बहुमत प्राप्त गरेपछि जे गरे पनि हुन्छ' भन्ने खालको थियो। त्यसले अल्पमतको वास्ता गर्न र अल्पमतका पनि भावनाहरूलाई समेट्दै अघि लाने आधार विकसित गर्न सकेन। त्यसैले नेपालको लोकतन्त्रलाई अब पूर्णतामा लानुपर्छ, पूर्ण लोकतन्त्र स्थापना गर्नुपर्छ र त्यसलाई समावेशी लोकतन्त्रका रूपमा विकसित गर्नुपर्छ भन्ने धारणा प्रबल बन्दै आएको छ।

त्यसरी नै अन्तर्राष्ट्रिय क्षेत्रमा विशेष गरेर सूचना क्रान्तिपछि लोकतन्त्रसम्बन्धी अवधारणामा पनि निकै ठूलो परिवर्तन आएको छ। त्यसमा विशेष गरेर दुई कुरामा ठूलै परिवर्तन आएको छ। पहिलो, लोकतन्त्रको अन्तर्वस्तुमा। अर्थात् लोकतन्त्र भनेको विगत कालमा भनिने गरेजस्तै यो खालि राजनीतिक स्वतन्त्रता र सङ्गठन स्वतन्त्रतामा सीमित हुनु हुँदैन। अब लोकतन्त्रभन्दा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र मानवीय सबै हकअधिकारहरूको समुच्चयका रूपमा बुझ्नु पर्छ। दोस्रो, लोकतन्त्रको परिधि र कार्यक्षेत्रमा पनि परिवर्तन आएको छ। पहिले प्रजातन्त्र राष्ट्रिय राज्यमा विकसित भयो। तर, त्यो क्रमशः बहुराष्ट्रिय राज्यहरू र बहुदेशीय क्षेत्रहरूमा विस्तृत हुँदै गयो। खास गरेर सूचना क्रान्तिपछि लोकतन्त्रले बहुराष्ट्रिय राज्य र बहुदेशीय क्षेत्रमा समेत विस्तृत हुने अवसर सिर्जना गर्‍यो। युरोपेली संसद्को विकास त्यसको समेत परिणति हो। भोलि विश्व जति साँघुरिँदै र डल्लो पर्दै जानेछ, लोकतन्त्रको सीमा पनि त्यति नै विस्तृत बन्दै जानेछ र मानव जातिको अग्रगामी विकासलाई प्रतिनिधित्व गर्नेछ। लोकतन्त्रको अन्तर्वस्तु र परिधिमा आइरहेका यी परिवर्तनहरूलाई समेत ध्यान दिएर

हामी नेपालमा समावेशी लोकतन्त्रको भावी रूप र संरचनाबारे बढी प्रस्ट हुन सक्छौं। तर, यी नवचिन्तनहरूले भने नेपाली समाजलाई पनि समेट्दै ल्याइरहेको छ। प्रस्ट छ- नेपाली लोकतन्त्रलाई यो देशमा रहेको एक सयभन्दा बढी जातिका जनताको साझा लोकतन्त्रका रूपमा विकास गर्नुपर्छ, ५१ प्रतिशत जनसङ्ख्या रहेका महिलाहरूको पनि साझा लोकतन्त्र बनाउनुपर्छ, ३५ लाख भन्दा बढी रहेका दलितहरूको पनि साझा बनाउन सक्नुपर्छ र ७० लाख भन्दा बढी सङ्ख्यामा रहेका मधेसी जनताको पनि साझा लोकतन्त्र बनाउनुपर्छ। त्यसरी नै हाम्रो लोकतन्त्र सबै अन्धा, अपाङ्ग र पिछडिएका क्षेत्रका जनता तथा विभिन्न सम्प्रदायहरूको समानुपातिक प्रतिनिधित्व भएको वास्तविक समावेशी लोकतन्त्र हुनुपर्छ। नेपाली समाजमा लोकतन्त्रका निम्ति अर्को विकल्प छैन।

तर, यो समावेशी लोकतन्त्रको विकासको बाटोमा पनि यतिबेला सबैभन्दा ठूलो तगारो भनेको निरङ्कुश राजतन्त्र नै बनेको छ। निरङ्कुश राजतन्त्र नै समस्त जाति, भाषा, संस्कृति, समुदाय, मधेसी, महिला सबैको समान विकासको बाधक बनेको छ। त्यसको अन्त्य नगरी समावेशी लोकतन्त्रमा कुनै प्रगति हुन नसक्ने कुरा प्रस्ट छ। *क्रमशः*

# लोकतान्त्रिक जागरण अभियानका अनुभव र शिक्षा

**' युवराज ज्ञवाली**

**ने**कपा (एमाले) र नेपाली काङ्ग्रेसले करिब सँगसँगै लोकतान्त्रिक जागरण अभियान देशव्यापी रूपमा सञ्चालन गर्ने निर्णय गरे र सोहीअनुसार जिल्ला-जिल्लामा नेता, कार्यकर्ताहरू खटाए। केन्द्रबाटै नेताहरू खटिएर आउँदा कार्यकर्ताहरूमा क्रियाशीलता बढ्यो। उक्त क्रियाशीलताले पार्टीपङ्क्तिमा उत्साह र आत्मविश्वास पनि बढायो। पहिले पार्टीहरू जनताको बीचमा जाने क्रम घटेको थियो, राजाले आफ्नो हातमा शासन लिएपछि पार्टीहरू जनताको बीचमा जान थाले, आफ्ना कमजोरीको आत्मालोचना गर्न थाले र अब आएर जनताको पार्टीहरूप्रतिको विश्वास पुनः बढ्न थाल्यो।

यसै अभियानअन्तर्गत म पनि नेकपा (एमाले) को लोकतान्त्रिक जागरण अभियानका क्रममा सुरुमा दाङ जिल्लामा खटिएँ। त्यहाँ विभिन्न भेला, बैठक, प्रशिक्षण र जनसभाहरू सम्पन्न भए। जिल्लाका कार्यकर्ताहरू कार्य विभाजन गरी प्रत्येक गाविसहरूमा खटिए। त्यसले सिङ्गो जिल्लाभरि नै क्रियाशीलता बढ्यो। नेता र कार्यकर्ताहरूमा बढेको क्रियाशीलता र आत्मविश्वासले प्रत्यक्ष रूपमा जनतामा असर पर्‍यो।

ग्रामीण क्षेत्रका कार्यक्रम सकेर कात्तिक २५ गते जिल्ला सदरमुकाममा विशाल र्‍याली र आमसभा सम्पन्न भयो। त्यसले ०४६ देखि ०५६ सालसम्मको अवधिको याद दिलायो। यसैबीच, रोल्पा जिल्लाका कार्यक्रमहरूमा पनि जाने अवसर मिल्यो। नेताहरू गाउँ-गाउँ आउने कुराले त्यहाँ पनि कार्यकर्ताहरू तात्न थाले। रोल्पाका कार्यक्रममा जनताको उपस्थितिका साथै माओवादी कार्यकर्ता र जनमिलिसियाहरूले कार्यक्रमस्थल घेरिराखेको देखिन्थे। उक्त कार्यक्रममा प्रमुख रूपले राजाको निरङ्कुशतामाथि प्रहार केन्द्रित गर्दै, माओवादीका गलत नीति र व्यवहारको आलोचना र विरोध गरियो। माओवादीको आलोचना गर्दा वाक्य-वाक्यमा जनताले ताली बजाएको पाइयो।

राती बास बसेको ठाउँमा जनसाधारणसँग कुरा गर्दा उनीहरूको भनाइ थियो, 'हामीले त आफ्नो घरबाट नजिकैको छिमेकीको घरमा जाँदा पनि माओवादीलाई स्पष्टीकरण दिनुपर्छ, गाउँघरमा त सास फेर्न पनि उनीहरूसँग सोध्नुपर्छ।'

ग्रामीण क्षेत्रका सभाहरूमा माओवादीको विरोध गरिएन भने जनताबाट ताली आउँदैन। यसका पछाडि धेरै कारणहरू रहेको पाइयो। किन यस्तो ? भनेर जनतासँगै सोधियो। 'राजधानी, सदरमुकाम र सहरबजारमा राजाको शासन छ तर ग्रामीण क्षेत्रमा माओवादीको शासन छ। उक्त शासनबाट जनता अत्यन्तै चिढिएका छन्,' आमरूपमा जनताको यस्तै भनाइ रह्यो।

यसैबीच, माओवादी नेतृत्व र एमाले नेतृत्वबीच वार्ता र सहमति भएको कुरा सार्वजनिक भयो। स्थानीय कार्यकर्ता र जनतासँग बुझ्दा यसले उनीहरूमा अलिकति आशा पलाएको देखियो। यसले माओवादीको ज्यादती कम हुन्छ कि भन्ने आशले उक्त वार्तालाई प्रायः धेरैले सकारात्मक रूपमा लिएको प्रत्यक्ष अनुभव भयो।

गाउँमा माओवादीप्रति असन्तुष्टि र विरोध भए पनि राजाको शासनप्रति कसैको पनि समर्थन छैन। जनताको पनि भनाइ छ, 'यस्तो राजा हटाउनुपर्छ।' राजाप्रतिको विरोध निरन्तर बढिरहेको छ। राजा रहेसम्म शान्ति र प्रजातन्त्र सम्भव छैन भन्ने आमधारणा बन्दैछ।

लोकतान्त्रिक जागरणकै निरन्तरताका क्रममा धेरै वर्षदेखि स्थगित हुँदै आएको नेकपा (एमाले) रोल्पा जिल्लाको तेस्रो अधिवेशन भव्यतासाथ सम्पन्न भयो। रोल्पाको सदरमुकाममा एमालेको आयोजनामा भएको आजसम्मको यो सबभन्दा ठूलो जनसभा हो भन्ने कुरा जिल्लाका कार्यकर्ताको मूल्याङ्कन थियो। लामो समयदेखि मुखमा पट्टी बाँधिएका र गाउँघरमा हिँड्न प्रतिबन्ध लगाइएका तमाम कार्यकर्ताहरू गाउँगाउँ घुम्न थाले र मुखको पट्टी खोल्न थाले। उनीहरूभित्रको भावना प्रस्फुटित

हुन थाल्यो, एउटा ठूलो बन्धनबाट मुक्त भएको अनुभूति गर्न थाले । अझ त्यसमा सात दल र माओवादीबीचको सहमतिले उत्साह बढायो ।

अभियानकै क्रममा पुस १० गते नेपालगन्जको बृहत् आमसभाको तयारीका लागि दौडनुपर्ने थियो । रोल्पाबाट नेपालगन्ज पुगेर त्यहाँका जिम्मेवार कमिटीहरूका बैठक बसियो । त्यहाँ पुस १० गते ५० हजार जनता जुटाउनुपर्ने प्रस्ताव प्रस्तुत भयो । कसरी सम्भव छ ? प्रश्न गम्भीर रूपमा उठ्यो । व्यापक छलफल भयो, योजना प्रस्तुत भयो । अन्तमा 'हामी सक्छौँ' भन्ने भावनाका साथ कार्यकर्ताहरू जिल्ला-जिल्लामा खटिए ।

बाँके, बर्दियाको कामपछि सल्यान र रुकुम जिल्लामा जाने हतार थियो । बसबाट सल्यान सदरमुकाम पुगियो । अर्को दिनको आमसभाको तयारीमा कमरेडहरू जुट्नुभएको थियो । 'यसपटकको कार्यक्रम अभूतपूर्व हुन्छ,' प्रायः सबैको भनाइ रह्यो । तर, 'सुरक्षा निकायले रोक्न सक्ने सम्भावना पनि छ,'- केही साथीहरू भन्दै हुनुहुन्थ्यो । अर्को दिन यता सदरमुकाममा प्रचार-प्रसारका लागि माइकिङ् भइरहेको थियो, मञ्चको राम्रो व्यवस्था हुँदै थियो । 'गाउँ-गाउँबाट हिजैदेखि जुलुसहरू हिँडिसके' भन्ने खबर आइपुग्यो तर बिहानैदेखि सुरक्षा निकायले सदरमुकामलाई पूरै नाकाबन्दी गऱ्यो । यसै छाड्ने हो भने दस हजार मान्छे आइपुग्छन् भन्ने प्रशासनलाई रिपोर्ट रहेछ । त्यसले गर्दा सरकारको सातै गयो । काठमाडौँबाट आएको रात्रिबसका यात्रुहरूसमेत बाटोमा उतारेर रित्तो बस सदरमुकाम आइपुग्यो । यात्रुहरूलाई समेत प्रशासनले रोक्यो । सरकारी कामकाजका लागि आएका मानिसहरूसमेत बीच बाटोबाट फर्काइए । बिहानभरि सेना र पुलिसको अत्यधिक क्रियाशीलता देखियो । मानौँ, ठूलै युद्धको तयारी हुँदैछ, सबैलाई यस्तै भान हुन्थ्यो । तर, समय बित्दै जाँदा कत्तिले व्यक्तिगत कामको अनेक बहाना बनाउँदै र कैयौँले सेना र पुलिससँग प्रतिवाद गर्दै जनता र कार्यकर्ताको एउटा पङ्क्ति सदरमुकाम छिऱ्यो । बजारभित्रकै जनता पनि जम्मा हुन थाले, बसस्टपमै कार्यक्रम सुरु भयो । क्रमशः मान्छे थपिँदै गए । सभा सम्पन्न भयो । राजाको सरकारको तीव्र भण्डाफोर भयो । पूर्वतिरबाट आएको जुलुस शीतलपाटीमा रोकिएको र जनताको ठूलै समूह त्यहाँ जम्मा भएको खबर आयो । सदरमुकामको कार्यक्रम सकेर शीतलपाटीमा अर्को विशाल सभा सम्पन्न भयो । यसरी अनेक प्रयास गरेर पनि सरकार हाऱ्यो, जनताको जित भयो ।

सल्यानको कार्यक्रमको सफलतापछि अर्को दिन हामी अत्यन्त अप्ठ्यारो मोटर बाटो भएर रुकुमतिर लाग्यौँ । पूरै दिनभर लगाएर बस, साँझखेर बाङ्गेलाँकुरी भन्ने ठाउँमा पुग्यो । बाटोमा हातमा कर उठाउने रसिदप्याड लिएका माओवादी कार्यकर्ताहरू देखिन्थे । उनीहरू बाटोमा आउने साधनहरूबाट कर उठाइरहेका थिए । यात्राकै क्रममा स्थानीय व्यापारीहरूसँग कुरा भयो । उनीहरू भन्दै थिए, 'हामीले राजाको सरकारलाई एकपटक कर तिर्नुपर्छ भने माओवादीलाई उही सामानमा दुईपटक कर बुझाउनुपर्छ । यसरी हाम्रो ढाडै भाँच्चिएको छ । यसको मार अन्तमा उपभोक्तामाथि नै पर्छ । जनताले साह्रै दुःख पाए ।' उनीहरूको भनाइभित्र ठूलै मर्म र वेदना लुकेको थियो ।

बाङ्गेलाँकुरी एक जना साथीको डेरामा बास बसियो । बिहानै उठेर रुकुमका लागि पैदल मार्च सुरु भयो । दिनभरको हिँडाइपछि साँझ छ बजे बल्ल रुकुम मुसीकोट पुगियो । मुसीकोट पुग्दा कार्यकर्ता र कलाकारहरूले लगाइदिएको फूलमाला र गीत-सङ्गीतको स्वागतले दिनभरको थकाइ, भोक र प्यास पनि मेटियो । नेताप्रति कार्यकर्ताका सुझाव र गुनासा धेरै छन् तर आस्था र विश्वास भने मेटिएको छैन । गाउँगाउँमा नेताहरू आउन थालेपछि त गुनासाहरू पनि सबै मेटिँदै गएका छन् । 'नेताहरूमा जनताप्रतिको त्याग र समर्पण बढोस्,' आमकार्यकर्ताको यस्तै चाहना छ । ग्रामीण क्षेत्रका कार्यकर्ताको रचनात्मक सुझाव धेरै छ ।

रुकुम मुसीकोटको हाम्रो कार्यक्रम असफल पार्न राज्यसत्ता युद्धस्तरमा उत्रियो । पहिले निर्धारित सभास्थललाई निषेधित क्षेत्र घोषणा गऱ्यो । सात राजनीतिक पार्टीहरू पनि आतंककारीका मतियार भएको भन्ने सूचना व्यापक रूपमा टाँस्ने काम गऱ्यो । अघिल्लो दिनदेखि नै 'त्यहाँ गए गोली चल्छ' भन्ने हल्ला पिटायो । ग्रामीण क्षेत्रका जनतामा ठूलो भ्रम उत्पन्न गऱ्यो । सेनाहरूले हाम्रा पोस्टर भेटेसम्मका बाँकी राखेनन् । रातारात पनि पोस्टर च्यात्दै हिँडे । मङ्सिर १७ गते बिहानैदेखि सदरमुकाम नाकाहरू पूरै बन्द गरे । कार्यक्रम नहुने भयो भन्ने कार्यकर्तामा पर्न थाल्यो । उपाय नलागे प्रमुख अतिथिसहित ४०-५० जना निषेधित क्षेत्रमा गई नारा लगाउने र गिरफ्तारी दिने योजनासमेत बन्यो । सम्भव भएसम्म अर्को ठाउँमा सभा गर्ने योजना बन्यो । मञ्चको तयारी पनि भयो । १२ बजेदेखि क्रमशः मानिसहरू आउन थाले । विभिन्न नाकाबाट सभास्थलमा आएर कार्यक्रम सुरु हुनासाथ कताकताबाट मान्छेको ओइरो लाग्यो । शिक्षक, विद्यार्थी, कर्मचारी र व्यापारीसमेत आए । अन्तमा सानदार रूपमा कार्यक्रम सम्पन्न भयो । सशस्त्रको एउटा ठूलै जत्था कार्यक्रमस्थलमा आयो, सेनाका जवानहरू सादा पोसाकमा झोलाभित्र एसमएजी बोकेर घुमिरहेका थिए । अन्तमा सबै मानिस खुसी मान्दै फर्किए । यहाँ पनि सरकार हाऱ्यो, जनताले जिते ।

अर्को दिन बिहानको खाना खाएर कलकारको टिमसहित २५ जनाको टोली रुकुमकोटका लागि पैदलयात्रा सुरु गऱ्यो । राती शाँख गाउँमा बसियो । राती गाउँलेहरूको भेला भयो । उनीहरूलाई खुलस्त रूपमा आफ्ना कुरा राख्न आग्रह गरियो । राजा र माओवादीका बारेमा जनसाधारणको भावना बुझ्ने अर्को मौका मिल्यो । उपस्थित गाउँलेहरूको भनाइ थियो, 'राजा हटाउनुपर्छ तर माओवादीको ज्यादती र उनीहरूको स्थानीयसत्ता पनि हट्नुपर्छ । जबसम्म माओवादीले सधैँका लागि हतियार बिसाउँदैनन्, तबसम्म उनीहरूको ज्यादती पनि पूर्णरूपमा रोकिँदैन र देशमा शान्ति पनि हुँदैन । गाउँमा राणाशासन र पञ्चायती शासनमा

भन्दा धेरै चर्को माओवादी शासन छ । अहिले माओवादीसित सात दलको सहमति भयो भन्ने सुनिन्छ तर माओवादीको स्थानीय सत्ता खारेज हुने कि नहुने ? उनीहरूको स्थानीय सत्ता कायम रहेसम्म सहमतिको खास अर्थ छैन । गाउँ पूरै भताभुङ्ग भएको छ, बसी सक्नु छैन र जाने ठाउँ पनि छैन । स्थानीय सत्तालाई विभिन्न खाले कर तिर्दा हैरान भयो । तपाईंहरू माओवादीको स्थानीय सत्ता खारेज गराउन सक्नुहुन्छ कि हुन्न ?' यस्तै कुरा गर्दै उनीहरूले आफ्नो मनका बह पोखे ।

अर्को दिन बिहान छ बजे हाम्रो टिम त्यहाँबाट हिँड्यो । रुकुमकोट नपुग्दै उकालो बाटोमा एउटी महिला र कक्षा आठमा पढ्ने बहिनी घाँसको भारी बोकेर उभिएका भेटिए । हाम्रो कलाकारको टिम अलिक अघि बढेको थियो । ती महिलाहरूलाई यी एमालेका मानिस रहेछन् भन्ने थाहा भयो । 'हरियो घाँसको भारी भेट्दा साइतै पर्‍यो नि !' हाँस्दै उनीहरूले हामीसँग कुरा गर्न चाहे, 'हामीलाई त गाउँमा हैरान भयो, अब महिना दिनका लागि बाटो खन्ने उर्दी आएको छ, घरमा खाने अन्न छैन, के खाएर बाटो खन्ने ? हाम्रो दुःख कसले बुझ्ने ?' 'रुकुमकोटमा भोलि हाम्रो सभा छ, आउनुहोला, धेरै कुरा त्यहीँ सुन्न सक्नुहुन्छ ।' यति भन्दै हामी अघि बढ्यौँ । करिब बिहान ११ बजिसकेको थियो । उकालोमा निकै प्यास लागेको थियो । अलि अगाडि एक जना महिलाले पिठ्यूँमा गाग्री र हातमा एउटा भाँडोमा पानी लिएर आएको भेटियो । 'पानी खान दिए धर्मै लाग्ने थियो दिदी !' हामीले भन्यौँ । उनले झर्किँदै ठाडो जवाफ दिइन्, 'भो कसैलाई केही दिए पनि धर्मसर्म लाग्दैन' भनी अगाडि बढिन् । यस्तो आक्रोश किन ? हाम्रो मनमा प्रश्न उठ्यो । 'हामी माओवादी होइनौँ, एमालेका मान्छे हौँ, शङ्का मान्नु पर्दैन' साथीहरूले सम्झाउने पारामा भन्नुभयो । 'ए त्यसो भए ल पिउनुस् पानी !' हाँस्दै पानीको भाँडो एक जना साथीको हातमा थमाएर दिदी नजिकैको आफ्नो घरतिर लागिन् । यो एउटा सानो घटना हो तर यसको ठूलै अर्थ रहेको हामीले पायौँ ।

मङ्सिर २० गते रुकुमकोटमा पहिलेदेखि निर्धारित कार्यक्रम थियो । बिहान दुई जना कार्यकर्ताले खबर लिएर आए, 'मयुर नाच लिएर आउने योजना थियो, नाच्ने टोली आउन तयार छ तर स्थानीयसत्ताको स्वीकृतिबिना जान पाइँदैन भन्ने माओवादीको भनाइ छ । त्यो नाच सायद आउँदैन होला । बाटोमा उनीहरूको सेना बसेको छ, रोकेको छैन तर जनतामा त्रास छ । जनताको उपस्थिति कम हुन्छ होला ।' हामी सबैले खाना खायौँ, कार्यक्रमका लागि तयार भयौँ । १२ बज्यो । स्थानीय कार्यकर्ताबाहेक बाहिरको जुलुस आउँदैन । शङ्का लाग्न थाल्यो । तर, क्रमशः मानिसको भीड बढ्न थाल्यो र एउटा ठूलै जुलुसले गाउँ परिक्रममा गर्‍यो । सभा सुरु भयो । वक्ताहरू बोल्दै गए । जनताको आउने क्रम बढ्दै गयो । सभामा केही माओवादी कार्यकर्ता पनि भाषण सुन्न आएका थिए । अन्तमा मैले बोल्न सुरु गर्नेबित्तिकै माओवादीका तीन-चार सय सेना सभास्थलबाटै पूर्वतिर लागे । केहीबेर जनताको ध्यान विकेन्द्रित भयो तर तिनै सेनालाई समेत शिक्षा हुने गरी माओवादीका विभिन्न कमजोरीको आलोचना गर्दै जनताको ध्यान केन्द्रित गर्ने काम गरियो । आमसभा भव्यताका साथ सम्पन्न भयो । पुरुष र महिलाको समान उपस्थिति पनि सभाको एउटा विशेषता थियो । कार्यक्रमको अन्तमा पुग्दा साँझ परिसकेको थियो तर जनता अविचलित रूपमा कार्यक्रममा केन्द्रित भए, उनीहरूमा अत्यन्त ठूलो उत्सुकता देखियो । माओवादीको विरोध गर्दा तालीको गडगडाहट आउने त्यहाँको पनि एउटा प्रवृत्ति देखियो । कार्यक्रमपछि नेताहरूको भाषण अझै लामो हुनुपर्ने थियो । रोल्पा, सल्यान र रुकुममा प्रमुख अतिथिले ४५ मिनेट बोल्दा पनि सबै ठाउँमा भाषण छोटो भयो भन्ने गुनासो आयो । यसले जनता पार्टीहरूका विचार सुन्न कति लालायित छन् भन्ने प्रस्ट बुझिन्छ । त्यस्तै कतिले त, 'जेठको गर्मीमा ठण्डा पानीले नुहाएजस्तो भयो' भन्ने प्रतिक्रिया व्यक्त गरे । कसैले, 'फेरि माओवादीले सताउने हुन् कि !' भन्ने आशङ्का प्रकट गरे । तर, सबैको भनाइ थियो, 'माओवादीको सत्ता खारेज गर्नुपर्छ अनि बल्ल राजाको सत्ता खारेज गर्न सकिन्छ ।'

अर्को दिन बिहानै मुसीकोटका लागि प्रस्थान गरियो । पोखरा भन्ने गाउँमा खाना खान पुग्नुपर्ने, त्यसैले सानी भेरीमा तुइन तर्नुपर्ने भयो । पोखरा गाउँमा खाना खाएर हिँड्ने बेलामा गाउँले जनताले फूलमाला लगाएर बिदाइ गरे । मुसीकोट आउँदा केही हिस्सा जीटीजेडले खन्दै गरेको मोटरबाटो हिँड्नुपर्छ । बाटोमा सयौँ कामदार भेटिए । उनीहरूसँग प्रश्न गरियो, 'बाटो खनेको कति पाउनुहुन्छ ?' हर्षित मुद्रामा उनीहरूबाट जवाफ आउँथ्यो, 'दिनको पाँच-छ किलो चामल ।' त्यही ठाउँमा यता दिनको पाँच-छ किलो चालम लिएर जनता खुसीसाथ बाटो खन्न उछिनापाछिन गर्दैछन्, त्यहीँ अर्कोतिर माओवादीको सत्ताको आदेशमा एक महिना बिनाज्याला जबर्जस्ती रुवाउँदै बाटो खन्न लगिँदैछ, त्यो पनि अर्को जिल्लामा ।

राजधानी, जिल्ला, सदरमुकाम र सहरहरूमा राजाको शासन अनि गाउँले क्षेत्रमा माओवादीको शासन । आमनेपाली जनता यस किसिमको द्वैध सत्ताको बीचमा दुई ढुङ्गाको तरुलझैँ च्यापिएका छन् । गाउँले जनता लोकतन्त्रका साथै मूलतः शान्ति चाहन्छन्, आमसचेत नागरिक र सहरिया जनता शान्तिका साथै मूलतः लोकतन्त्र चाहन्छन् । आन्दोलनरत राजनीतिक पार्टीप्रतिको विश्वास निरन्तर बढ्न थालेको छ । तर, नेता फेरि मात्तिने हुन् कि भन्ने आशङ्का कायमै छ । वर्तमान नेपाली राजनीतिको ठोस विशेषता यही हो । यसकै आधारमा समस्याको समाधान खोज्नुपर्छ । बुटवलको कार्यक्रम सकिएपछि साँझ त्यहाँ पुगेका थियौँ । त्यहाँ एउटा कुरा सुनियो, 'जनता धेरै आए नेता मात्तिने, जनता नआए राजा मात्तिने ।' यो पनि एउटा ध्यान दिनुपर्ने विषय रहेछ । आत्मालोचना गर्‍यौँ भनेर मात्र पुग्दैन, वास्तविक व्यवहारमै, नेताहरूका आचरणमै रूपान्तरण हुनु जरुरी छ । चर्का क्रान्तिकारी कुरा गर्नु कुनै ठूलो कुरा होइन, तदनुकूल आफ्नो आचरण बदल्नु ज्यादै कठिन कार्य हो । सामन्ती र निम्नपुँजीवादी आचरणले ग्रसित मानिसहरूले क्रान्तिको नेतृत्व गर्नै सक्तैनन् । निरन्तरको सङ्घर्ष र बलिदानका क्रममा नै सही नेतृत्वको पनि विकास हुन्छ ।

'पार्टीभित्र गुटबन्दी नहोस्, नेताहरूमा त्याग र बलिदानको भावना होस्जस्ता क्रान्तिकारी कुरा सुनिएको छ, सोहीअनुसारको आचरण होस्, आफ्नो स्वार्थ र महत्त्वाकाङ्क्षा होइन, जनतालाई केन्द्रविन्दु बनाएर सोच्ने परिपाटीको विकास

होस्,' आमकार्यकर्ताको यस्तै सुझाव छ । गाउँमा एमाले, काङ्ग्रेस र विभिन्न पार्टीमा लागेका जनताको आस्था यथावत् छ । तलका कतिपय कार्यकर्ता बाध्यताले मात्र माओवादीको कमिटीमा बसेको पाइयो तर उनीहरूको विश्वास माओवादीप्रति छैन । 'नेताहरू निरन्तर जनताको बीचमा आउनुपर्छ, लाखौँलाख जनतालाई आन्दोलनमा गोलबन्द पार्नुपर्छ' भन्ने कार्यकर्ताको चाहना छ । केही समयदेखि यता बुटवल, पोखरा, काठमाडौँ, विराटनगर, जनकपुर र चितवनदेखि रुकुम, रोल्पासम्मका कार्यक्रमहरूले जनता पार्टीहरूकै पक्षमा छन् तर राजाको निरङ्कुशताको पक्षमा छैनन् भन्ने कुराको पुष्टि भएको छ, जनता सच्चा प्रजातन्त्रको पक्षमा छन् भन्ने कुरा प्रमाणित भएको छ ।

▪

# नीतिगत प्रस्टताले उर्लिएको जनसागर

' भानुभक्त ढकाल

राजाले शाहीसेनाका भरमा 'माघ १९' गते सत्तापलट गरेपछि नेपाली समाज निर्णायक आन्दोलनका पक्षमा जुटेको छ । आन्दोलनमा राजनीतिक पार्टीहरू, नागरिक समाज, मानवअधिकारकर्मीहरू, पत्रकार जगत, समाजका सबैखाले वर्ग, तह र तप्काका जनता आफ्नो ढङ्गले योजनाबद्ध रूपमा क्रियाशील छन् । आन्दोलनको अग्रीम मोर्चामा जुटिरहेको नेकपा (एमाले) ले गत मङ्सिर ४ गतेदेखि व्यापक प्रदर्शनको कार्यक्रमका साथ 'निरङ्कुश राजतन्त्रको अन्त्य गरौँ, संविधानसभामार्फत पूर्ण प्रजातन्त्रको स्थापना गरौँ' भन्ने मूल नाराका साथ लोकतान्त्रिक गणतन्त्रको दिशामा आफ्नो आन्दोलनलाई तेज गतिका साथ अगाडि बढाइरहेको छ । यसै सन्दर्भमा पुस महिनाभरि सञ्चालन गरिएका आन्दोलनका कार्यक्रमहरू, यी कार्यक्रमले दिएको सन्देशका बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

आन्दोलनमा उत्साहजनक उपस्थिति

नेकपा (एमाले) केन्द्रीय कमिटीको नवौँ पूर्ण बैठकबाट गरिएको लोकतान्त्रिक गणतन्त्र प्राप्तिको दिशामा अघि बढ्ने र त्यो प्राप्तिका खातिर देशका मुख्य भागहरूमा जनप्रदर्शनका कार्यक्रम सञ्चालन गर्ने, अधिराज्यका सबै जिल्लाहरूमा केन्द्रीय प्रतिनिधि खटाई लोकतान्त्रिक जागरण अभियान सञ्चालन गर्ने व्यवस्था पार्टी केन्द्रले गऱ्यो । खटाइएका प्रतिनिधिहरू दुई महिनासम्म तोकिएका जिल्लामा केन्द्रीय उत्प्रेरकका रूपमा लाग्नुभयो ।

यस अभियानले पार्टी कार्यकर्तामा रहेका असन्तुष्टि व्यक्त गर्ने, माझिने र खारिने अवसरसमेत प्राप्त गऱ्यो । पार्टीमा रहेका निष्ठावान कार्यकर्ताहरू सङ्कटका बेला पार्टीले आह्वान गरेको आन्दोलनका पक्षमा क्रियाशील हुने प्रण गर्दै आन्दोलनको तयारीमा जुटे । पार्टीको केन्द्रीय काम नै 'लोकतान्त्रिक जागरण' मा केन्द्रित भयो । पार्टी नेतृत्वदेखि स्थानीय पार्टी कमिटी, सङ्गठित सदस्यहरू, जनवर्गीय सङ्गठनहरू, जननिर्वाचित प्रतिनिधिहरू साराका सारा अहोरात्र निरङ्कुश राजतन्त्रको अन्त्यका दिन गन्दै आन्दोलनमा होमिए ।

वैचारिक हिसाबले देशको सबभन्दा प्रस्ट, सङ्गठन र कार्यकर्ताका दृष्टिले सबल, केन्द्रीकृत योजनाका साथ नेकपा (एमाले) को सम्पूर्ण शक्ति जब अर्जुनदृष्टिका साथ जनतालाई आन्दोलनमा गोलबन्द गर्न लागिपरे, स्वाभाविक रूपमा जनताले यो अभियानलाई आफ्नो अभियानको रूपमा आत्मसात गरे । यसका अलावा निरङ्कुश राजतन्त्रविरुद्धको आन्दोलनमा सात राजनीतिक दलहरूको सुझबुझपूर्ण सहकार्य, हिंसात्मक गतिविधिमा लागिरहेको माओवादीलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन गरिएको नेकपा (एमाले) र दलहरूको साझा प्रयत्न, माओवादीसँग भएको १२ बुँदे समझदारीले पनि जनतालाई आन्दोलनमा लाग्न थप हौसला नै प्रदान गरेको छ ।

राजाले सैन्य शक्तिका भरमा सम्पूर्ण सत्ता आफ्नो हातमा लिएपछि जनतामाथि गरिएको खुनी सैन्य शक्तिको प्रयोग, राजनीतिमा गरिएको कट्टर मण्डलेकरणले ३० वर्षे पञ्चायती प्रेतात्मालाई जनताले प्रत्यक्ष अनुभूत गर्नु पनि प्रजातान्त्रिक आन्दोलनमा जनताको लहर सिर्जना गराउने कारणमध्ये एक मान्नुपर्छ । लोकतान्त्रिक आन्दोलनका पक्षमा देखिएको अन्तर्राष्ट्रिय समर्थनले पनि जनआन्दोलनमा हौसला थप्ने कार्य नै गरेको मान्नुपर्छ । अन्तर्राष्ट्रिय मानवअधिकार आयोगको उपस्थिति, नागरिक समाज, मानवअधिकारवादीहरूको भूमिका, पत्रकार जगत्को सङ्घर्ष र नेपाल बार एसोसिएसनको सङ्घर्षसमेतको कुल योगले नै लोकतान्त्रिक आन्दोलनका पक्षमा जनलहर सिर्जना हुन पुगेको कुरा दिनको घामजत्तिकै प्रस्ट छ । तर, यसको मूल पक्ष भनेको चाहिँ पार्टीको केन्द्रीकृत योजना र स्थानीय पार्टी कमिटी र एमालेका कार्यकर्ताको अहोरात्र खटाइ नै हो ।

नेपाली जनता सैन्य शक्तिको आडमा गरिने जुनसुकै निरङ्कुशताको विपक्षमा छन्, प्रजातन्त्र र लोकतन्त्रका पक्षमा छन्, शान्तिपूर्ण जनआन्दोलनको पक्षमा छन् भन्ने कुराको पुष्टि पनि आन्दोलनको यो उभारले प्रमाणित गरेको छ । अन्य पार्टीहरूको तुलनामा एमालेको पक्षमा जनलहर देखिनुका पछाडि पनि संस्थागत रूपले नेकपा (एमाले) ले लोकतान्त्रिक गणतन्त्र प्राप्तिको निर्णय गर्नु र जनपरिचालनमा एमालेजत्तिको लगानी गर्न तथा जनताको मन जित्न अरूले नसक्नुका कारणबारे पनि सहकर्मी दलहरू प्रस्ट हुन सक्नुपर्छ ।

हतियारभन्दा जनता चलाउन कठिन हुन्छ

माओवादीहरूले विगत १० वर्षदेखि हतियारबन्द आन्दोलन चलाए, करिब १३ हजार मानिसहरूले मृत्युवरण गरे तर पनि लोकतान्त्रिक गणतन्त्रको राजनीतिक जागरण आमजनसमुदायमा स्थापित गराउन सकेनन् । राजतन्त्रविरोधी नारा हतियार चलाएर देशको दूरदराजमा होइन, जनता परिचालन गरेको दरबार मार्गमा नै लगाउन सकिन्छ भन्ने व्यवहारको पुष्टि शान्तिपूर्ण जनआन्दोलनमा लागेका पार्टीहरूले देखाएका छन् । माओवादीलाई सुध्रन र साँच्चै जनआन्दोलनका पक्षमा उभिन शान्तिपूर्ण जनआन्दोलनले नै घच्घच्याएको छ ।

राज्यकोषको दुरूपयोग गरेर सैन्य घेराभित्र गरिएको असंवैधानिक मन्त्रिपरिषद्का अध्यक्षको देश दौडाहामा सेना, पुलिस, निजामती कर्मचारी, राजनीतिक नियुक्तिका केही शाही कर्मचारी तथा पञ्चायती कालखण्डका कट्टर मण्डलेहरूको मात्र उपस्थिति देखिन्छ । यो

उपस्थिति पनि कुनै स्वेच्छिक नभएर बाध्यताको उपस्थिति हो भन्ने कुरा प्रस्टसँग देख्न र अनुभूत गर्न सकिन्छ । माओवादीहरूले पनि यसैगरी जनतालाई परिचालन गरेको नाममा डर, धाक, धम्की, अपहरण, हत्याकै सहारा लिएका थिए ।

लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार गर्ने, संविधानसभाको माग गर्ने र त्यसको परिणामलाई स्वीकार गर्न तयार रहेको जुनसुकै व्यक्ति, संस्था वा पार्टीहरू सैन्य बल र हतियारको भरमा होइन, जनताको अभिमतअनुसार चल्न सक्नुपर्छ । लोकतान्त्रिक जागरणको यस अभियानले राज्यसत्ताबाट मात्र होइन, सबै क्षेत्रबाट लोकतन्त्रको अपेक्षा गर्नु अनिवार्य सर्त पनि हो भन्ने देखाएको छ । हतियारका भरमा सत्ता टिकाउने, सत्ता प्राप्त गर्ने कुराभन्दा जनता परिचालन गरेर जनताको सत्ता प्राप्त गर्ने र टिकाउने मूल विषय हो । यस अभियानको नेतृत्व गरेकाले नै जनता पार्टीहरूकै पक्षमा छन्, लोकतन्त्रकै पक्षमा छन् । जनता चल्न कठिन हुन्छ, चलिसकेपछि स्थितिमा आमूल परिवर्तन आउन अनिवार्य छ । जो यसको अगाडि उभिन सक्छन्, तिनीहरूले नेतृत्व गर्छन्, जो उभिन सक्दैनन्, तिनीहरू आन्दोलनमा पुरिन्छन् ।

### अवरोध छिचोलेरै जनता सहभागी बने

'सबैभन्दा बलियो बन्दुकको गोली, त्यसभन्दा पनि बलियो जनताको बोली' भन्ने भनाइलाई आन्दोलनकारी जनताले सङ्घर्षको मैदानमा पुष्टि गरिछाडे । कार्यक्रमलाई असफल बनाउन शाही सरकारले गरेको कैयौँ अवरोध र छेकवारहरूलाई जनताको सङ्गठित प्रयत्नले असफल बनाइदिएका छन् । शाही सरकारले खडा गरेको सैन्य चेकपोस्ट, पुलिस तथा प्रशासनको अवरोध, गाडीबाट जनसभामा सहभागी हुन आएका जनतालाई गाडीबाट ओराल्ने, तीनपुस्ते अभिलेख उतार्ने, जनतालाई आन्दोलनमा सहभागी हुन नदिने सबैखाले षड्यन्त्रलाई आन्दोलनको अपार भेलले बगाइदिएको छ ।

शाही सरकार र त्यसका मतियारहरू जनसागरको यस भेलमा बाढीमा तैरिएका पतिङ्गरजस्तै भएका छन् । इतिहासका विभिन्न कालखण्डलाई समेत स्मरण गराउँदै, नयाँ इतिहासको निर्माण गर्ने जनताको उपस्थिति पनि ऐतिहासिक नै रहन पुगेको छ । विराटनगर, बाग्लुङ, नेपालगन्ज, कन्चनपुर, पर्सा, हेटौँडा, चितवन, स्याङ्जा, लमजुङ, तनहुँ र गोर्खामा भएका अभूतपूर्व जनप्रदर्शनको सार भनेको जनता अब नयाँ नेपाल निर्माण गर्न चाहन्छन् भन्ने कुराको पुष्टि नै हो । कतिपय स्थानमा आयोजकहरूले सोचेभन्दा र नेतृत्वले अनुमान गरेको भन्दा दोब्बर जनसहभागिताले जनता के चाहन्छन् भन्ने कुरा नेतृत्वले समेत बुझून् भन्ने उनीहरूको अभिमतलाई हामीले समयमा नै हेक्का राख्नुपर्छ । अवरोध हटाउनका लागि मानवअधिकारकर्मी, पत्रकार तथा नागरिक समाज एवम् बौद्धिक जनसमुदाय र पेसाकर्मीको भूमिका पनि प्रशंसनीय मान्नुपर्दछ ।

### आन्दोलनको नेता पार्टी नै हो

दलहरूका पक्षमा जनता छैनन् भन्ने शाही स्याल हुइयाँलाई पनि जनताले छोटो समयमा नै जवाफ दिइसकेका छन् । पार्टी नेतृत्वले १२ वर्षमा गरेका कतिपय नकारात्मक काममा जनताद्वारा गरिएका रचनात्मक आलोचनाबाट हौसिएका शक्तिहरूले त्यसैलाई भऱ्याङ्ग बनाएर पार्टीहरूलाई राजनीतिको किनारामा राख्न खोज्ने सम्पूर्ण प्रपञ्च र षड्यन्त्रहरू जनताको यो अभियानबाट पानीको फोकाझैँ फुटेका छन् । पार्टी र नेतृत्वको आलोचना गरेर जनताबाट तिरस्कृत व्यक्तिहरू सर्वाधिक लोकप्रिय बन्ने काल्पनिक अभियानले पनि समयमा नै चेत पाएको छ । दलहरूको पक्षमा जनमत छैन भन्ने प्रतिक्रियावादीहरू मात्र होइनन् कि दलहरूकै आवरणमा हुर्किएर दलहरूको भूमिकालाई किनारामा राख्न खोज्ने, दलहरूको नाममा भन्दा अन्य नाममा आन्दोलनमा उर्लिन चाहने तत्त्वहरू पनि थच्चिएका छन् । जनताको यस अभिमतले सबैलाई आ-आफ्नो हैसियत र भूमिमा उभिनुपर्छ, राजनीतिक आन्दोलनको नेतृत्व राजनीतिक पार्टीहरूले नै गर्नुपर्छ भन्ने भावना प्रस्ट रूपमा मुखरित गरेको छ ।

### बोकाले दाइँ हुने भए गोरुको के काम ?

शाही सरकारले आफ्नो असंवैधानिक सत्ता कब्जालाई केही समय लम्ब्याउन मूल समस्याबाट अन्यत्र ध्यान मोड्ने अभिप्रायले कथित नगरपालिकाहरूको निर्वाचनको घोषणा गरेको छ । सबै राजनीतिक पार्टीहरू, समाजका सम्पूर्ण तह र तप्का यो निर्वाचनको भद्दा नाटक मञ्चनबाट टाढा छन् । शाही सरकारका केही राजनीतिक जागिरेहरू निर्वाचनको असभ्य कला राज्यका सञ्चारमाध्यमबाट यसको दुरूपयोग गरी प्रकट गरिरहेका छन् । सैनिक जवानहरू मतदान अधिकृतहरूको काम मतपत्रमा हस्ताक्षर गर्ने मात्र हो, निर्वाचन गराउने भनेको सेना, पुलिसले हो भनिरहेका छन्, मतदान भयो भनी देखाउन परिचयपत्रको खारेजी गर्ने षड्यन्त्रले निर्वाचनको नाटक सेनाका ब्यारेकमा हुने र मतदाता पनि ब्यारेकका जनता मात्र हुने प्रस्ट देखिएको छ ।

राजनीतिक पार्टीहरू, नागरिक समाज मानवअधिकारकर्मी, अन्तर्राष्ट्रिय जगत् तथा विद्रोही माओवादीसमेत निर्वाचनको बहिष्कारमा आफ्नो हैसियतअनुसार लागेका छन्, उभिएका छन् । जनताको व्यापक उपस्थितिमा सम्पन्न भएका सम्पूर्ण कार्यक्रमहरूमा कथित नगर निर्वाचन बहिष्कार गरौँ भन्ने नाराका साथ पार्टीहरूले आन्दोलनको नेतृत्व गरिरहेका छन् । यस्तो बेलामा पनि नगर निर्वाचन हुन्छ भन्नु बोकाले दाइँ गर्छ भन्नुजस्तै हो । तुलसी गिरीको आह्वानमा चुनाव हुने भए पार्टीहरूको के काम हुन्थ्यो ? किनभने हामी अहिले ०६२ सालमा छौँ, गिरीजीले बुझेको ०१७ सालमा होइन तर दलहरूले पनि बुझ्नुपर्छ कि जनता अब संसद्को पुनःस्थापना, सर्वदलीय सरकार र सहमतिको संविधानसभामा मात्र सीमित हुन चाहँदैनन्, निरङ्कुश राजतन्त्रलाई निर्णायक प्रहार गर्न नै चाहन्छन् ।

### सभामा यी आफ्नैपनहरू

नेकपा (एमाले) ले सञ्चालन गरेको लोकतान्त्रिक जागरणको अभियान अभूतपूर्व रूपमा सफल भएको छ । लाखौँलाख जनता यस अभियानमा प्रत्यक्ष सहभागी बनेका छन् । लाखौँलाख जनता अभियानको नजिकमा सामेल भएका छन् । लाखौँलाख जनता यसका पक्षमा उभिएका छन् । आयोजित सभामा जान चाहेर पनि कयौँ जनता यातायातका साधनको अभावमा उपस्थित हुन सकेनन् । पूर्वाञ्चलको विराटनगरमा भएको आमसभामा 'झ्याम्म झ्याम्म' देउडा भाकाको गीतले नयाँ जागरण ल्याउन सहयोग मात्र पुऱ्याएन, जनताको पक्षमा क्रियाशील सांस्कृतिक क्षेत्रमा एउटा विधा नै थप्न सफल भएको छ । धौलागिरिको कार्यक्रम 'मकै भटमास खाऔँ, बाग्लुङ बजार जाऔँ' भन्ने रचनात्मक नारालाई व्यवहारमा उतार्न सफल रहेको छ । नेपालगन्जमा साझा आन्दोलनको भावनालाई बल पुऱ्याउन एमालेले काङ्ग्रेसलाई अतिथि वक्ताका रूपमा बोलाएर लोकतान्त्रिक आन्दोलन साझा हो भन्ने अनुभूति दिलाएको छ भने कन्चनपुरको सभा सम्पन्न गर्न डडेल्धुराको जोगबुढादेखि तीन सयभन्दा बढीको सहभागितामा आन्दोलनकारीहरू पैदल मार्च गर्दै सभामा सहभागी बनेका थिए ।

यसका अतिरिक्त, कार्यक्रमलाई आकर्षक एवम् प्रभावकारी बनाउन 'आन्दोलनलाई थोरै आर्थिक सहयोग गरौँ, जनअधिकारका लागि ऱ्यालीमा सहभागी बनौँ" भनी पर्चा वितरण, घरदैलो कार्यक्रम, सांस्कृतिक जुलुस, स्वयम्सेवक मार्च, कोणसभा, पोस्टरिङ, वालपेन्टिङ, प्रभातफेरी, पैदलयात्रा आदि कार्यक्रम देशभरिमा हजारौँ-हजारका मात्रामा सम्पन्न गरिएका छन् । यसैको फलस्वरूप आन्दोलनमा जनता आफ्नो सांस्कृतिक पहिचानका साथ उपस्थित भएका छन् । महिलाहरूको उपस्थिति आन्दोलनमा उल्लेख्य छ भने जनअधिकारका लागि खाली खुट्टा जनताको सहभागिताले आन्दोलनकारी नेतृत्वलाई वर्गीय आन्दोलनको अगुवाइ गर्न पनि प्रेरणा दिएको छ । देशभित्रको

यातायातका अभावका कारण कतिपय जनताले भारतको रेलसमेत प्रयोग गरेर आन्दोलनमा सहभागी बनेका घटना आन्दोलनका लागि ऊर्जा बनेका छन् ।

आन्दोलनमा महिला गिरफ्तारी

जनसङ्ख्याका दृष्टिले ५० प्रतिशतभन्दा बढी रहेका महिलाहरू र हरेक क्षेत्रमा ३३ प्रतिशत सहभागिता लागू गर्ने निर्णय गरेको नेकपा (एमाले) ले आयोजना गरेका ११ स्थानका कार्यक्रममा केवल दुई जना मात्र महिला वक्ता बनाएको पाइएको छ- नेपालगन्जमा गौरा प्रसाईं र पर्सामा उर्मिला अर्याल । बाग्लुङमा श्रीमाया थकाली र कन्चनपुरमा निरू पाललाई धन्यवाद दिने अवसर प्राप्त भयो । मकवानपुरमा गोमा तिमिल्सिना र चितवनमा प्रभा बरालले स्वागत गर्नुभएको थियो । लोकतान्त्रिक आन्दोलन उठाइरहेको र समावेशी प्रजातन्त्रको सङ्घर्षमा सामेल भइरहँदा यस पक्षमा पनि गम्भीरतापूर्वक ध्यान पुऱ्याउन जरुरी छ । आन्दोलनका क्रममा नेपालगन्जबाट फर्कंदा अनेरास्ववियु बबई क्याम्पस सह प्रा.क. अध्यक्ष सरस्वती चौधरीलाई सेनाले गिरफ्तार गरेको छ । महिलाहरू हर क्षेत्रमा आन्दोलनको मोर्चामा आफ्नो अग्रता कायम गर्ने प्रतिबद्धतालाई व्यवहारमा स्थापित गराउन लागिपरेका छन् ।

र अन्त्यमा, पुस महिनामा सञ्चालन गरिएका जनआन्दोलनमा अभूतपूर्व जनप्रदर्शन भएको छ । पार्टीका पक्षमा र निरङ्कुशताका विपक्षमा जनमत जाहेर भएको छ । कार्यक्रमहरूमा मञ्च व्यवस्थापन, माइक व्यवस्थापन, स्वयम्सेवकको परिचालन, जुलुसलाई व्यवस्थित गर्ने र झन्डा, व्यानरहरूलाई व्यवस्थित र आकर्षक बनाउन थप ध्यान दिनु जरुरी छ । पार्टीका तर्फबाट अन्य वक्ताहरूलाई समेत अवसर उपलब्ध गराएको खण्डमा पनि आन्दोलनले थप ऊर्जा प्राप्त गर्न सक्नेछ । जनजाति, तराई, उत्पीडित, युवापुस्ता र महिलाहरूलाई नेतृत्वकारी उपस्थितिको अवसर दिन सकेको खण्डमा आन्दोलनले कुनै क्षेत्रमा पनि अभावको अनुभूति गर्नुपर्ने स्थिति रहँदैन । जनताद्वारा अभिव्यक्त चाहनाको नेतृत्व गर्न नेकपा (एमाले) तयार हुन सक्नुपर्छ । जनलहरबाट उत्तेजित बनेर अराजनीतिक चर्का कुरा गर्ने र शक्तिकेन्द्रहरूका भनसुन र दबाबमा लुलो बन्ने प्रवृत्तिबाट नेतृत्व मुक्त हुन सके जनताको निर्णायक आन्दोलनले सफलता प्राप्त गर्ने दिन टाढा छैन ।

■

# दल-माओवादी समझदारीपछिका केही सन्दर्भहरू

**’ कोमल भट्टराई**

दल माओवादी समझदारी भएको करिब डेढ महिना बितेको छ । वर्तमान आन्दोलनमा भएको यो ऐतिहासिक घटनाक्रम हो । यस घटनाले निरङ्कुश राजतन्त्रवादी र आतङ्कवादी पक्षधर दृश्यमा रहेका र अदृश्य रूपमा विभिन्न भेषमा कार्यरत शक्ति र व्यक्तिहरूबाहेक अन्य राजनीतिक तथा गैरराजनीतिक शक्ति तथा व्यक्तिहरूका साथै आमजनताबाट ‘अनुमोदन’ पाइसकेको छ । यस समझदारीको अन्तर्राष्ट्रिय शक्तिहरूबाट समेत स्वागत भएको छ । यसै समझदारीलाई आधार मान्दै नेपालको वर्तमान द्वन्द्वलाई रूपान्तरण गर्न सकिनेमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्तिहरू एकमतमा आइसकेका छन् । यसकारण नै माओवादी र सात दलबीचको १२ बुँदे समझदारी छोटो समयमा नै ऐतिहासिक महत्त्वका रूपमा स्थापित भएको हो । तैपनि, यसको सफलताबारे ढुक्क हुने वातावरण बनिसकेको छैन । यसो हुनुमा हालसम्म पनि यस समझदारीमा रहेका असमझदारीका बुँदाहरूमा स्पष्टता आउन नसक्नु नै हो । स्पष्टता नआउनुमा दलहरूको रणनीतिक लक्ष्य त जिम्मेवार छँदैछ, त्यसबाहेक दलहरूभित्र दरबारिया शक्तिको परोक्ष हस्तक्षेप तथा दलभित्रको शक्ति-सङ्घर्षले पनि भूमिका खेलिरहेको कुरा कुनै कुनै दल र मोर्चाको फूट र विवादले स्पष्ट गरिरहेको छ । यसकारण प्रमुख दल, दलका कार्यकर्ताहरू र जनताको दबाबका कारण दल र माओवादीबीचको असमझदारीहरूबारे आ-आफ्नो पक्षबाट स्पष्ट गर्नुपर्ने बेला भएको छ । यसका साथै, सो समझदारीमा र त्यसपछिका सम्भावित कार्ययोजनामा जनता कसरी संलग्न र सोबाट लाभग्राही हुनसक्छन् भनी दलहरूले स्पष्ट गर्नुपर्ने माग बढ्दो छ ।

समझदारीभित्रका असमझदारीका बुँदाहरू

आन्दोलनका लागि उद्देश्यहरू, पूर्वानुमान, कार्यक्रम, नेतृत्व र सङ्गठन हरेकको पृथक र अन्तरसम्बन्धित भूमिका स्पष्ट हुनुपर्दछ । यी कुराहरूमा स्पष्ट हुनाले नै आन्दोलनको सञ्चालनमा सहजता हुनुका साथै सफलतामा पुग्न सकिन्छ भन्नेबारेमा राजनीतिक समुदायमा चर्चा हुने गर्दछ र दल-माओवादीबीचको समझदारीमा पनि यस्तै चर्चा हुने गरेको छ । ती चर्चाहरूलाई सन्दर्भमा राखेर तथा यो आन्दोलन मध्यम वर्गद्वारा चलाइएको आन्दोलन हो भन्ने आधारमा यो चर्चालाई अघि बढाइएको छ ।

दल-माओवादीद्वारा छुट्टाछुट्टै रूपमा प्रसारित समझदारीपत्रबीच १, २ र ३ बुँदाहरूबीच अस्पष्टता होइन, हालसम्म असमझदारी नै रहेको स्पष्ट छ । विभिन्न दलहरूको न्यूनतम समझदारीमा भिन्नभिन्न सवालहरूमा भिन्नभिन्न अडान, दृष्टिकोण हुनु नौलो होइन । तर, यस समझदारीमा परिकल्पना गरिएको सत्ता संरचना र शक्तिको साझेदारहरूका बीचमा भिन्नता भएको अर्थलाग्ने गरी सञ्चार भइरहेको छ । वक्तव्यमा ‘निरङ्कुश राजतन्त्र’ को अन्त र ‘पूर्ण लोकतन्त्र’ शब्दावलीमा राखिएको विशेषणलाई भिन्न अर्थमा बुझ्ने र बुझाउने गरिएको छ । यसकारण सात दलबीचमा नै ‘निरङ्कुश राजतन्त्रको अन्त’ र ‘पूर्ण लोकतन्त्र स्थापना’ को अर्थबारेमा स्पष्ट हुनुपर्दछ । र, यो कुरामा माओवादीसँग स्पष्ट समझदारी हुनुपर्छ तथा सबै ‘निरङ्कुश राजतन्त्र’ विरोधीले एकै भाषामा सञ्चार गर्नुपर्छ । ‘पूर्ण लोकतन्त्र’ को लक्ष्य हासिल गर्न ‘जनआन्दोलनको शक्ति

नै एक मात्र विकल्प हो' भन्ने पूर्वानुमान गर्नेका लागि कसैसँग मोलतोल हुनसक्ने गरी द्विअर्थी लाग्ने शब्दलाई स्पष्ट गरिनुपर्दछ ।

बुँदा नम्बर २ मा संविधानसभामा जाने बाटोका सम्बन्धमा व्यवस्था गरिएको छ। यस सम्बन्धमा 'संसद् पुन:स्थापनापश्चात्' बारे नेपाली काङ्ग्रेसको सोच र अन्यको सो भन्दा फरक धारणा रहिआएको छ । त्यसैले यस बुँदामा समझदारी नभएको हो तर अब सेनाको बलमा राजाले गराउने स्थानीय निर्वाचनले काङ्ग्रेसको त्यो सोचलाई विस्थापित गराइदिने अवस्था आउँछ । सात दलले स्थानीय निर्वाचनलाई हास्यास्पद बनाइदिनेसम्मको प्रयत्न गर्नु जरुरी त छ तर यो स्थानीय निर्वाचन प्राविधिक रूपले हुनसके पनि त्यो राजनीतिक रूपले महत्त्वहीन हुनेछ । जसरी जनमतसङ्ग्रहले वैधता पाएन, त्यसरी नै यसले वैधता पाउनै सक्दैन । यसकारण स्थानीय निर्वाचनले गर्दा 'माघ १९' को कदमले वैधता पाउँछ भन्ने सोच्नु र प्रचार गर्नु ठीक होइन। तर, राजाले स्थानीय निर्वाचनको नाटकपछि नयाँ संसद्को निर्वाचन गर्ने तर्कले संसद्को पुन:स्थापनाको मागलाई अर्थहीन भने बनाइदिन सक्दछ । त्यसो हुँदा पनि राजनीतिक सन्दर्भ सकारात्मकतातर्फ नै अघि बढ्छ । यसपछि मुलुकका राजनीतिक शक्तिहरूका लागि २ नम्बर बुँदाको दोस्रो अन्य दल र माओवादीसहितको अर्को विकल्पमा प्रवेश गर्नुपर्ने बाध्यता आँउछ । यसरी माघ २६ को स्थानीय निर्वाचनपछि सबै दलहरू र माओवादी संविधानसभामा पुग्ने बाटोको नजिकमा आइपुग्न सक्दछन् ।

समझदारीको ३ नम्बर बुँदाले नेपाली राजनीतिक शक्तिहरू र व्यक्तिहरूबारे तीव्र ध्रुवीकरण हुँदा कुन पङ्क्तिमा उभिन सक्ने रहेछन् भन्ने अनुमान गर्नसक्ने बनाइदिएको छ। यस बुँदामा उल्लेख गरिएको शाही सेना र माओवादी सेनाको व्यवस्थापनसँग रहेको अस्पष्टताले प्रतिगामी कित्तालाई फाइदा पुगेको सर्वविदितै छ। तैपनि, भरपर्दो मध्यस्थकर्ताबारे स्पष्ट परिभाषित हुनु जरुरी नै छ । खासगरी कम्युनिस्ट आन्दोलनको असली हकदार ठान्नेहरूले यस्ता किचलो उठाइरहेका छन् । यस कुरामा उनीहरूले सन् '५० को दशकमा भएको तेलाङ्गाना विद्रोहमा विद्रोहीले गरेको सेनाको निशस्त्रीकरण र विघटनको परिणामले के गरेको थियो, सो इतिहास पुन: अध्ययन गर्नु जरुरी छ ।

यी असमझदारीहरू समयक्रममा सल्ट्याइने वचनबद्धता समझारीकै बुँदाहरूमा उल्लेख नै छन् । आशा गरौं, समयले सबैलाई समझदारीमा ल्याउने नै छ ।

दल र माओवादीले गर्नुपर्ने समझदारी

दल र माओवादीको समझदारीपछि आन्दोलनले गति लिएको छ। तैपनि अझ पनि दल-माओवादीको देशमा रहेका विभिन्न शक्तिहरूसँग समझदारी देखा परेको छैन । संशय कायम छ । यस्तो संशय राजनीतिक शक्तिहरूका नेतृत्वबीच रहेको शक्तिसङ्घर्षका कारणदेखि राजनीतिक-रणनीतिक लक्ष्यमा रहेको भिन्नतासम्मका कारणले पनि रहेका हुन् । अब यी संशयहरू प्रतिगमनको एकोहोरो यात्रा र यस आन्दोलनमा सहभागी हुनआएका अरूखाले आन्दोलनको दबाबले पनि हट्नसक्ने सम्भावना छ। तैपनि, यस घडीमा दल-दलबीच, सात दल र विभिन्न आन्दोलन (जनजाति आन्दोलन, महिला आन्दोलन, दलित आन्दोलन) हरूबीच, सात दल-माओवादीबीच प्रमुख मुद्दाहरूमा आमसहमति बन्नुपर्ने भएको छ । एमाले र नेपाली काङ्ग्रेसको माओवादीसँग विविधि कारणहरूले कार्य-मोर्चा बन्न सक्दैन भन्ने राजनीतिक अर्थशास्त्रीय विश्लेषण निकै तीतो लाग्न सक्छ तर यो विश्लेषणको निष्कर्षकै आधारमा प्रतिगमनकारी नेतृत्वले अहिलेको देशभित्रको प्रतिगमनकारी कार्य जारी राखेको छ । यस विश्लेषणका आधारमा नै अन्तर्राष्ट्रिय क्षेत्रमा अन्योल कायम छ। यस तीतो सत्यताका आधारलाई आत्मसात गर्दै यो निष्कर्षलाई गलत सावित गराउन सात दलले हिम्मतका साथ र माओवादीसँग/लाई तुरुन्तै निष्कर्षमा पुग्नु/पुऱ्याउनु जरुरी छ । यो निष्कर्ष भनेको राज्यको चरित्र लोककल्याणकारीदेखि समावेशी लोकतन्त्रको अवधारणामा हुनुपर्दछ । गरिबले के पाउँछन् ? महिलाले के पाउँछन्, मधेसीले के पाउँछन् ? जनजातिको स्वायत्तताको अर्थ र प्राप्ति के हो ? दलितको मुक्तिको अर्थ के हो ? जस्ता मुद्दाहरू त छिनोफानो गर्न त समय लाग्ला नै तर दलहरूबीच छलफलको सुरुआत भएको कुरा जनताले थाहा पाउनु पर्दछ । हालको आन्दोलनले मुट्ठीभर नोकरशाही दलाल पुँजीवादीको राज्यमा रहेको पकड खोसेर कम्तीमा मध्यमवर्गको हातमा ल्याएपछि मात्र सकिन्छ भन्ने कुरा आन्दोलनका मुख्य दलहरूले आन्दालेनमा लागेका मध्यमवर्गका आन्दोलनहरूलाई भरोसा दिलाउन सक्नुपर्दछ। वामपन्थीहरूले भने गरिबको पक्षधरता भएको पुष्टि गर्नुपर्ने बेला यही हो। समाजवादीले लोककल्याणकारी हौं भन्ने पुष्टि गर्ने बेला पनि यही नै हो ।

समझदारीभित्रका समझदारीहरू

सात दल र माओवादीका समझदारीका अन्य बुँदाहरू समझदारी र उनीहरूका आ-आफ्ना स्वीकारोक्तिका बुँदाहरू हुन् । यी बुदाँहरूका बारेमा प्रशस्त टिप्पणी र सकारात्मक चर्चा भइसकेका छन् । यसकारण यहाँ चर्चा गर्नु आवश्यक ठानिएको छैन तर पनि माओवादीले आफूले गरेको सशस्त्र सङ्घर्षको औचित्यसम्बन्धी विगतको धारणामा हाल या पछि पनि कस्तो रहनेछ खुलस्त गराउनु पर्दछ र यसैगरी आगामी दिनमा सात दलका प्रमुखमध्ये खासगरी नेपाली काङ्ग्रेसले सुशासन र जनताको शासनमा सहभागी गराउने प्रतिबद्धता कस्तो हुने स्पष्ट गर्नु जरुरी छ ।

समझदारीपछि उठेका केही प्रश्नहरू

राजा कसरी सिंहासनमा आए, नेपालीले बिर्सेका छैनन् र यसैगरी काङ्ग्रेस र अन्य राजनीतिक दलहरूले जनताको अपेक्षालाई गरेको बेवास्तालाई पनि नेपालीले बिर्सिसकेका छैनन् । यसै परिवेशमा प्रतिगमनकारीले सेनाको बलमा आन्दोलनका आवाजलाई निस्तेज पार्नसक्ने दिवास्वप्न देखिरहेका छन्, स्थिति त्यस्तो छैन । आज राजनीतिक दललगायत अन्य खासगरी पत्रकार, कानुन र सहरिया मध्यमवर्गहरू मात्र होइन, जनताका हरेक भेला, चाडपर्व, मलाम र विवाहका भेलाहरूमा समेत शान्ति र अग्रगमनका लागि छलफल भइरहेका छन् । यी छलफलहरूमा अग्रगमनका बाधक दुई सय ३७ वर्षदेखि सत्तासीन वर्गहरूको पहिचान गर्दै हालको द्वन्द्वको कारक तत्त्वहरू र यस द्वन्द्वको शान्तिपूर्ण रूपान्तरणमा बाधक रहेको निष्कर्ष निस्कने

गरेका छन् । यसकारण विगतका शासक र शासकवर्गको मूल्याङ्कन गर्नुपर्ने होइन र ? सात दल र माओवादीले यसबारे एकमतमा आउनुपर्दछ ।

यस आन्दोलनलाई मुख्यतः मध्यमवर्गको आन्दोलन हो भन्नका लागि यसमा उनीहरूको सहभागिताका कारणले मात्र होइन, अन्य तह र वर्गका आन्दोलनका जनताको असंलग्नता पनि कारण हो । किन औद्योगिक मजदुरहरू आन्दोलनमा आएका छैनन् या ल्याइएका छैनन् ? भर्खरैको होटल मजदुरहरूको आन्दोलन लोकतन्त्रको आन्दोलनमा संयोजन हुन किन आएन ? मुक्त कमैयाको आन्दोलन किन लोकतन्त्रको आन्दोलनमा सामेल हुन सकेन ? यो खासगरी वाम दलले सोच्ने बेला भएन र !

हालको आन्दोलनमा खासगरी राजनीतिक संस्थाहरूको सत्ता बाँडफाँटबारे बढी चर्चा हुने गरेको छ । यसमा दलित, जनजाति, महिलाका मुद्दाहरू यदाकदा देखा परे पनि यी मुद्दाहरूले सहरिया मध्यम वर्गको नेतृत्वमा रहेको गैरसरकारी सङ्घसंस्थाको इर्दगिर्द मात्र किन फनफनी नाचिरहेको छ र राजनीतिक दलभित्र यथोचित र सिलसिलेवार रूपले चर्चा हुने गरेका छैनन् । किन ?

नागरिक समाजले गरेका चर्चाहरू पनि राजनीतिक संस्थाहरूका वरिपरि कार्यकारिणी, विधायिकी, दलहरू र निर्वाचन प्रणालीमा नै बढी केन्द्रित हुने गरेका छन् । यी चर्चाहरू जनताका लागि भनिए पनि आवाजविहीन आमजनता तथा उनीहरूका आकाङ्क्षा र मागहरू, उनीहरूका समस्याहरूलाई संयोजन गर्ने तथा सम्बोधन गर्नसक्ने प्रक्रियाविधिका बारेमा विषय-प्रवेश हुन सकेको छैन । संविधानसभा यसको अचुक माध्यम हुनसक्ने गरी सञ्चार भएको छ । नोकरशाही दलाल पुँजीपति शासकवर्गको हातबाट सत्ता खोस्न यसले सके पनि सो सत्ता कसको हातमा पुग्छ ? यस प्रश्नको उत्तर वामशक्तिले आमजनतालाई स्पष्ट गर्नुपर्दछ ।

■

# को-को खटिए उत्प्रेरक ?

काठमाडौँ । नेकपा (एमाले) ले डेढ महिनाका लागि जिल्ला-जिल्लामा उत्प्रेरकहरू खटाएको छ, जसले निर्वाचन बहिष्कारका निम्ति पार्टीपङ्क्तिको नेतृत्व, समन्वय र परिचालन गर्नुपर्ने जिम्मेवारी तोकिएको छ । यसरी खटाइएका उत्प्रेरकहरू निम्नअनुसार रहनुभएको छ :

ताप्लेजुङ नरेश खरेल, पाँचथर मनकुमार गौतम, इलाम युवराज कार्की, झापा, घनेन्द्र बस्नेत, गुरु बराल, देवराज घिमिरे, विशेश्वरा दाहाल, देवी बराल, सङ्खुवासभा राजेन्द्र गौतम, तेह्रथुम विजय सुब्बा, भोजपुर हेमराज राई, जयन्ती राई, धनकुटा रकम चेमजोङ, गोपाल गुरागाईं, सुनसरी अशोक राई, लालबाबु पण्डित, हर्कमान तामाङ, मोरङ भीम आचार्य, यशोदा अधिकारी, ओखलढुङ्गा दीपबहादुर श्रेष्ठ, राजेन्द्र राई, सोलुखुम्बु ज्याङ्बोदोर्जे शेर्पा, खोटाङ प्रेम दङ्गाल, उदयपुर सुरेश कार्की, सिरहा धर्मनाथ यादव, विष्णु राउत, जया घिमिरे, रामप्रीत पासवान, सप्तरी सुमन प्याकुरेल, धनुषा रामचन्द्र झा, योगेन्द्र साह, महोत्तरी रत्नेश्वर गोइत, सर्लाही महेन्द्रराय यादव, सिन्धुली शङ्करनाथ शर्मा, गोमा देवकोटा, कल्पना रिजाल, रामेछाप अजम्बर काङ्गमाङ, दोलखा पशुपति चौलागाई, सिन्धुपाल्चोक अरूण नेपाल, काभ्रेपलाञ्चोक सुरेन्द्र पाण्डे, केपी सापकोटा, विन्दा पाण्डे, नुवाकोट महेन्द्र पाण्डे, रसुवा रवीन्द्र अधिकारी (युवासङ्घ), धादिङ गङ्गालाल तुलाधर, काठमाडौँ ईश्वर पोखरेल, कृष्णगोपाल श्रेष्ठ, अष्टलक्ष्मी शाक्य, गोपाल शाक्य, विद्या भण्डारी, योगेश भट्टराई, भक्तपुर राजेन्द्र श्रेष्ठ, प्रमेश हमाल, भानुभक्त ढकाल, मीरा ध्वजू, ललितपुर रघुजी पन्त, सिद्धिलाल सिंह, विष्णु रिमाल, सुशीला, नेपाल, गोपाल थपलिया, रौतहट नागेन्द्र चौधरी, डा.वंशीधर मिश्र, बारा पुरुषोत्तम पौडेल, पर्सा रणध्वज कन्दङ्वा, उर्मिला अर्याल, मकवानपुर अनन्त पौडेल, डोरमणि पौडेल, वीरबहादुर लामा, चितवन केदार न्यौपाने, सीता पौडेल, देवी ज्ञवाली, विष्णु घिमिरे, बाग्लुङ रामजी शर्मा, ऋषिराम शर्मा, म्याग्दी नवराज शर्मा, थममाया थापा, पर्वत किरण गुरुङ, मुस्ताङ श्रीमाया थकाली, मनाङ भीम कार्की, गोरखा नरबहादुर खाँड, ओजराज भट्टराई, तनहुँ पृथ्वीसुब्बा गुरुङ, मुक्ति खनाल, लमजुङ तुलबहादुर गुरुङ, कास्की त्रिलोचन ढकाल, सीता गिरी, स्याङ्जा खगराज अधिकारी, शेषमणि आचार्य, अर्घाखाँची नेत्र पन्थी, गुल्मी गोकर्ण विष्ट, पाल्पा धनेन्द्रराज घिमिरे, नवलपरासी प्रदीप ज्ञवाली, शान्ता मानवी, रूपन्देही रामनाथ ढकाल, कपिलवस्तु राधा ज्ञवाली, वेदुराम भुसाल, नजीर मियाँ, दाङ प्रकाश ज्वाला, सुष्मा शर्मा, मेनका पोखरेल, शालिकराम भण्डारी, प्यूठान छविलाल ओली, सल्यान डीवी कार्की, रुकुम धर्मदत्त देवकोटा, रोल्पा बलराम बाँस्कोटा, बाँके गोविन्द कोइराला, बद्री कोइराला, बर्दिया गोविन्द ज्ञवाली, लक्ष्मण ज्ञवाली, गौरा कोइराला, सुर्खेत शङ्कर पोखरेल, जाजरकोट रङ्गनाथ जोशी, दैलेख विजय पौडेल, हुम्ला गोरख बोगटी, जुम्ला डिल्लीबहादुर महत, मुगु चन्द्रबहादुर शाही, कालीकोट रामचन्द्र अधिकारी, डोल्पा कृष्णप्रसाद भट्टराई, कैलाली भीम रावल, मोहनसिंह राठौर, डोटी दिनेश सुवेदी, नवराज जोशी, अछाम प्रेमबहादुर कुँवर, बझाङ भानुभक्त जैसी, बाजुरा शारदा सुवेदी, दार्चुला भोजराज जोशी, बैतडी गोविन्द कलौनी, डडेलधुरा रामकुमार ज्ञवाली, कञ्चनपुर उर्वादत्त पन्त, लालबहादुर विश्वकर्मा ।

# विराट मानवसागर र यसको राजनीतिक सन्देश

' राजेन्द्र गौतम

औ द्योगिक नगरी विराटनगरमा पुस २ गते मानवसागर पोखियो । नेकपा (एमाले) द्वारा देशव्यापी रूपमा सञ्चालित लोकतान्त्रिक जागरण अभियानको समापनका क्रममा आयोजित बृहत् ऱ्याली तथा जनसभामा उपस्थित मानिसहरूको भेलले विराटनगरमा नयाँ राजनीतिक तापमान थपेको छ ।

सडकभरि जुलुसै जुलुस ! मानिसहरूको भीडले जुलुसलाई नियन्त्रण गर्ने अवस्था पनि थिएन । विराटनगरका सडकमा पोखिएको मानव भेललाई देखेर स्थानीय सहरवासीहरूसमेत प्रभावित भए, जीवनमा कहिल्यै पनि नारा-जुलुसमा नहिँडेका व्यक्तिहरू पनि सामेल भए । सहरको कुनै चोक-गल्ली थिएन, जहाँ जुलुस नहोस् । सहरमा साइकिल चलेनन्, रिक्सा चलेनन्, गाडी चलेनन् ।

पुस २ गते लोकतन्त्रका निम्ति विराटनगरमा उर्लिएको मानवसागरलाई मिनी जनमतसङ्ग्रहका रूपमा हेरिएको छ । यसले नेपाली जनता लोकतन्त्रका पक्षमा, सामाजिक परिवर्तनका पक्षमा, पार्टीहरूका पक्षमा छन् । मुलुकमा राजनीतिक समस्या समाधान गर्न पार्टीहरू सक्षम छन् र नेकपा (एमाले) जनसमर्थनका हिसाबले सबभन्दा ठूलो पार्टी हो भन्ने सन्देश दिएको छ ।

नेकपा (एमाले) केन्द्रीय कमिटीको निर्णय र कार्ययोजनाका साथ देशव्यापी रूपमा सञ्चालित लोकतान्त्रिक जागरण अभियान जिल्ला सचिव, अञ्चल सचिव, केकसहरूसमेतको संलग्नतामा कात्तिकको अन्तिम साता काठमाडौँमा एक भेला गरी समापन गरिए पनि त्यस अभियानलाई पूर्वाञ्चल क्षेत्रीय समन्वय कमिटी र कोसी अञ्चल समन्वय कमिटीले मङ्सिर महिनाभरि जारी राख्ने फैसला गरेको थियो । यही फैसलालाई शिरमा राखेर मङ्सिर एक महिना पुनः गाउँजागरण अभियान सञ्चालन गर्दै लोकतान्त्रिक जागरण अभियानलाई वडा तथा टोलस्तरमा पुऱ्याउने काम भए । त्यसको समापन एउटा बृहत् ऱ्याली तथा जनसभाका साथ पुस २ गते विराटनगरमा गर्ने पूर्वनिर्धारित कार्यक्रमका साथ केन्द्रीय उत्प्रेरकहरू, केन्द्रीय सदस्यहरू, अञ्चल र जिल्ला नेताहरू अभियानका सिलसिलामा गाउँ पसे । जिल्लाबाट समेत अञ्चलस्तरीय योजना र निर्देशनअनुसार हरेक गाउँमा एकदेखि तीनजनासम्म उत्प्रेरकहरू तोकिए, हरेक उत्प्रेरकले गाउँमा गएर गर्नुपर्ने कामहरूको कार्यसूचीसमेत तोकिएर पठाइयो ।

वर्षौंदेखि नबसेका गाउँ/इलाकाहरूका बैठक तथा भेला गर्दै कार्यकर्तालाई निरङ्कुश राजतन्त्रविरुद्ध लडाइँलाई तेज गर्न पहिलोपटक राजनीतिक तथा वैचारिक क्षेत्रको कामलाई अगाडि बढाइयो । यसपटक साँचो अर्थमा केन्द्र, अञ्चल र जिल्ला नेतालाई पार्टी कार्यकर्ता तथा जनताले गाउँमा भेटे । तीता-मीठा, सवाल-जवाफ आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अगाडि बढाउने फैसला गरेपछि यो फैसलाले सिङ्गो पार्टी तथा पार्टीका समर्थक, शुभचिन्तकलाई मात्र होइन, सिङ्गो मुलुक र मुलुकमा क्रियाशील राजनीतिक दलका निर्णयसमेत प्रभावित भए, एमालेले राजनीतिक तथा वैचारिक रूपमा मुलुकलाई नेतृत्व गऱ्यो । यो कामको प्रारम्भ आठौँ केन्द्रीय कमिटीबाट भए पनि नवौँ केन्द्रीय कमिटीको बैठकले त्यसलाई पूर्णता प्रदान गऱ्यो ।

आज मुलुक एमालेको यही निर्णयको अघिपछि हिँडिरहेको छ । काङ्ग्रेस महाधिवेशनबाट औपचारिक रूपमा संवैधानिक राजतन्त्रलाई हटाउनु, माओवादीको प्लेनमबाट संसद्वादी राजनीतिक दलसँग सहकार्यको आवश्यकता महसुस गर्नु, मानवअधिकारलाई स्वीकार गर्नुजस्ता निर्णय यसैको निरन्तरता मात्र हो । यी निर्णयपछि अहिले मुलुकमा प्रतिगमन र अग्रगमन, युद्ध र शान्ति, निरङ्कुशता र लोकतन्त्रका बीचमा भीषण द्वन्द्व जारी छ । सिङ्गो मुलुक निरङ्कुशता पक्षधर र लोकतन्त्र पक्षधरका बीचमा विभाजित भयो । सुतेकाहरू ब्यूँझिएँ, ब्यूँझिएका उठे, उठेका दगुरे । यसरी एमाले समग्रमा ब्यूँझ्यो । तर, २० प्रतिशत एमाले अझै ब्यूँझेको छैन । अब पनि नब्यूँझेको एमालेको चैं यसै हो भन्न सकिन्न । यसक्रममा कोसी अञ्चल मातहतका सबै जिल्ला कमिटीको सक्रियता र पहलकदमीमा सबै गाउँ (इलाका/क्षेत्रमा भेला, बैठक, प्रशिक्षण) पैदलयात्रा, साइकिल ऱ्याली, घरदैलो कार्यक्रम (पुस २ लाई जन देऊ, जन लान धन देऊ) पर्चा वितरण, पोस्टरिङ्, वालपेन्टिङ् आदिका काम भए । यसले पार्टीपङ्क्ति र जनतामा रहेको अन्योल र भ्रम चिर्ने काम भयो । यसबीचमा पार्टीका केही गाउँ अधिवेशनहरूसमेत भएका छन् । यसले पार्टी कामका निम्ति नयाँ ऊर्जा थपेको छ । नयाँ सम्भावनाहरू खोलेको छ । धर्ती जोतिएको छ, अब जोतिएको धर्तीमा फूल-विरुवा लगाउनु परेको छ । अर्थात्, राजनीतिक, वैचारिक अभियान भएका छन् । त्यसलाई व्यवस्थित गर्न अब सबै पार्टी गाउँ अधिवेशन, इलाका अधिवेशन र नगरका वार्ड अधिवेशन गर्दै पार्टीलाई साङ्गठनिक हिसाबले अझ दुरुस्त गर्नुपर्छ ।

विराट ऱ्यालीको तयारी कस्तो थियो, के पाइयो ?

नेकपा (एमाले) पूर्वाञ्चल क्षेत्रीय समन्वय कमिटीको आयोजना तथा कोसी अञ्चल समन्वय कमिटीको प्रमुख व्यवस्थापनमा सम्पन्न उक्त ऱ्याली तथा जनसभालाई व्यवस्थित गर्न विराटनगर उपमहानगरपालिकालाई मुख्य रूपमा सातवटा केन्द्रमा विभाजित गरिएको थियो । अन्य धेरै उपकेन्द्रहरू थिए । त्यसको यहाँ चर्चा गर्न सकिन्न । पुस २ गतेको दिनलाई

ध्यानमा राखेर बरगाछी चोकबाट सुरेश कार्की, राजेन्द्र गौतम, पानीटङ्कीबाट घनेन्द्र बस्नेत, हाटखोलाबाट गुरु बराल, जनआन्दोलन चोक (महेन्द्र चोक) बाट महासचिव माधवकुमार नेपाल, केपी ओली, झलनाथ खनाल, भरतमोहन अधिकारी र भीम आचार्य, बसपार्कबाट हर्कमान तामाङ र अन्य ठाउँका केन्द्रहरूमा जिल्ला नेताहरूको अगुवाइ रहेको थियो । यसरी दिनको ठीक १२:३० बजे सात केन्द्रबाट एउटै समयमा जुलुस प्रारम्भ भयो । जुलुस निर्धारित बाटोबाट अगाडि बढ्यो र जनसभामा परिणत भयो । मूल रूपमा कोसीको मोरङ, सुनसरी, धनकुटा, सगरमाथाका सप्तरी, सिरहा, उदयपुर र मेचीका झापा त्यसमा सहभागी भएका थिए ।

उक्त र्‍याली तथा जुलुसमा साढे ९५ हजार मतदाता सङ्ख्या रहेको विराटनगर उपमहानगरपालिका बाहेक छ सय ३१ वटा बस, ५० वटा ट्रक, ५२ वटा ट्र्याक्टर, पाँच सय मोटरसाइकल, पाँच हजार साइकलहरू प्रयोग भएका थिए । यो र्‍याली तथा जनसभामा एक लाख २५ हजार सक्रिय सहभागी र अरू ७५ हजार अप्रत्यक्ष सहभागी भई करिब दुई लाख मानिस परिचालित भएका छन् । यदि सरकारले नरोकेको भए र सवारीसाधन पुर्‍याउन सकेको भए यो जनसभा तथा र्‍यालीको आकलन गर्न पनि सकिने थिएन । प्रचारका क्रममा युवाहरूको एप्रोनसहितको युथमार्च, प्रभातफेरी, पीभीको मार्चपास, निरङ्कुशतन्त्र ढल्दैछ- सडक नाटक र स्थानीयस्तरमा रचना गरिएका लोकतान्त्रिक जागरण गीतहरूको प्रस्तुत, थारु महिलाहरूको घडा जुलुस र झाँगड र साताहरूको झाँकीजस्ता अभियानमा सामेल यी गतिविधि हेर्दा विराटनगर पुस २ गतेअगाडि नै निकै तातिसकेको थियो । पुसको कठ्याङ्ग्रिदो चिसो मौसम भए पनि विराटनगरको राजनीतिक तापक्रम भने निकै तातेको थियो, जुन पुस २ गते छताछुल्ल भएर जमिनमा पोखियो ।

यसको राजनीतिक सन्देश

विराटनगरमा आयोजित यही पुस २ गतेको नेपालकै इतिहासमा सबैभन्दा ठूलो र्‍याली तथा जनसभाले नेपाली जनता निरङ्कुश राजतन्त्रका विरुद्ध र लोकतन्त्रका पक्षमा छन् भन्ने कुरालाई पुनः पुष्टि गरेको छ । जनता निरङ्कुशता चाहन्नन् । जनअधिकार रक्षाका निम्ति सङ्गठित ढङ्गले लड्न तयार छन् । अब मुलुकको राजनीति निरङ्कुश राजतन्त्रका सम्पूर्ण अवशेषहरूलाई समाप्त गरेर संविधानसभाको निर्वाचन गरी नयाँ संविधान निर्माण गरेर अगाडि बढ्नुपर्छ । यसले मुलुकको द्वन्द्वको सही व्यवस्थापन गर्न सक्दछ भन्ने सन्देश दिएको छ । वास्तवमा जनता राजाका पक्षमा छन् कि राजनीतिक दलका पक्षमा छन् भन्ने कुराको पुनःपुष्टि हुन्- यी र्‍याली र जनसभाहरू ।

जनताको यही सङ्गठित शक्तिको बलमा निरङ्कुश राजतन्त्रको सम्पूर्ण समाप्ति र पूर्ण प्रजातन्त्रको स्थापनाका लागि विद्यमान निरङ्कुश राजतन्त्रलाई समाप्त पार्न निरङ्कुशता उत्पन्न हुने सबै आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक आधार समाप्त पार्ने र प्रजातन्त्रको संरचनागत र प्रक्रियागत परिवर्तन गर्ने गरी समावेशी र लोकतान्त्रिक परिवर्तनको आधार तयार गर्न निर्देश गरेको छ । अब जनतालाई पूर्ण रूपमा सार्वभौमसत्ता सम्पन्न नबनाई राजशक्ति, राजकीयसत्ता र शासनाधिकार जनताको हातमा ग्यारेन्टी नगरी आन्दोलन रोक्नुहुन्न भन्ने सन्देश विराटनगरले दिएको छ । अर्को कुरा, पार्टीका पछि जनता छन् । मुलुकको राजनीतिक द्वन्द्व समाधान गर्न पार्टी सक्षम छन् । नेकपा (एमाले) जनसमर्थनका हिसाबले सबभन्दा ठूलो पार्टी हो भन्ने सन्देश विराटनगरमा आयोजित यो विराट मानवसागरले दिएको छ । यसलाई सबै राजनीतिक दलका नेता तथा कार्यकर्ताहरूले बुझ्नुपर्छ । त्यति मात्र होइन, यसले माओवादीहरूलाई लोकतान्त्रिक रूपान्तरण गर्न बाध्य पार्नेछ । राजनीतिक दलको सत्तामोहलाई तोडेको छ र जनतासँगको सहकार्यलाई अगाडि बढाएको छ । यसले गर्दा राजनीतिक दलले उठाउने गरेका राजनीतिक एजेन्डालाई अरू क्रान्तिकारीकरण गरेको छ । नेपाली जनता र राजतन्त्रबीचको टकरावलाई अझ आमनेसामने बनाएको छ । र, मुलुकमा निरङ्कुश राजतन्त्र पक्षधर र लोकतन्त्र पक्षधरका बीचमा ध्रुवीकृत गरेको छ । यो जनसभा र र्‍यालीको अन्तरवस्तु यही नै हो ।

■

# मार्क्सवादसम्बन्धी संक्षिप्त प्रश्नोत्तर

गोपीरमण उपाध्याय

० जनताको बहुदलीय जनवाद मार्क्सवादी सिद्धान्तसङ्गत छ भन्ने कुराको के प्रमाण छ ?

- पहिलो कुरा त मार्क्स र एङ्गेल्सले सर्वहारा वर्गको राज्यसत्ता एकदलीय नै हुनुपर्दछ भन्ने कुरा कहीँ पनि उल्लेख गर्नुभएको छैन । जहाँसम्म सर्वहारा श्रमजीवी वर्गको नेतृत्वमा क्रान्ति सम्पन्न भएपछि कायम गर्ने राजनीतिक स्थितिको सवाल हो, त्यस सम्बन्धमा हाम्रो देशको सन्दर्भमा कम्युनिस्ट पार्टीको नेतृत्वमा सामन्तवाद नोकरशाही दलाल पुँजीवाद, साम्राज्यवाद र प्रभुत्ववादका विरुद्ध नयाँ खालको पुँजीवादी क्रान्ति सम्पन्न गरेपछि क्रान्तिका सहयोगी शक्तिहरूलाई राजनीतिक क्षेत्रमा दिइने प्रतिस्पर्धाको सवाल हो । कम्युनिस्ट पार्टीले राजनीतिक-सामाजिक क्रान्तिमा अन्य वर्गको सहयोग त लिने तर क्रान्ति सम्पन्न भएपछि तिमीहरूलाई कुनै राजनीतिक अधिकार दिन्नौं भन्न मिल्दैन । त्यसैकारण जनताको बहुदलीय जनवाद भनेको नेपालमा नयाँखालको पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गरेपछि कायम गरिने राजनीतिक कार्यक्रमको सैद्धान्तिक अवधारणा हो । नेपालका सन्दर्भमा यो मार्क्सवादको सिर्जनात्मक प्रयोग हो ।

० जनताको बहुदलीय जनवादको मार्क्सवादी सैद्धान्तिक भण्डारमा थप योगदान कसरी छ ?

- नेपाली क्रान्तिको व्यवहारमा विकसित सिद्धान्त जनताको बहुदलीय जनवादको नेपाली कम्युनिस्ट आन्दोलनमा दूरगामी प्रभाव रहेको छ । हरेक देशका कम्युनिस्ट पार्टीले आफ्नो देशमा मार्क्सवादको सिर्जनात्मक प्रयोग गर्दै त्यसको सैद्धान्तिक भण्डारमा थप योगदान गर्दै आएका छन् । रुसमा लेनिनवादका रूपमा स्थापित भयो र यसले मार्क्सवादको सैद्धान्तिक भण्डारमा ठूलो योगदान गर्‍यो । त्यसैगरी चिनियाँ परिस्थिति माओ विचारका रूपमा र कोरियामा जुछे विचारधारा मानियो । त्यसैगरी

विभिन्न देशको विभिन्न परिस्थितिमा मार्क्सवादको सैद्धान्तिक मार्गदर्शन प्राप्त भएका विभिन्न अनुभवहरूले यसको सैद्धान्तिक भण्डारमा योगदान पुऱ्याएकै छन्। त्यसैगरी नेपाली कम्युनिस्ट आन्दोलनका सन्दर्भमा मार्क्सवादको सिर्जनात्मक प्रयोगका रूपमा जनताको बहुदलीय जनवाद देखापरेको छ। यसले पनि मार्क्सवादको सैद्धान्तिक भण्डारमा थप योगदान पुऱ्याएको छ। जनताको बहुदलीय जनवाद नेपाली कम्युनिस्ट आन्दोलनको महान् परम्परा राष्ट्रियता, जनतन्त्र र जनजीविकाको एकीकृत तथा समष्टिगत आन्दोलनको परम्पराको मूर्त रूप हो। त्यसैले मार्क्सवादको सैद्धान्तिक भण्डारमा थप योगदान पनि हो।

० कार्ल मार्क्सका बारेमा दुई-चार कुरा भन्न सकिन्छ कि ?

- कार्ल मार्क्स द्वन्द्वात्मक ऐतिहासिक भौतिकवाद, राजनीतिक अर्थशास्त्र तथा वैज्ञानिक समाजवादका प्रवर्तक तथा अन्तर्राष्ट्रिय सर्वहारा वर्गका महान् नेता तथा गुरु हुनुहुन्थ्यो। उहाँको जन्म जर्मनीको ट्रियेर नगरमा सन् १८१८ मा भएको थियो। सन् १८४१ मा 'डेमोक्रेट्सको प्राकृतिक दर्शन र एपीक्यूरसको प्राकृतिक दर्शनमा अन्तर' भन्ने विषयमा विद्यावारिधिको उपाधि प्राप्त गर्नुभयो। मार्क्सको विश्व दृष्टिकोणको प्रस्थानविन्दु भनेको हेगेलको द्वन्द्ववादी सिद्धान्त र लुडविग फायरवाखको भौतिकवादी दर्शन थियो। सन् १८४४ मा उहाँको विचार शृङ्खला पूरा रूपमा सर्वहारा वर्गका पक्षमा केन्द्रित भयो। सोही वर्ष उहाँले 'आर्थिक तथा दार्शनिक पाण्डुलिपि' लेख्नुभयो। सन् १८४४ मा उहाँको सम्पर्क एङ्गेल्ससँग भयो। सन् १८४५ मा पवित्र परिवार र फायरवाखमाथि निबन्ध, सन् १८४६ मा जर्मन विचारधारा, सन् १८४७ मा पिँयरेप्रुँधोको 'दरिद्रहरूको दर्शन' का विरुद्ध 'दर्शनको दरिद्रता' नामक रचना प्रकाशित गर्नुभयो।

सन् १८४७ मा स्थापित कम्युनिस्ट लिगको घोषणापत्रका रूपमा सन् १८४८ मा 'अन्तर्राष्ट्रिय कम्युनिस्ट घोषणापत्र' प्रकाशित भयो, जुन दस्तावेज विश्व सर्वहारा वर्गको महान् दस्तावेजका रूपमा प्रस्तुत भयो। एक सय ५० वर्षपछि पनि त्यसको प्रासङ्गिकतामा कुनै परिवर्तन भएको छैन। केही वर्ष *राइनिस जेइटुङ* नामक अखबारको प्रधान-सम्पादक भएर काम गर्नुभयो। सन् १८४९ मा जर्मन सरकारले उहाँलाई जर्मनीबाट निष्कासित गरेको हुँदा लन्डनमा स्थायी रूपले निवास गर्न थाल्नुभयो। सन् १८६४ मा प्रथम इन्टरनेसनलको स्थापना गर्नुभयो। सन् १८७१ को पेरिस कम्युनको सङ्घर्षपछि *फ्रान्समा गृहयुद्ध* नामक रचना प्रकाशित गर्नुभयो, जसमा सर्वहारा वर्गले बनीबनाऊ राज्यसत्ताबाट आफ्ना लक्ष्य र उद्देश्यहरू प्राप्त गर्न सक्दैनन् भन्ने निष्कर्षका साथ सर्वहारा वर्गले आफ्नै राज्यसत्ता कायम गर्नुपर्ने बताउनुभयो। सन् १८६७ मा *पुँजी*को प्रथम खण्डको रचना गर्नुभयो। यो रचना राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको आधारशीला थियो। सन् १८८३ मा उहाँको निधन भयो। त्यसपछि एङ्गेल्सले उहाँले रचना गर्नुभएको *पुँजी*को द्वितीय खण्ड सन् १९८५ मा, तृतीय खण्ड सन् १८९४ मा प्रकाशित गर्नुभयो। उहाँको विवाह जेनी मार्क्ससँग भएको थियो। उहाँले जस्तोसुकै कठिन परिस्थितिमा पनि सर्वहारा श्रमजीवी वर्गको सङ्घर्षलाई पूर्ण रूपले सघाउनुभयो।

# संयुक्त जनआन्दोलन : अवसर र चुनौती

' आनन्द पोखरेल

आन्दोलनको इतिहास हेर्दा आजसम्म नेपाली जनताको प्रजातान्त्रिक हक-अधिकार हनन गर्ने शक्ति राजतन्त्र नै हो भन्ने पुष्टि भइसकेको छ, त्यसैले राजतन्त्रसँग पटकपटक धोका खाएका प्रजातान्त्रिक शक्तिहरूले राजारहित प्रजातन्त्रका लागि आन्दोलनको नेतृत्व गर्न सक्ने कि नसक्ने ? व्यक्ति राष्ट्रिय एकताको प्रतीक र प्रजातन्त्रको पहरेदार हुन्छ भन्ने सामन्ती मानसिकताबाट मुक्त हुन सक्ने कि नसक्ने ? जनता नै राष्ट्रिय एकताका प्रतीक र प्रजातन्त्रको सच्चा पहरेदार हुन् भन्ने मान्यतामा विश्वास गरी लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न संयुक्त जनआन्दोलनको नेतृत्व गर्ने कि नगर्ने ? जस्ता विषयमा नेपाली जनताले प्रजातन्त्रवादी राजनीतिक शक्ति विशेषतः सात दलसँग प्रश्न गरिरहेका छन्।

नेपालका लोकतान्त्रिक आन्दोलनका नेतृत्वदायी राजनीतिक शक्तिहरूले जनताका चाहना र आकाङ्क्षाको प्रतिनिधित्व गर्नु पर्दछ। राजनीतिक दलहरूले अब विगतका कमीको समीक्षा गरेर विश्वासिलो वातावरण बनाई परिवर्तनकारी जनतालाई गोलबन्द गरी लोकतान्त्रिक गणतन्त्रको दिशामा संयुक्त जनआन्दोलनको नेतृत्व गर्न सक्नु पर्दछ। राजनीतिक शक्तिले जनताले दिएका चुनौतीलाई स्वीकार गर्दै आन्दोलनको नेता हुने ताकत राख्नुपर्दछ। १९ माघ २०६१ मा राजाले निर्वाचित सर्वदलीय सहमतिको सरकार विघटन गरी आफ्नो प्रत्यक्ष नेतृत्वमा प्रजातन्त्रको हत्या गरेपछि निरङ्कुश राजतन्त्र नेपाली जनताको प्रमुख अन्तरविरोध बनेको छ। नेपाली जनताको नजरमा प्रजातन्त्रको प्रमुख शत्रु राजतन्त्र नै हो भन्ने भावना जागृत भइसकेको छ। निरङ्कुश राजतन्त्रको अन्त्य नै पूर्ण प्रजातन्त्र प्राप्तिको मूलबाटो हो।

वैचारिक ढङ्गबाट विश्लेषण गर्दा नेपाली समाज सामन्तवादी, पुँजीवादी र समाजवादी तीनै धारमा विभाजित छ। यी तीनै धारको प्रतिनिधित्व गर्ने राजनीतिक शक्तिहरूले आफ्नो वर्ग स्वार्थअनुसार आन्दोलन गरिरहेका छन्। समस्याको विश्लेषण र समस्या समाधानको सवालमा सबै राजनीतिक शक्तिबीच मतैक्यता छैन। अन्तरपार्टी मतभेदसमेत प्रकट रूपमा देखा परिरहेको अवस्थामा

कसरी संयुक्त मोर्चा कायम गरी आन्दोलनलाई एकीकृत गर्ने र लोकतान्त्रिक गणतन्त्र प्राप्ति गर्ने भन्ने चुनौती विशेषतः सात दलसँग छ ।

पहिलो, अब बिनाद्विविधा भन्न सकिन्छ, नेपाली समाजको प्रमुख अन्तरविरोध राजासँग छ । प्रजातन्त्रको प्रमुख शत्रु र बाधक पनि राजतन्त्र नै हो । त्यसैले नेपाली राजनीतिक शक्तिहरूले ठोस स्थितिको ठोस विश्लेषण गरी सामन्तवाद टिकी राख्ने आधारभूत र तत्कालीन कारण खोजी कम्तीमा निरङ्कुशतन्त्रको समूल नष्ट गरेर गणतन्त्रात्मक शासन स्थापनाको तहसम्म पुग्ने गरी राजनीतिक मोर्चा कायम गरिनु पर्दछ । यो मोर्चा निर्माण गर्दा निरङ्कुशतन्त्रविरोधी सम्पूर्ण राजनीतिक शक्तिहरू, नागरिक समाज, पेसा र व्यावसायिक सङ्घसंस्थाहरू, विद्यार्थी, किसान, महिला, जनजातिका सङ्घसंस्था समावेश गर्नुपर्दछ । राजनीतिक खिचलोबाट मुक्त भई भरपर्दो, दृढनिश्चयी, स्वप्नद्रष्टा, योग्य, गतिशील, सर्वसम्मत राजनेतालाई मोर्चाको नेतृत्व सुम्पी आन्तरिक प्रजातन्त्रलाई मजबुत गर्दै प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गर्न जिम्मा दिनुपर्दछ । आन्दोलनको नेताका बारेमा तदर्थवादी चिन्तनबाट मुक्त हुनुपर्दछ । योग्य नेतृत्वका बारेमा किटान गरी पार्टी विशेष, गटुस्वार्थ, विगतको अहङ्कार र दम्भबाट मुक्त हुनैपर्दछ । नेपाली जनतालाई भन्न सक्नुपर्दछ- आन्दोलनको प्रमुख फलानो हो । त्यसको आधारमा आन्दोलनले गति पनि लिन्छ, विश्वास कमाउँदै पनि जान्छ ।

दोस्रो, पार्टीहरूबीचमा आन्तरिक प्रजातन्त्र र एकता छैन । नेतापिच्छे फरक-फरक बोली र व्यवहार देखा परेका छन् । एकले अर्कोलाई निषेध गर्ने परिपाटी अझै छ । गुट र उपगुट पार्टीव्यापी छ । यसो हुनुमा कतिपय सैद्धान्तिक र वैचारिक मतभेद छन् भने कतिपय व्यक्तिगत आग्रह र पूर्वाग्रहले काम गरेको छ । पार्टीभित्रै सहभागितामूलक निर्णय प्रक्रिया र समावेशी खालको नेतृत्व निर्माण हुन सकेको छैन । त्यसैले निर्णय गरेपछि निर्णयप्रतिको जिम्मेवारीबोध र स्वामित्वको अभाव देखिएको छ । त्यसैले अन्य राजनीतिक दललाई आन्दोलनमा तान्ने चिन्ताभन्दा दलभित्रै एकमत, एकता र सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको असल परम्परालाई आत्मबोध गरी पार्टी पङ्क्ति चलायमान गराई संयुक्त सङ्घर्षको नीति र कार्यक्रमलाई बोकेर हिँड्न सक्नुपर्दछ ।

पार्टी-पार्टीबीचको एकता, हार्दिकता र पारित नीतिप्रतिको जवाफदेहिता र व्यवहारलाई बोकेर हिँड्ने इच्छाशक्तिको अझै खाँचो छ । प्रजातान्त्रिक आन्दोलनको नेता को हुने भन्दा जनता र मुलुकको चाहना र मार्ग के हो भन्ने बुझ्न जरुरी हुन्छ । त्यसैले संयुक्त जनआन्दोलनमा पार्टी पहिचानभन्दा आन्दोलनकारी मोर्चाको महत्त्व बढी हुन्छ, त्यसैले पार्टी पहिचानभन्दा साझा एजेन्डालाई बोकेर त्यसैको वरिपरि जनतालाई गोलबन्द गर्नु नै मुख्य अभिभारा बनेको छ । यस्तो खाले काममा नेपाली राजनीतिक शक्तिको त्यति लामो अनुभव छैन । सहकार्यको संस्कृति पनि त्यति फलिभूत नभएको अवस्थामा संयुक्त आन्दोलनकारी दलले संयुक्त जनआन्दोलनको राजनीतिक संस्कृति विकास गर्दै एकीकृत सोचका साथ आफ्ना पार्टी कार्यकर्ता मात्र होइन, परिवर्तनकामी जनतालाई गोलबन्द गरी आन्दोलनलाई अगाडि बढाउनुपर्दछ ।

तेस्रो, चुनौती भनेको विविध विचार, दृष्टिकोण, वर्गस्वार्थ र चिन्तनको विचारबाट न्यूनतम साझा राजनीतिक विन्दु खोज्नु, सामन्तवादी राजतन्त्रलाई सबैतिरबाट एक्ल्याउँदै विशाल जनताको पङ्क्तिलाई एक ठाउँमा गोलबन्द गर्नु र त्यही शक्तिलाई शान्तिपूर्ण ढङ्गबाट परिचालन गरी जनआन्दोलनको आँधीबेहरी सिर्जना गर्नु नै हो । समाज विज्ञानको नियम नै हो सोचेझैँ समाजका सबै वर्ग एकैचोटी संयुक्त आन्दोलनमा आउँदैनन्, आन्दोलनको विकासको गतिसँगै डिलमा द्वैध मानसिकता लिएर बस्ने शक्तिहरू पनि आन्दोलनले गति लिएपछि आन्दोलनमा लामबद्ध हुन्छन् । त्यसैले शत्रुको घेरा साँघुरो बनाउँदै मित्रशक्तिको विशाल पङ्क्ति तयार गर्न चनाखो हुनुपर्दछ ।

चौथो, अत्यन्त महत्त्वपूर्ण पाटो कर्मचारीतन्त्र हो, जो निरङ्कुशताको चपेटामा परेको छ । नियम र पद्धति हुकुमीतन्त्रमा फेरिएको अवस्थामा कर्मचारीतन्त्रलाई पनि प्रजातान्त्रिक आन्दोलनको मित्रशक्ति बनाउने, उनीहरूसँग हदैसम्मको सहयोग लिनेबारे संयुक्त आन्दोलनको नेतृत्व सजग र चनाखो हुनुपर्दछ ।

पाँचौं,समाजका विभिन्न वर्गले वर्गीय आधार र वर्गस्वार्थलाई महत्त्व दिएका हुन्छन् । यो राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा पनि लागू हुन्छ । त्यसैले राष्ट्रमा मात्र होइन, अन्तर्राष्ट्रिय रूपमा पनि शत्रु र मित्रको पहिचान गरिनुपर्दछ । जनतादेखि जनतासम्म, पार्टीदेखि पार्टीसम्म, राज्यदेखि राज्यसम्म जहाँ जति जसको समर्थन प्रजातान्त्रिक आन्दोलनमा लिन सकिन्छ, त्यसको परिचालन गर्दै अहिले अन्तर्राष्ट्रिय जगत्‌बाट प्रजातन्त्रका लागि प्राप्त विशाल समर्थनलाई जोगाउँदै अझ व्यापक र मजबुत समर्थनका लागि कूटनीतिक पहल गर्नु आवश्यक छ । नेपाली प्रजातान्त्रिक अन्दोलनको विपक्षमा उभिएको निरङ्कुशतन्त्रको पक्षपाती राज्यहरूलाई समेत त्यहाँका राजनीतिक शक्ति, जनता, पार्टी परिचालन गरेर त्यस्ता राज्यहरूलाई प्रजातान्त्रिक आन्दोलनका पक्षमा उभिन बाध्य बनाउन पहल गरिनुपर्छ । अनावश्यक टिप्पणी गरी अझ शत्रुता थप्ने वर्तमान परिपाटी अन्त्य गरिनुपर्छ ।

छैटौ, अत्यन्त कष्टपूर्ण ढङ्गबाट निरङ्कुशतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्र प्राप्तिको नारालाई सात दलको साझा नारा बनाउन सफल भएको परिप्रेक्ष्यमा यो नारालाई सात दलको मात्र नभई राजाको माघ १९ को कदमको विपक्षमा उभिएका अन्य पार्टीहरू, सङ्घसंस्था र स्वतन्त्र व्यक्तिहरूसमेतको साझा नारा बनाउन सात दलले कुनै कसर बाँकी राख्नुहुँदैन ।

सातौं, नेपालको वर्तमान राजनीतिक क्षितिजमा प्रभावकारी भूमिका खेल्ने ताकतका रूपमा माओवादी विद्रोहीको स्थान अग्रणी छ । नेपालको सशस्त्र द्वन्द्वको कल्पनाकार र प्रयोगकर्ता माओवादीद्वारा सिर्जित सशस्त्र विद्रोह नेपालको लागि मात्र होइन, विश्वकै लागि टाउको दुखाइको विषय भएको छ । हिजोसम्म नेपालका मूलधारका राजनीतिक शक्तिलाई प्रतिक्रियावादी देख्ने माओवादीहरू 'माघ १९' को राजाद्वारा गरिएको सैनिक 'कू' पछि आफ्नो प्रहारको केन्द्रविन्दु राजतन्त्रलाई मान्दै नेपालको द्वन्द्व समाधानका लागि गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभाको निर्वाचनमार्फत लोकतान्त्रिक गणतन्त्रको स्थापनाको माग सँगसँगै अगाडि बढाउन आह्वान गरी एकतर्फी युद्धविराम गरेको थियो । यस्तो अवस्थामा माओवादीलाई रूपान्तरण गर्ने, शान्तिपूर्ण मार्गमा ल्याउने र नेपालको द्वन्द्वलाई संविधानसभामार्फत हल गर्ने, सात दलले माओवादीका मागलाई सम्बोधन गर्ने र संयुक्त आन्दोलनमा सहभागी गराउन जनताको सार्वभौमिकता, बहुलवाद, मानवअधिकार, शान्तिपूर्ण जनआन्दोलन ल्याउन प्रेरित गर्दै हतियार बिसाएर सहकार्य गर्न सक्नुपर्दछ । यसका लागि सात राजनीतिक दल र माओवादीबीच विश्वासको वातावरण तयार गरी अगाडि बढ्नुपर्दछ, यसमा आवश्यक परे नागरिक समाज, मानवअधिकारवादी सङ्घसंस्था र अन्तर्राष्ट्रिय मध्यस्तकर्ताको पनि सहयोग लिई संयुक्त मोर्चामा सामेल गराउन सकिन्छ ।

आठौँ, प्रभावशाली अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू, कूटनीतिक नियोग, संयुक्त राष्ट्रसङ्घ, अन्य क्षेत्रीय सङ्गठन, जो बहुलवाद, संविधानको सर्वोच्चता, कानुनी शासन, संसद्को सम्प्रभुत्व र मानवअधिकारप्रति प्रतिबद्ध छन् । तिनीहरूको संयुक्त जनआन्दोलनमा निरन्तर सहयोग लिन सजग र चनाखो भई कूटनीतिक पहलकदमी जारी राख्नुपर्दछ । यसलाई पनि आन्दोलनको प्रमुख पाटोका रूपमा विकास गरिनुपर्दछ ।

नवौँ, देशभित्रको विभिन्न जातजाति, जनजाति, भाषाभाषी, विभिन्न सांस्कृतिक मान्यता बोकेका शक्तिहरू, महिला, दलित, पहाडी, मधेसी, गरिब, धनी सबैको प्रतिनिधित्व हुने गरी समावेशी ढङ्गको संयुक्त मोर्चा निर्माण गर्नुपर्दछ, जसबाट आन्दोलनप्रतिको विश्वास जागी असली रूपमा जनआन्दोलनको सिर्जना भई लक्ष्य हासिल गर्न सम्भव हुनेछ ।

दसौँ, यसरी मोर्चा निर्माण गरिसकेपछि आन्दोलन परिचालनका लागि आन्दोलनको नेता, आन्दोलन सञ्चालन गर्नका लागि स्थायी कार्यालय र प्रवक्ताको समेत व्यवस्था गर्नुपर्दछ । त्यसले मात्र एकीकृत आन्दोलन सञ्चालन गर्न र सही कुरा जनतामा सम्प्रेषण गरी आमजनतालाई द्विविधाबाट मुक्त गर्न सक्छ ।

अन्तमा, निरङ्कुतन्त्रको अन्त्य र संविधानसभामार्फत लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने महान् लक्ष्यमा नेपाली जनतालाई गोलबन्द गरी साँचो अर्थमा जनसङ्घर्षको आँधीबेहरी सिर्जना गरी राजतन्त्रको समूल नष्ट गर्न सकिने विश्वास दिलाई आन्दोलनको नेतृत्व गरी विजयी बन्ने आशा, विश्वास र दृढता सात दलमा हुन जरुरी छ । साथै, लोकतान्त्रिक गणतन्त्रको खाका के हो, त्यसलाई कसरी लागू गरिन्छ ? अहिले नै जनतालाई त्यसको अवधारणा दिइनुपर्दछ, जसबाट जनता लक्ष्यप्रति विश्वास गरी आन्दोलित हुन सक्छन् । यो ऐतिहासिक अभिभारा पूरा गर्ने जिम्मा सात दललाई छ । त्यसमा पनि विशेषतः एमालेको काँधमा यसको प्रमुख जिम्मेवारी छ । किनभने, ०४६ सालको संयुक्त जनआन्दोलनको नारा तय गर्दादेखि ०४७ सालको संविधानमा देखिएका २७ वटा कमजोरीलाई तत्कालै सार्वजनिक गरी मुलुकवासीलाई सचेत गराएको थियो । त्यसबेला तत्कालीन राजनीतिक शक्तिले एमालेको संविधानमाथिको २७ बुँदे असमतिलाई अस्वीकार गरे । परिणामतः मुलुक पुनः निरङ्कुशतन्त्रतिर फर्केको छ । '...पछि दैलो देख्यो' भन्ने उखान सार्थक भएझैं ढिलै भए पनि सबै राजनीतिक शक्तिले नयाँ संविधानमा यी २७ बुँदा थप्ने सहमति जनाएका छन् । त्यति मात्र होइन, मुलुकको शान्तिपूर्ण निकासका लागि एमालेको नौ बुँदे रोडम्यापलाई पनि सबैले स्वीकार गरेको परिस्थितिमा एमालेले अझ जिम्मेवार भई आन्दोलनको वैचारिक नेतृत्वका साथै सम्पूर्ण नेतृत्व गर्न पनि तयार हुनुपर्छ । आन्दोलनलाई एकीकृत र मजबुत बनाउन एमालेले केही गुमाउनुपर्छ भने गुमाएर पनि आन्दोलनलाई एकीकृत गरी लोकतान्त्रिक गणतन्त्र प्राप्त गर्न अघि बढ्नुपर्छ । यो नै वर्तमानको माग र जनचाहनाको अभिव्यक्ति हो ।

■

## महाकालीमा कार्यकर्ता भेला

महेन्द्रनगर । निरङ्कुश राजतन्त्रविरोधी आन्दोलनलाई गति दिन नेकपा (एमाले) ले महाकाली अञ्चलस्तरी कार्यकर्ता भेला सम्पन्न गरेको छ । पुस १३ गते सम्पन्न सो भेलालाई पार्टीका महासचिव माधवकुमार नेपाललगायतका नेताहरूले सम्बोधन गर्नुभएको थियो ।

महाकालीका कञ्चनपुर, डडेल्धुरा, दार्चुला र बैतडीका डेढ सयभन्दा बढी अगुवा कार्यकर्ताको भेलालाई सम्बोधन गर्दै महासचिव नेपालले राजतन्त्र समाप्त नभएसम्म आन्दोलन जारी रहने भएकाले त्यसको तयारी गर्न कार्यकर्तालाई निर्देशन दिनुभयो । अञ्चल इन्चार्ज उर्वादत्त पन्तको सभापतित्वमा सम्पन्न सो कार्यक्रममा एमाले स्थायी समिति सदस्य वामदेव गौतमले चालू आन्दोलन, स्थायी समितिका अर्का सदस्य युवराज ज्ञवालीले सङ्गठन परिचालन र केन्द्रीय प्रचार विभाग सदस्य विष्णु रिजालले पार्टी प्रचारका बारेमा प्रशिक्षण दिनुभएको थियो । कार्यक्रमको सञ्चालन अञ्चल सचिव रामकुमार ज्ञवालीले गर्नुभएको थियो ।

## नेपालगन्जमा प्रचार भेला

नेपालगन्ज । नेकपा (एमाले) को भेरी अञ्चलस्तरीय प्रचार भेला हालै सम्पन्न भएको छ । भेलाको उद्घाटन केन्द्रीय प्रचार विभाग प्रमुख प्रदीप नेपालले गर्नुभएको थियो ।

भेलामा बाँके, बर्दिया, दैलेख, जाजरकोट र सुर्खेतका पार्टी सचिव, प्रचार विभाग प्रमुख र सदस्यहरूको सहभागिता थियो । पार्टीको केन्द्रीय मुखपत्र *नवयुग* को ग्राहक विस्तारमा केन्द्रित रहेको सो कार्यक्रममा जिल्लाका नेताहरूले प्रचार क्षेत्रमा देखिएका समस्याका बारेमा जानकारी गराउनुभएको थियो । भेलामा विभागका तर्फबाट सदस्य विष्णु रिजालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने प्रमुख नेपालले उठेका जिज्ञासाहरूको जवाफ दिनुभएको थियो । भेलामा अञ्चल सचिव लक्ष्मण ज्ञवालीले अञ्चलभित्रको प्रचार कामका बारेमा जानकारी दिनुभएको थियो ।

# अछूत बनाउने राजा–महाराजा नै हुन्

## ' लालबहादुर विश्वकर्मा

**ने**पालका उत्पीडित दलित समुदायमाथि जातीय विभेद गरेको इतिहास पल्टाउँदा विभिन्न चरणका सामन्ती राजाहरूले आफ्नो राज्यसत्ता बलियो बनाई हैकम कायम राख्न समाजलाई सानो-ठूलो जातजातिमा विभाजन गर्दै आएको देखिन्छ । कतिपय राजाहरूले रिसको झोँकमा, लहड र रहरमा स्वेच्छाचारी ढङ्गले छुतअछूतमा विभाजन गरेको पाइन्छ । लिच्छविको शासनकाल इ.स. २००-८७९ तिरदेखि नै नेपालका जातिहरूलाई चार वर्ण अठार जातमा विभाजन गरेको पाइन्छ । यी कुरा राजा नरेन्द्रदेवको पालामा (६४५-८७९ इ.स.) स्थापित गरिएको अनन्त लिङ्गेश्वरको शिलालेखले पुष्टि गर्दछ ।

त्यस्तै वि.सं.१४३७-१४५२ मा जयस्थिति मल्लको शासनकालमा वर्ण व्यवस्थालाई चार वर्ण ३६ जातिमा विभाजन गरी जातका आधारमा न्याय प्रणाली लागू गरियो । एउटै मुद्दामा दलितलाई बढी सजाय, बढी जरिवाना र गैरदलितलाई कम सजाय र कम जरिवानाजस्ता पक्षपातपूर्ण न्याय प्रणाली जबरजस्ती लादियो । राजा सुरेन्द्रविक्रम शाहको काल वि.सं. १९१० मा मुलुकी ऐनद्वारा 'अझ छोइछिटो हाल्नु पर्ने र छोइछिटो हाल्नु नपर्ने' जस्ता शब्दजालका कानुनले जातिजातिमा विभाजन गरियो ।

राजा-महाराजाहरूको कालमा दलित समुदायले पढ्न, लेख्न नपाउने, पढे जिब्रो काटिने, लेखे हात काटिने, पढेको सुनेमा सिसा (राँड) पगालेर कानमा हालिदिने र राम्रो खान-बस्न नपाउने, राम्रो लुगा लगाउन नपाउने, सार्वजनिकस्थलमा जान नपाउने बन्देजसमेत लगाइयो । साथै, यो समुदायलाई राजनीतिक, आर्थिक, सामाजिक पक्षहरूमा नाकाबन्दी गरी वञ्चित गर्ने कामसमेत राजा महाराजाहरूले गरेको कुरा इतिहासमा जिउँदो रहेको छ ।

तामा, पित्तल, फलामलगायत धातुका औजार उत्पादन गर्नुपर्ने, कपडा सिलाउनुपर्ने, मरेका पशुका छालाबाट विभिन्न वस्तु उत्पादन गर्नुपर्ने, दरबारदेखि सडकसम्मका फोहोरहरू सफाइ गर्नुपर्नेजस्ता जोखिपूर्ण श्रम पनि दलित समुदायले नै गर्नुपर्ने किटानी गरी अन्य काम गर्न नपाउने भन्ने यिनै राजामहाराजाहरू नै हुन् । यस्ता कुसंस्कारजन्य परिपाटीको सुरुवात नेपालमा करिब ३५ सय वर्ष भन्दा अघि भएको पाइन्छ । यस्ता किसिमका जघन्य अपराधहरू यो समयावधिमा अरू कसैले दलित समुदायमाथि गरेनन्, यिनै राजामहाराजाहरूले नै गरे ।

राजाको दलित समुदायप्रतिको दृष्टिकोण

राजा ज्ञानेन्द्रले ०६१ माघ १९ गते शाही सम्बोधनको १५ बुँदे घोषणाबाट शेरबहादुर देउवा प्रधानमन्त्री भएको संयुक्त बहुदलीय सरकारलाई अपदस्थ गरी सम्पूर्ण शासन अधिकार आफ्नो मुट्ठीमा निहित गर्ने घोषणा गरे । उनले ०४७ को संविधानले सुनिश्चित गरेको जनताको सार्वभौम अधिकार निलम्बन गरे । संविधानका १२७ बाहेक अरू धारा बन्द गरे ।

उनले देशमा सुशासन दिने, भ्रष्टाचार नियन्त्रण गर्ने, शान्ति सुरक्षा कायम गर्ने, निमुखा जनतालाई राहत दिनेलगायतका विभिन्न कुराहरूको दुहाई दिँदै १५ बुँदै शाही घोषणा सार्वजनिक गरेका छन् । तर, विडम्बनाको कुरा, ५० औं लाख दलित समुदायले भोग्दै आउनुपरेको उत्पीडनलाई कतै चुँसम्म उल्लेख गरेका छैनन् । त्यस्तै उनको २१ बुँदे कार्यक्रम पनि विगत बहुदलीय व्यवस्थापश्चात्का सरकारहरूले लागू गरेका लोकप्रिय कार्यक्रमलाई काँटछाँट गरेर बच्चालाई लालिपप देखाएजस्तै गरी बाहिर ल्याइएको छ । यस कार्यक्रममा पनि यो समुदायका छात्रछात्रालाई छात्रवृत्ति दिने शब्द मात्र लेखिएको छ । मन्त्रिपरिषद्का अध्यक्ष भई प्रधानमन्त्रीको अधिकारसमेत आफैँमा निहित गरेका राजा ज्ञानेन्द्रले यो समुदायका विषयमा नबोल्नु आफ्ना पितापुर्खाले लादेको कुसंस्कारलाई जीवितै राख्न चाहेको हो भन्ने कुरा प्रमाणित हुँदैन र ? राजाको उल्लिखित घोषणा र कार्यक्रमले दलित समुदायलाई भेदभावबाट मुक्त गराउन उनी चाहँदैनन् भन्ने प्रमाणित गर्दछ ।

दलित समुदायले हरेक राजा-महाराजाहरूको शासनकाल पर्खेर बसे । यी राजाका पालामा, अर्का राजाका पालामा मुक्ति देलान् भन्दै हजारौँ वर्ष भन्दा बढी नै प्रतीक्षा गरे, धेरै सहे । सायद अन्य जाति-समुदायहरू भए यति धेरै वर्ष अपमान सहेर पक्कै बस्ने थिएनन् होला । अब भने वर्तमान राजा ज्ञानेन्द्रको शासनकालमा दलित समुदायको धैर्यको बाँध टुटिसकेको छ । अब राजतन्त्रका विरुद्ध पूर्ण प्रजातन्त्रका पक्षमा सशक्त आन्दोलनमा उत्रिनैपर्छ । नेपालको राजतन्त्र दलित समुदायका निम्ति उदार बन्न सकेन । दलित समुदायलाई हेर्ने उनीहरूको दृष्टिकोणमा परिवर्तन आएन । दलित समुदायले राजा-महाराजाहरूलाई हतियार निर्माण गरी सहयोग गरे । दरबारको फोहोर-मैला सफा गरेर सहयोग गरे । कपडा सिलाएर सहयोग गरे । जुत्ता-चप्पल बनाएर सहयोग गरे । श्रीपेच बनाएर सहयोग गरे । दलित समुदायले राजाहरूलाई धेरै दिए, धेरै सेवा गरे । आखिर राजा-महाराजाहरूले दलित समुदायलाई अछूतको बिल्लाभन्दा अरू के नै दिए र ?

००८ देखि ०१५ सालसम्म र ०४६ देखि ०६१ माघ १९ गतेसम्मको बहुदलीय व्यवस्थामा पनि राजाकै प्रमुख भूमिका राज्य सञ्चालनमा रहेको छ । सारा दोष राजनीतिक पार्टीलाई मात्र किन ? राजा मात्रै दूधले नुहाएका हुन् त ? अर्कातर्फ दलित समुदायलाई अछूत बनाउने राजा कि राजनीतिक पार्टीहरू ? यसको छिनोफानो गर्ने समय आएको छ । जसले दलित बनाएर छुतअछूत बनाउने परिपाटी थाले, त्यसका विरुद्धमा ५० लाख दलित समुदायहरू एक भएर सामना गर्नुपर्छ अनि मात्र पूर्ण मुक्ति सम्भव हुनेछ ।

दलित समुदायका आविष्कारहरू

- फलाम, तामा, पित्तल, सुन चाँदीलगायतका धातुको खानीको खोजी,
- पौराणिककालमा शिवजीले लिने त्रिशूल,
- महाभारतका अर्जुनले चलाउने धनुरबाँण,
- रामले चलाउने धनु,
- देवीदेउताका मूर्ति,
- राजा-महाराजाका श्रीपेच,

- तामप्रत्रमा अक्षर,
- दरबारदेखि सडकसम्मको सफाइ,
- सारङ्गीको धुनमा समाचार प्रशारण गर्ने,
- धातु तथा छालाका पैसा,
- कृषि उत्पादनका लागि चाहिने औजार,
- राष्ट्रिय पोसाक,
- जुत्ता-चप्पल,
- युद्धमा प्रयोग गरिने औजार (खुकुरी, तरबार) ।

नेपालमा राष्ट्रको यस्तो आधारभूत आवश्यकता पूर्ति गर्ने स्रोत व्यक्तिहरू, धर्म, संस्कृति र परम्परा संरक्षण गर्न मद्दत गर्ने समुदायलाई नै छुवाछूत भेदभावको सामन्ती साङ्लाको सिकन्जाले कसेर अछूत बनाइयो ।

निर्वाचित हुँदा निवाचित भएको प्रमाणपत्र निर्वाचन आयोगद्वारा प्राप्त हुन्छ, शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धित विद्यालयबाट प्राप्त हुन्छ, जग्गाधनी प्रणामपुर्जा मातलपोत कार्यालयबाट उपलब्ध हुन्छ । वंशको नाताले नागरिकताको प्रमाणपत्र जिल्ला कार्यालयबाट उपलब्ध हुन्छ । कुनै पनि सङ्घसंस्था वा सरकारी नियुक्तिमा सम्बन्धित निकायबाट नियुक्तिको प्रमाणपत्र उपलब्ध गराइन्छ । यसरी समाजका हरेक क्षेत्र बिनाप्रणाम चल्न सक्दैनन् । उपलब्ध गराइएका प्रमाणपत्रहरू नष्ट हुँदा सम्बन्धित निकायबाट पुनः प्राप्त गर्न सकिन्छ तर आगो, पानी हावा, हुरी, बाढी पहिरोजस्ता प्राकृतिक प्रकोपबाट समेत नष्ट नहुने, मानिस मरिसक्दा पनि पुस्तौंपुस्तासम्म नमेटिने बिनाप्रमाणको अछूत बिल्ला भिराउने राजा-महाराजा नै हुन् ।

■

## ल्याटिन अमेरिकाको नयाँ अनुहार

# बोलिभिया : चुनावबाट वामपन्थी सत्तामा

' विष्णु रिजाल

*"हाम्रो विजयबाट हामी आफैँ आश्चर्यचकित भएका छौँ । म अवाक छु र म धन्यवाद दिन्छु, सबै सामाजिक आन्दोलनहरू, तिनीहरू, जो हाम्रा प्राकृतिक संशाधनहरू पुनः प्राप्त गर्नका लागि लडेका छन्, तिनीहरू, जो हाम्रो अधिकारका लागि लडेका छन् र तिनीहरू, जो बोलिभियामा इतिहासको दिशा बदल्नका लागि लडेका छन् ।"*

१८ डिसेम्बर २००४ को साँझ बोलिभियाको राजधानी ला पाज बत्तीको झिलिमिलीमा रङ्गिरहेका बेला सरकारी टेलिभिजनले प्रसारण गरेका यी भनाइहरूले सारा बोलिभियालीहरूलाई आश्चर्यचकित पाऱ्यो । इतिहासमा कहिल्यै नभएको घटना पहिलोचोटि बोलिभियालीहरूले देखे । सरकारी टेलिभिजनमा नयाँ राष्ट्रपतिका रूपमा आदिवासी नेता इभो मोरालेस आफ्ना सार्वभौम देशवासीलाई सम्बोधन गर्दै थिए ।

यो त्यही बोलिभिया हो, जहाँ ३८ वर्षअघि विश्वविख्यात क्रान्तिकारी चे ग्वेभारालाई सरकारी सैनिकले गोली हानेर मारेका थिए । यो त्यही बोलिभिया हो, जहाँ तिनै क्रान्तिकारी चे ग्वेभाराको चिहान सार्वजनिक श्रद्धाञ्जलीस्थल नबनोस् भनेर शासकले २८ वर्षसम्म उनको हवाईपट्टीमा रहेको समाधिस्थल गुपचुप राखेका थिए । र, यो त्यही बोलिभिया हो, जहाँ इतिहासमै पहिलोपटक अहिले चुनावबाट वामपन्थी पार्टी सत्तामा पुगेको छ ।

१८ डिसेम्बर २००४ मा सम्पन्न निर्वाचनमा वामपन्थी दल मुभमेन्ट टुवार्ड सोसलिज्मका नेता इभो मोरालेस बोलिभियाको राष्ट्रपतिमा निर्वाचित भएका छन् । बोलिभियाका आदिवासी नेता मोरालेसको विजयले ल्याटिन अमेरिकी क्षेत्रमा वामपन्थीहरूको बढ्दो लोकप्रियता र प्रभावलाई पुनःपुष्टि गरेको छ । इतिहासदेखि दबाइएका, हेपिएका र लुटिएका बोलिभियाली जनताले पहिलोपटक आफ्नै निर्णयमा आफ्नो नेता छानेका छन् । बोलिभियामा भएको पहिलो प्रत्यक्ष बालिग मतदानमा मोरालेसले बहुमत प्राप्त गरेका छन् । संविधानअनुसार उनले निर्वाचित भएको एक महिनापछि अर्थात् १८ जनवरी २००५ मा राष्ट्रपतिको गौरवपूर्ण जिम्मेवारी सम्हाल्दैछन् ।

कसरी आए वामपन्थी सत्तामा ?

बोलिभिया वामपन्थीको रगतले भिजेको छ । ल्याटिन अमेरिकाकै मुक्तिको सपना साँचेर बोलिभिया पुगेका चे ग्वेभाराको रगतले लत्पतिएको छ बोलिभियाली भूमि । ९ अक्टोबर १९६७ मा अमेरिकी गुप्तचर संस्था सीआईएले तालिम दिएका रेन्जर कमान्डोद्वारा क्रान्तिकारी चे मारिएपछि वामपन्थीहरूका दुर्दिन सुरु भएका थिए । त्यसपछि त्यहाँ कुनै कम्युनिस्टले शिर ठाडो पारेर जिउन पाएन, उसका परिवारका सदस्यले समाजमा बस्न पाएनन् र कम्युनिस्ट नामको कुनै पार्टीले बोलिभियाली भूमिमा मुख देखाउन पाएन ।

तर, बोलिभियाभरि वामपन्थी थिए । जो सीआईएका विरोधी थिए, ती वामपन्थी थिए । जो अमेरिकाका विरोधी थिए, ती वामपन्थी थिए । जो जनजीविकाको आवाज उठाउँथे, ती वामपन्थी थिए । अर्थात्, जनतामाथिका दमन, शोषण, अत्याचार र थिचोमिचोका विरुद्ध जसले आवाज उठाए, ती वामपन्थी नै थिए । बोलिभियामा हतियार उठाउने वामपन्थी पनि एकताका बलिया थिए । तर, समयक्रममा उनीहरूको हतियार भुत्ते हुँदै गयो । गुरिल्ला युद्धका अनुयायीहरू पनि समय बित्दै जाँदा आफ्नो गल्ती सच्याउने ठाउँमा पुगे । एकसमय बोलिभिया हल्लाउने टुपाक कटारी

गुरिल्ला आर्मीका नेता अल्भारो गार्सिया लिनेरा पछि शान्तिपूर्ण राजनीतिमार्फत बोलिभियाको उपराष्ट्रपति पनि बने। यसले बोलिभियाली वामपन्थी आन्दोलनमा पनि थुप्रै उतार-चढावहरू आएको देख्न सकिन्छ।

'मुभमेन्ट टुवार्ड सोसलिज्म' लाई स्पेनी भाषामा छोटकरीमा *मास* नामले चिनिन्छ। बोलिभियामा *मास* पार्टीले आदिवासी जनताका बीचमा निकै जरा गाडेको छ। बोलिभियाको परम्परागत कोका खेतीविरुद्ध अमेरिकी योजनामा सरकारले चलाएको अभियानका विरुद्ध खडा भएको *मास* पार्टीले विस्तारै जनताको विश्वास र आशा जित्दै गएको परिणाम हो- अहिलेको विजय। सन् २००२ मा सम्पन्न राष्ट्रपतीय निर्वाचनमा *मास*का नेता इभो मोरालेसले दोस्रो स्थान ल्याएका थिए। त्यसपछि उनले जारी राखेको राजनीतिक गतिशीलताका कारण एकोहोरिएको जनसमर्थनले *मास* पार्टीलाई सत्ताको बागडोर सुम्पेको छ।

कोका आन्दोलन र वाम प्रभाव

आफ्नो देशभित्रका जनजीविकाका सवाललाई आन्दोलनमा समेट्न बोलिभियाका वामपन्थी सचेत देखिएका छन्। झन्डै एक करोडको सङ्ख्यामा रहेका नागरिकमध्ये ९० प्रतिशतभन्दा बढीको जीविकाको आधार बनेको कोका खेतीविरुद्ध अमेरिकाले चलाएको सुनियोजित अभियानको *मास* पार्टीले मुकाबिला गऱ्यो। अमेरिकी आर्थिक प्रायोजनमा बोलिभियाली सरकारले कोका उन्मूलनका लागि सञ्चालन गरेको 'प्लान डिग्निडाड' का विरुद्ध *मास* पार्टीले आफ्नो सम्पूर्ण शक्ति परिचालन गऱ्यो, जसका कारण एकातिर अमेरिकी योजना सफल भएन भने अर्कोतिर *मास* पार्टीका पक्षमा जनलहर बढ्यो।

अमेरिकाले कोका खेती गर्ने किसान र त्यसको पक्षपोषण गर्ने वामपन्थी पार्टीलाई लागूऔषधको कारोबार गर्नेहरूको कोटीमा राखेर व्यवहार गऱ्यो। तर, पुर्ख्यौली पेसा र जीविकाको आधार बनेको कोका वैकल्पिक पेसाको अभावमा उन्मूलन गर्न खोज्नु कदापि न्यायोचित हुँदैन भन्ने *मास* पार्टीको अडान थियो। 'प्लान डिग्निडाड' ले बोलिभियाली आदिवासी जनताको दैनिक जीवनमाथि प्रत्यक्ष धावा बोलेको मात्र थिएन, आन्तरिक राजनीतिमा अमेरिकी प्रभावलाई पनि बढाउँदै लगेको थियो। बोलिभियाका किसान, मजदुर र कामदारका लागि कोका दैनिक जीवनको अभिन्न अङ्ग बनेको कुरालाई सत्ताधारीले नजरअन्दाज गरे। अमारा र क्वेछा दुवै आदिवासीका लागि कोका खानाजस्तै खाद्यवस्तु थियो। तर, अमेरिकाले कोकाबाट कोकिन बन्ने कारण देखाउँदै उन्मूलनको नारा जबर्जस्त उरालेको थियो।

कोका उन्मूलनका लागि अमेरिकाले बोलिभियाली सेनाको नेतृत्व गर्न आफ्ना सैनिक बोलिभियामा उतारऱ्यो। तर, परिणाममा किसानहरूभन्दा सेना र प्रहरी बढी मरे र कोका उन्मूलन अभियानले हावा खायो। सन् २००१ मा सरकारले गरेको अत्याचारका विरुद्ध लड्नका लागि *मास*का नेता मोरालेसले सुरक्षादस्ता बनाउने घोषणा गर्दै अत्याचार नरोकिएमा जनसेना निर्माण गर्ने घोषणा गरे। त्यसयता अमेरिकी-बोलिभियाली सेना पछि हट्न बाध्य भयो र *मास* पार्टीको जनाधार बलियो बन्दै गयो, जसका कारण बोलिभियामा वामपन्थी आन्दोलन मजबुत भयो, मोरालेस सत्तामा आए।

आमूल सुधारको नीति

बोलिभियाली जनताको आन्दोलनलाई पश्चिमा सञ्चारमाध्यम र साम्राज्यवादीहरूले जहिले पनि 'निम्नहरूको आन्दोलन' भन्दै तिरस्कार र उपेक्षा गरे। तर, जनतालाई 'भगवान्' ठान्ने मोरालेस र *मास* पार्टीका लागि यो तिरस्कार नै ऊर्जा बन्यो। जुन जनतालाई पश्चिमाहरू 'निम्न' ठान्छन्, तिनैका बारेमा मोरालेस भन्छन्- 'जनताको आवाज नै भगवान्को आवाज हो। ... हामी तेस्रो सहस्राब्दी- जनताको सहस्राब्दीमा छौँ र साम्राज्यको कुनै भविष्य छैन। हाम्रो विजय सङ्घर्षमा सामेल जनताको पनि विजय हो।'

सीमान्त आयका बोलिभियालीको जीवनस्तरमा व्यापक सुधार गर्ने आमूल परिवर्तनको समाजवादी नारा नै *मास* पार्टीको मुख्य कार्यनीतिक नारा हो। आफ्ना दस्तावेजमा समाजवादको स्थापना र रक्षामा *मास*ले निरन्तर जोड दिएको पाइन्छ। राष्ट्रपतीय निर्वाचनमा पनि *मास* यही नाराका साथ होमिएको थियो। राष्ट्रिय महत्त्वका उद्योगहरूको सरकारीकरण, मूल्य न्यूनीकरण, घरेलु वस्तुको मूल्यमा छुट, अनिवार्य शिक्षा र स्वास्थ्य, धनीलाई कर वृद्धि, भ्रष्टाचारको अन्त्य, जमिनमा काम गर्नेका लागि जमिनको पुनर्वितरण, नयाँ राजनीतिक संयन्त्र, नवउदार अर्थनीतिको अन्त्यजस्ता मुद्दाहरू नै *मास*ले अघि सारेका अग्रगामी सुधार र परिवर्तनका कार्यसूची हुन्।

*मास*ले जोडदार रूपमा उठाउँदै आएको मुद्दा हो-भ्रष्टाचारको अन्त्य। संसद्को तल्लो सदन र सिनेटमा जितेका सदस्यहरूहले ल्याटिन अमेरिकाका अरू वामपन्थी सांसदले झैँ भ्रष्टाचार गरे भने के गर्नुहुन्छ भन्ने *ग्रिन लेफ्ट* साप्ताहिकको प्रश्नमा मोरालेसले भनेका थिए- 'तिनीहरू तिनका स्थानीय समुदायद्वारा आफ्ना नेताका रूपमा निर्वाचित भएका हुन्। यदि तिनीहरूले विश्वासघात गरे भने तिनीहरूलाई थाहा हुनुपर्छ, तिनीहरूका समुदाय निकै सङ्गठित र रिसाहा छन्।'

राष्ट्रपति निर्वाचित हुनेबित्तिकै मोरालेसले केही उत्साहजनक सुधारका घोषणा गरिसकेका छन्। शपथग्रहण नगर्दै उनले आफ्नो र मन्त्रिपरिषद्का सदस्यहरूको तलब, भत्ता र सुविधा पचास प्रतिशत कटौती गर्ने घोषणा गरेका छन्। जनताको जीवनस्तरभन्दा माथि हुनुहुँदैन भन्ने चे ग्वेभाराको सिद्धान्तबाट प्रेरित मोरालेसको यस घोषणाले बोलिभियामा सकारात्मक आशाको सञ्चार गरेको छ। भविष्यमा धनीहरूमाथि राज्यको दबाब केन्द्रित गर्ने र गरिबहरूको संरक्षण गर्ने तथा भूमिपतिबाट जमिन कब्जा गरेर भूमिहीनलाई वितरण गर्ने एजेन्डा मोरालेसले अघि सारेका छन्। यसमा उनले कति सफलता पाउँछन्, त्यसमा नै *मास* र मोरालेस दुवैको भविष्य जोडिएको छ।

विचारधारात्मक रूपमा जतिसुकै उन्नत बाटो अँगाले पनि त्यसले जनतासँगको आफ्नो सम्बन्धलाई घनिष्ट बनाउन सकेन भने पार्टीले जनाधार निर्माण गर्न सक्दैन भन्ने शिक्षा बोलिभियाका वामपन्थीहरूले राम्ररी बुझेको देखिन्छ। इतिहासदेखिको अपमान, पीडा र कष्ट हटाउनका लागि जनताको जुझारु एकता र आन्दोलन नै निर्विकल्प माध्यम हो। राजनीतिक आन्दोलनले जब सामाजिक, सामुदायिक र वर्गीय एजेन्डा राम्ररी बोक्छ, तब त्यसको गति तीव्र, विकासवान र परिवर्तनशील हुन्छ। बोलिभियामा *मास* पार्टीले यही सत्यलाई आत्मसात गरेको पाइन्छ।

ल्याटिन अमेरिकामा बढ्दैछन् वामपन्थी

बोलिभियाका नवनिर्वाचित राष्ट्रपतिले आफ्नो पहिलो विदेश भ्रमणका लागि भेनेजुएला छानेका छन्। अमेरिकी प्रहारको निसाना बनिरहेको भेनेजुएलाका राष्ट्रपति ह्युगो चाभेज मोरालेसको विजयबाट निकै प्रशन्न र उत्साहित बनेका छन्। वामपन्थी पृष्ठभूमिका चाभेजले आफ्नो बधाई सन्देशमा भनेका छन्-'बोलिभियालीहरूले तिनीहरूको इतिहासमा नयाँ पाना लेखेका छन्। .... गरिबीको अन्त्य र विकासको मार्गमा प्रवेश गर्न अब बोलिभिया सक्षम हुनेछ।"

यिनै चाभेजसँग आफ्नो विजयको खुसीयाली साट्न मोरालेस किन नजाऊन् त भेनेजुएला ?

विश्वभरि दादागिरी र हैकम देखाइरहेको अमेरिकाको नाकैमुनि भने वामपन्थीहरू निरन्तर विजय-यात्रामा छन् । शान्तिपूर्ण र प्रतिस्पर्धात्मक राजनीतिबाट वामपन्थीहरू जनताका नेता बनेका छन् । यस क्षेत्रमा बढ्दो वामपन्थी प्रभावका कारण अमेरिका मुर्मुरिनु स्वाभाविकै हो । सन् २००२ मा ब्राजिलमा भएको निर्वाचनमा वामपन्थी उम्मेदवार लुलाले हासिल गरेको विजयलाई अमेरिकाले पचाउन नसकिरहेका बेला भेनेजुएलामा चाभेज फेरि राष्ट्रपति निर्वाचित भए । यसैगरी उरुग्वेमा वामपन्थी सत्तामा आए भने इक्वेडर र अर्जेन्टिनामा पनि वामपन्थीहरू बलिया भए । यी सबैले आत्तिएको अमेरिका फेरि अर्को ल्याटिन अमेरिकी मुलुक बोलिभियामा निर्वाचनबाट वामपन्थी सत्तामा आउँदा विक्षिप्त बनेको छ ।

अमेरिकाद्वारा 'विजातीय' घोषित फिडेल क्यास्ट्रो, लुला र ह्युगो चाभेजकै पङ्क्तिमा आइपुगेका छन् इभो मोरालेस पनि । अब साम्राज्यवादविरोधी ल्याटिन अमेरिकी जनताको सङ्घर्ष थप बलियो र सङ्गठित भएको छ । सिमोन बोलिभरले ५ अगस्त १८२५ मा स्पेनी साम्राज्यवादको पञ्जाबाट मुक्त गरेको यो मुलुक उनकै नामबाट बोलिभियाका रूपमा स्थापित छ । साम्राज्यवादको पीडा, उत्पीडन र थिचोमिचोबाट सचेत बोलिभियाली जनताले अभ्यास गरेको पहिलो प्रजातान्त्रिक निर्वाचनबाट जसरी वामपन्थी सत्तामा आएका छन्, त्यसले ल्याटिन अमेरिकी क्षेत्रका सबै वामपन्थीलाई उत्साहित र प्रेरित गरेको छ ।

■

# को हुन् मोरालेस ?

आदिवासी जनताको बाहुल्य भएको बोलिभियाका नवनिर्वाचित राष्ट्रपति इभो मोरालेस दक्षिण अमेरिकाका पहिलो आदिवासी राष्ट्रप्रमुख हुन् । अमारा मूलका आदिवासी नेता मोरालेस क्वेछ्वा आदिवासीलाई पनि विश्वासमा लिनसक्ने प्रखर वक्ता हुन् । पश्चिमा सञ्चार माध्यमहरूले उनीमाथि 'कम पढेको र मार्क्सवाद नै नबुझेको वामपन्थी' को आरोप लगाए पनि उनी जनतामा भिजेका र स्थापित वाम नेता हुन् । बोलिभियामा आदिवासी जनताको जीवनस्तर ध्वस्त गर्न अमेरिकाले चलाएको कोका खेतीविरोधी अभियानका विरुद्ध मोरालेसले सन् १९८० बाट नेतृत्व गरेको आन्दोलनले नै उनलाई राष्ट्रियस्तरको नेताका रूपमा स्थापित गरेको हो ।

क्युबामा फिडेल क्यास्ट्रो सत्तामा आएकै वर्ष मोरालेस जन्मेका हुन् । उनको जन्म २६ अक्टोबर, १९५९ मा बोलिभियाको ओरिन्को प्रान्तमा भएको हो । परम्परागत कोका खेती गरेर जीविका चलाउने परिवारमा जन्मेका मोरालेसले सामान्य शिक्षा त्यहीँ हासिल गरेका थिए । अलि सुविधाजनक जीवन-यापनका लागि मोरालेस परिवार दक्षिण बोलिभियाको तराई क्षेत्र चपारेमा बसाइँ सरेको थियो । तर, परम्परागत कोका खेती नै मोरालेस परिवारको जीवन-यापनको आधार थियो । मोरालेस परिवार जमिन हुने आदिवासीहरूमध्येमा पर्दथ्यो ।

आदिवासी नेताका रूपमा उदय भएका मोरालेस विस्तारै मुभमेन्ट टुवार्ड सोसलिज्मका कार्यकर्ता बने । उनको प्रखर वक्तृत्वकला र सङ्गठनात्मक क्षमताका कारण उनी पार्टीपङ्क्ति र देशभरि लोकप्रिय बन्दै गए । राजनीतिक चिन्तन र नीतिमा मध्य वाम विचारधारा अँगालेको यो पार्टी साम्राज्यवादविरोधी रहिआएको छ । वर्गीय रूपमा निम्न वर्गका पक्षमा सधैँ उभिदै आएको *मास* पार्टीको नेताका रूपमा मोरालेस पहिलोपटक सन् १९९७ मा चपारे र कारास्को प्रान्तबाट बोलिभियाको संसद्मा निर्वाचित भएका थिए । उनले बोलिभियाको ६८ सदस्यीय संसद्मा सर्वाधिक र निर्वाचित प्रतिनिधिमध्ये सबभन्दा धेरै सत्तरी प्रतिशत मत प्राप्त गरेका थिए ।

४६ वर्षीय मोरालेसको पूरा नाम जिन इभो मोरालेस इमा हो । हक्की, निडर र बोलक्कड नेता मोरालेसको विजयलाई अमेरिकी पत्रकार जर्ज आन गेयरले '३८ वर्षपछि चे ग्वेभाराको चिहानबाट पुनरागमन' भनेका छन् । पश्चिमी विश्व वामपन्थीहरूसँग कति त्रसित, भयभीत र आतङ्कित छ भन्ने कुराको एउटा दृष्टान्त हो, यो अभिव्यक्ति । गुरिल्ला युद्धका अगुवा चेलाई सम्मान गर्ने मोरालेस निर्वाचनबाट सत्तामा आउँदा पनि पश्चिमी सञ्चारमाध्यमको प्रहारको निसाना बनेका छन् ।

## विश्वविख्यात कम्युनिस्ट गायक

# पल रब्सनको सङ्घर्ष यात्रा

' प्रदीप नेपाल

(विश्वविख्यात दुई गीतहरू, स्पेनिस भाषाको ग्वान्तानामेरा .... अनि अङ्ग्रेजी भाषाको वी स्याल ओभरकम .... भन्ने गीत सुनेपछि २०२६ सालदेखि नै पल रब्सनलाई जान्न र उहाँ बारेको जानकारी पाठकसमक्ष पुऱ्याउने उत्कट इच्छा थियो । ३० वर्षपछि 'पिकस्किलमा पल रब्सन' भन्ने लेख पढेपछि हाम्रो देशका आमपाठकका लागि अमेरिका र पल रब्सन पहिलेभन्दा बढी पारदर्शी हुनसक्छन् भन्ने लागेर चार्ल्स एच राइटको उक्त लेखलाई दुई भागमा अनुवाद गरेर पेस गरेको छु । १८९८ को अप्रिल ९ तारिखका दिन जन्मिएर २३ फरवरी १९७६ मा धर्तीबाट बिदा हुनुहुने पल रब्सन गीत र स्वरको अविश्रान्त जोदाहा हुनुहुन्थ्यो । -लेखक)

इस्वी सन् १९४९ भन्दा पहिले न्युयोर्कमा थोरै मात्र मानिसहरूले पिकस्किलको नाम सुनेका थिए होलान् । १९४९ को २७ अगस्ट र ४ सेप्टेम्बरका दिन घटेका दुई घटनाले हडसन घाटीको यस सानो बस्तीलाई संसारभरि चिनाइदिए । ती घटनापछि पिकस्किल र 'अराजक भीडको हिंसा' पर्यायवाची बने ।

पिकस्किल कार्यक्रमका नायक पल रब्सन थिए । त्यहाँ उनले पहिले-पहिले पनि कार्यक्रम देखाइसकेका थिए र त्यहाँका बारेमा उनी राम्रो जानकारी राख्थे । तर, १९४९ को परिस्थिति र त्यतिबेला त्यहाँ घटेको घटनाले १९४९ को पिकस्किल सबैका लागि स्मरणीय बन्न

पुग्यो । पल रब्सन र अमेरिकी शासनसत्ताबीच १९३४ मै भिडन्त सुरु भइसकेको थियो । १९३४ को डिसेम्बर महिनामा सोभियत सङ्घको यात्रामा जाँदा बर्लिनको रेल स्टेसनबाहिर नाजी पार्टीका मण्डलेहरूले उनलाई 'काले' भनेर बेइज्जत गरे र मार्ने धम्की दिए । यही घटनापछि रब्सन र फासीवादबीचको युद्ध चर्कियो । त्यो घटनाको केही घण्टापछि रब्सनले सोभियत भूमिमा पहिलो पाइलो टेके । सोभियत नागरिकहरूले उनलाई न्यानो अँगालोमा बाँधे । यो पछिल्लो घटनाले रब्सनको जीवनशैली नै अर्को बनाइदियो । उनले यो नयाँ जीवनका लागि मूल्य पनि चर्कै तिरे ।

पिकस्किलको भिडन्त कसरी अनिवार्य बन्न पुग्यो भन्नेबारेमा सबैका आ-आफ्ना राय छन् । डुब्सन प्रेस लिमिटेडद्वारा प्रकाशित *पल रब्सन* की लेखिका मेरी सेटनले यस भिडन्तको योजना १९४७ मै बनिसकेको थियो भनेकी छन् । सन् १९४७ मा रब्सनले उटा विश्वविद्यालयमा आयोजित सङ्गीत कार्यक्रममा 'जोय हिल' गीत गाएका थिए । पिकस्किल क्षेत्रमा जन्मिएका मजदुर सङ्गठक जोसेफ हिलस्ट्रामका नाममा समर्पित यो क्रान्तिकारी शोकगीत त्यसभन्दा अघि कसैले गाउने आँट गरेका थिएनन् । जोसेफ हिलस्ट्रामलाई बीसौं शताब्दीको आरम्भमा एउटा हत्यारो जत्थाले गोली हानी मारेको थियो र त्यो हत्याले एउटा सङ्कटपूर्ण आन्दोलन चर्काएको थियो । ती सम्मानित मजदुर नेताको हत्याको विरोधमा रचिएको गीत गाइरहेका पल रब्सनलाई आफ्ना श्रोताहरूमा, त्यो हत्यारो जत्थाका मालिकहरू पनि छन् भन्ने थाहा थियो । त्यसैले त्यो आवाजले असङ्ख्य श्रोताका मुटु र मनलाई हल्लाइदियो । केहीबेर हल सन्नाटाको स्तब्धतामा डुब्यो, त्यसपछि आकाश गडगडाएजसरी ताली बज्यो । थोरै हत्याराहरूले दाँत किट्किटाएर आफूलाई थामे । रब्सनको जीवन चुनौतीपूर्ण भयो ।

यस घटनापछि उनका सङ्गीत कार्यक्रमहरू अस्तव्यस्त हुन थाले । यस घटनाको केही दिनपछि इलिनोयको प्यारिआ र न्युयोर्कको अबलेनीमा आयोजित उनको कार्यक्रम अन्तिम घडीमा स्थगित भयो । टिकटसमेत बिक्री भइसकेका उनका ८० वटा सङ्गीत कार्यक्रमहरू एकपछि अर्को गर्दै खारेज भए । जनता यस दमनको विरुद्धमा सङ्गठित भए । अबलेनीका अधिकारीहरू पल रब्सनलाई गीत गाउन दिन बाध्य भए । तर, उता न्युयोर्क सिटीका क्याथोलिक चर्चका विद्यार्थीहरू र दोस्रो विश्वयुद्धपछि सेवानिवृत्त भएका सैनिकहरूको सङ्गठन रब्सनविरोधी प्रतिक्रियावादी शक्तिका रूपमा सङ्गठित भएर गुण्डागर्दीमा उत्रियो । सरकारले त्यही गुटलाई टेकोपुडो दिन थाल्यो ।

१९४७ भन्दा पहिले नै पल रब्सन मजदुर अधिकारका पक्षधरका रूपमा स्थापित भइसकेका थिए । एक दर्जन मजदुर युनियनले उनलाई आजीवन सदस्यता दिएर सम्मानित गरेका थिए । रब्सन ती युनियनका सम्मेलनहरूमा अतिथि कलाकारहरूका रूपमा भाग लिन्थे । तिनीहरूको विरोध प्रदर्शन र धर्नाका कार्यक्रममा सहभागी हुन्थे । र, ती युनियनको सहयोगार्थ 'सहयोग सङ्गीत सन्ध्या' को आयोजना गर्थे । त्यतिबेला मान्छेको जिन्दगीमा सामान्य भएको शीतयुद्धको राजनीति र त्यस राजनीतिको चाकर बनेको न्यायपालिकाले मजदुर युनियन र पल रब्सनको जिन्दगीमा उथलपुथल ल्याइदियो । राष्ट्रपति ह्यारी ट्रुमनको कम्युनिस्टविरोधी विदेश नीति र मजदुरमारा टाफ्ट हर्टले कानुनजस्ता कानुनहरूले मजदुर सङ्गठनलाई अप्ठ्यारो ठाउँमा पुऱ्याए । कि त उनीहरूले कम्युनिस्ट उन्मूलन गर्ने अमेरिकी विदेश नीतिको समर्थन गर्दै आफ्नो सङ्गठन र आन्दोलन निर्माणमा अहम् भूमिका निर्वाह गर्दै आएका क्रान्तिकारी तत्त्वलाई निष्कासित गर्नुपर्ने भयो कि सत्ताबाट हुने दमन, आक्रमण र तोडफोडको सामना गर्नुपर्ने भयो । चरम दमनको प्रारम्भिक चरणमा आन्दोलनले अस्थायी धक्का खायो । त्यो पराजित भयो र त्यसले पल रब्सनजस्ता क्रान्तिकारी आन्दोलनकारीलाई आफूबाट बाहिर निकाल्यो । सरकारसँग घाँटी जोड्न पुगेका दलाल सङ्गठनहरूले रब्सनलाई आफ्नो कार्यक्रममा बोलाउनै छोडे । कतिले त उनलाई प्रदान गरिएको आजीवन सदस्यतासमेत खारेज गर्ने कोसिस गरे । १९४८ देखि १९५५ का बीचमा अमेरिकी सत्ताले गद्दार भनेर खेदो गरेका सङ्गठनहरूले मात्रै पल रब्सनलाई आफ्नो कार्यक्रममा आमन्त्रण गर्थे ।

१९४८ मा पल रब्सनले प्रोग्रेसिभ पार्टीप्रति समर्थन जनाए । यसले डेमोक्रेटिक पार्टीमा रहेका सत्ताका दलालहरूसँग उनको अन्तरविरोध चर्काउने काम गऱ्यो । ट्रान्सपोर्ट ओर्कर्स युनियनका अध्यक्ष माइकल क्विलले त्यस्ता दलालहरूमा उत्पन्न रब्सनविरोधी प्रतिक्रियाको प्रतिनिधित्व गरेका छन् । १९४८ मा न्युयोर्कमा राज्यको चुनावमा रिपब्लिक पार्टीले डेमोक्रेटिक पार्टीलाई पराजित गऱ्यो । यस हारको दोष प्रोग्रेसिभ पार्टी र पल रब्सनमाथि लगाइयो । १९४९ मा सम्पन्न नेसनल मेरिटाइम युनियनको राष्ट्रिय सम्मेलनमा क्विलले पल रब्सनलाई भित्तै पुऱ्याएर गाली गरे । पल रब्सनले पनि दलालसँग कतै सम्झौता गरेनन् । उनले राष्ट्रपति ट्रुमनलाई खुला चुनौती दिएर डेमोक्र्याट पार्टीका विरुद्धमा आफूलाई उभ्याए ।

आफ्ना जनपक्षीय राजनीतिक गतिविधिका कारण पल रब्सनले थुप्रै दुश्मन कमाए । ठीक त्यही बेला आर.जे. रेनोल्ड्स टोब्याको कम्पनीका विरुद्ध विन्सटर सलेमका निग्रो मजदुरहरूले सञ्चालन गरेको आन्दोलनलाई रब्सनले समर्थन गरे र त्यसको सहयोगका लागि सङ्गीत कार्यक्रमको आयोजना गरे । त्यसैबेला पल रब्सनसँग *रुसी रेडियो संस्थाले* लिएको अन्तर्वार्ता न्युयोर्कमा प्रकाशित गरियो । त्यो अन्तर्वार्तामा रब्सनले चुरोट कारखानामा काम गर्ने मजदुरको नारकीय जीवनलाई जस्ताको तस्तै जनतासामु प्रस्तुत गरेका थिए । सरकारी अधिकारीले रब्सनको यस कदमलाई दबाउन कडा नीति अपनाए । त्यो आन्दोलनमाथि बज्रप्रहार भयो । चर्को दमनको मारमा परेर आन्दोलन क्षतविक्षत भयो ।

तर, पल रब्सनलाई कसैले दबाउन सकेन । १९४८ मा उनले हवाई द्वीपको यात्रा गरे र त्यहाँका उखु तथा भुइँकटहर मजदुरहरूको सङ्गठन लङ्गसोरमेन्स एन्ड वेयरहाउसमेन्स युनियनको समर्थनमा गतिविधि गरे । त्यहाँ रब्सनमाथि कम्युनिस्ट पार्टीको सहयोगी भएको अभियोग लगाइयो । ठाउँ-ठाउँमा मण्डलेहरूले उनलाई मार्ने धम्की पनि दिए ।

युनाइटेड पब्लिक ओर्कर्स युनियनले सोही साल पल रब्सनलाई सिल्भर-रोल्स ओर्कर्स युनियनका मजदुरहरूलाई सहयोग गर्न पनामा नहर क्षेत्रमा पठाउने निर्णय गऱ्यो । सरकारी अधिकारीहरू यो यात्राको विरुद्धमा थिए र तिनले रब्सनलाई रोक्न हरसम्भव षड्यन्त्र गरे । तर, रब्सन पनामा गई छोडे । उनले त्यहाँ काम गर्ने अश्वेत कर्मचारीप्रति गरिने दुर्व्यवहारको प्रतिवाद र भण्डाफोर गरेर अमेरिकी सत्ताको नाङ्गो अनुहार दुनियाँसामु प्रस्तुत गरे ।

१९४९ झन् धेरै अनिष्ट बोकेर आयो । सरकार र पुँजीपतिहरू त रब्सनविरोधी छँदै थिए, तिनका साथमा मजदुरहरूको एउटा गुट पनि उनको विरोधमा सक्रिय भयो । उनका कार्यक्रमहरू मात्र होइन, रेकर्डिङका सम्झौताहरू पनि बिनाकारण खारेज हुन थाले । उनलाई नजरबन्दमा राखियो । उनका रेडियो कार्यक्रम र सार्वजनिक कार्यक्रमहरू प्रतिबन्धित भए । उनको आम्दानी स्वात्तै घट्यो । १९४९ को फरवरीमा रब्सन अमेरिकाबाट बाहिर निस्किए । बेलायत र युरोपका अरू मुलुकहरूमा उनले ठूलठूला सङ्गीत कार्यक्रमहरू दिए । आर्थिक दृष्टिले यो यात्रा अत्यन्तै सफल रह्यो । यसले पल रब्सनको आत्मविश्वास बढायो । उनको ख्याति बढायो । तर, उनको अनुपस्थितिमा अमेरिकामा उनको सार्वजनिक जीवन ध्वस्तै पार्ने षड्यन्त्र सुरु भयो । झन्डै उनको नागरिकता पनि खोसियो ।

अमेरिकामा आफू र मजदुर युनियनमाथि भएको दमनलाई पल रब्सनले युरोपमा लुकाएनन् । उनले बेलायतमा पुगेपछि अमेरिका फर्किएर आफू ती कम्युनिस्टहरूको पक्षमा उभिने घोषणा गरे- जसमाथि न्युयोर्कमा मुद्दा चलाइँदै थियो । त्यसपछि उनले फ्रान्सका शान्तिप्रेमीहरूद्वारा आयोजित विश्व शान्ति सम्मेलनमा भाग लिए । उनका यी दुवै गतिविधिले अमेरिकी सरकारलाई झन् क्रुद्ध तुल्यायो ।

रब्सनले सबै ठाउँमा अमेरिकी सरकारको जातिवादी नीतिको धज्जी उडाए । उनले अमेरिकी नीतिलाई हिटलरका नाजी नीतिहरूसँग तुलना गरे । उनले राष्ट्रपति ट्रुमनको चारपाते क्लबको, विशेष गरेर अफ्रिकाली जनताका लागि तयार पारिएको दासताको कार्यक्रम भनेर विरोध गरे । त्यतिबेला उनले दिएको तलको वक्तव्य अन्तर्राष्ट्रिय रूपमै अत्यन्तै विवादास्पद मानिएको थियो ।

'एउटा पिँढी पनि नबित्दै हाम्रा दाजुभाइ-दिदीबहिनीहरूलाई मानवीय सम्मानको गौरव प्रदान गर्ने सोभियत सङ्घका विरुद्ध आफूलाई पिँढीयौँदेखि अत्याचार गर्दै आएकाहरूसँग मिलेर अमेरिकाका काला जातिहरू युद्ध गर्न जाने छैनन् ।'

न्युयोर्क टाइम्समा रब्सनको भनाइ छापियो र सोही अङ्कमा त्यसका विरुद्धमा सम्पादकीय पनि लेखियो । त्यसपछि अमेरिकी सत्ताले 'अमेरिकाका काला नागरिकहरू मरे पनि रुसका विरुद्ध नलड्ने भए' भन्ने कुप्रचार चलायो ।

यस कुप्रचारले रब्सनविरोधी आक्रोशलाई चरमचुलीमा पुऱ्यायो । अमेरिकी विदेश नीतिका सूत्रधारहरू त्यतिबेला कोरियामाथि आक्रमण तयारी गरिरहेका थिए, त्यो युद्धमा मान्छे पठाउन पनि उनीहरूले रब्सनलाई ठेगान लगाउनैपर्ने ठहर गरे । सङ्घीय सरकारका प्रमुखहरूले देशभरिका काला जातिका नेताहरूको एउटा लामो सूची बनाए । ती सबैलाई राजधानी वासिङ्टनमा बोलाइयो । उनीहरूलाई रब्सनमाथि आक्रमण गर्न, उनीमाथि झूटा लान्छनाहरू लगाउन र उनको अपमान गर्ने वक्तव्यहरू दिन बाध्य पारियो । काला जातिहरू अमेरिकाका लागि लड्छन् भनेर सरकारलाई आश्वस्त पार्ने प्रमाणहरू दिन उनीहरूमाथि दबाब दिइयो । र, त्यहाँ भेला पारिएका अधिकांश नेताहरूले त्यही आश्वासन दिए- जुन अमेरिकी सरकारले खोजेको थियो ।

१६ जुन १९४९ मा पल रब्सन युरोपको भ्रमण सकेर अमेरिका फर्किए । उनलाई लिन आउनेहरूमा २० जना सशस्त्र प्रहरी पनि थिए । यो बन्दी स्वागत भावी दिनको सङ्केत थियो । त्यसको केही दिनपछि रब्सनले न्युयोर्क सिटीको रकल्यान्ड प्यालेसमा अत्यधिक उत्तेजनासहित भेला भएका हजारौँ जनतालाई सम्बोधन गरे । अमेरिकी सत्ताका चाकरहरूले रब्सन बहुलाएको हल्ला चलाए । तर, माथिल्लो तहबाट चलाइएको कुप्रचार र फैलाइएको घृणाबाट अप्रभावित आममजदुरहरूको हजारौँ सङ्ख्या प्रवासबाट घर फर्किएको आफ्नो नायकलाई स्वागत गर्न र बैरीहरूको सातो खाने उनको भाषण सुन्न रकल्यान्ड प्यालेसमा आयो । ती मजदुरहरूले निरास हुनुपरेन । चेतावनीपूर्ण शब्दहरूले वातावरणलाई तताउँदै बैरीहरूमाथि आक्रमण गर्दा रब्सनले एक जनालाई पनि छोडेनन् । सत्ताको दलाली गरेर आफ्नाविरुद्ध घृणा र कुप्रचारको पर्खाल उभ्याउन खोज्ने काला नेताहरूलाई त उनले थिलथिलो नै पारे । त्यो प्रहारपछि सरकारको माथिल्लो ओहोदातिर रब्सनका मित्रहरू एकाध मात्रै बाँकी रहे । तर, सत्ताबाट अत्यन्तै धेरै सताइएका, धम्काइएका र यातना दिइएका वामपन्थी र राजनीतिक व्यक्ति र अश्वेत पङ्क्तिको आमनागरिक रब्सनको वरिपरि पहिलेभन्दा घनिष्ट ढङ्गले एकताबद्ध भए ।

सङ्घीय सरकार झन् आक्रामक भयो । त्यसले रब्सन र उनको पक्षमा भएका वामपन्थी सङ्गठनहरूमाथि आक्रमण केन्द्रित गऱ्यो । सरकारको कार्यपालिकाका दुवै सदनहरू र न्यायपालिकालाई गोलबन्द गरेर अमेरिकी सत्ताले कम्युनिस्टविरोधी विदेश नीतिअनुरूप राष्ट्रिय नीति तर्जुमा गर्न र त्यसलाई व्यवहारमा उतार्न निर्देशन दियो । व्यवस्थाका तीनै अङ्गहरू रब्सनमाथि खनिए । एउटा नागरिकका विरुद्ध सत्ताको यो लडाइँ अत्यन्तै घीनलाग्दो थियो । 'हाउस अन-अमेरिकन एक्टिविटिज कमिटी' समक्ष रब्सनलाई दुई सयपटक उपस्थित गराइयो र चरम मानसिक यातना दिइयो । कमिटीले उनीसँग, उनी कम्युनिस्ट हुन् कि होइनन् भन्ने प्रश्न गर्दा पहिलोपटक उनले आफू कम्युनिस्ट नभएको जानकारी गराए । तर, त्यो प्रश्न प्रत्येकपटकको तारेखमा उठ्न थालेपछि उनले म यसको जवाफ दिन्नँ भनेर प्रतिवाद गरे । उनले भने- 'कुनै पनि मानिसको राजनीतिक विश्वासका बारेमा प्रश्न गर्नु असंवैधानिक कार्य हो ।'

काला बादलहरू बाक्लिँदै गए । त्यसैबेला 'सिभिल राइट कङ्ग्रेस' ले पल रब्सनले २७ अगस्ट १९४९ का दिन उक्त संस्थाको सहयोगार्थ एक सङ्गीत कार्यक्रमको आयोजना गर्ने घोषणा गऱ्यो । जनकलाकार सङ्घले लेकल्यान्डको सार्वजनिक जग्गा भाडामा लिएर उक्त सङ्गीत कार्यक्रमको व्यवस्थापन कार्य सुरु गऱ्यो । त्यसको लगत्तै पिकस्किल जुनियर च्याम्बर अफ कमर्सले उक्त सङ्गीत कार्यक्रमको भर्त्सना गर्दै त्यसमाथि जाई लाग्न सबैसमक्ष आह्वान गऱ्यो । आयोजकहरूले त्यो आह्वानको वास्ता गरेनन् । उनीहरू आफ्नो तयारीमा लागिरहे । उनीहरूले एउटा गम्भीर गल्ती गरे । १९४७ मा अबलेनीमा रब्सनमाथि आक्रमण गर्नेहरू त्यही पिकस्किलमा बसोबास गर्ने भूतपूर्व सैनिकहरू थिए । १९४८ मा तिनीहरूले नै पल रब्सनका सङ्गीत कार्यक्रमहरूको विरोधमा वक्तव्य दिएका थिए । ठीक त्यतिबेलै पनि तिनीहरूले रब्सनको सङ्गीत समारोहमाथि आक्रमण गर्ने धम्कीपूर्ण वक्तव्यहरू दिएका थिए ।

सङ्गीत सन्ध्या नजिकिँदै थियो । सँगसँगै आक्रमणकारी युद्धबाट सेवानिवृत्त भएका सैनिकहरूको सङ्गठन, क्याथोलिक र यहुदी सैनिकहरूको सङ्गठन र च्याम्बर पनि रब्सनविरोधी अभियानमा ज्यान फालेरै लागिरहे । आफ्नो सङ्गीतविरोधी घृणालाई तिनीहरूले स्थानीय रेडियो र अखबारमार्फत घिनलाग्दो गरी प्रदर्शित गरे । पिकस्किल र न्युयोर्क सिटीका थुप्रै जनसङ्गठनले स्थानीय र सङ्घीय अधिकारीसमक्ष प्रजातान्त्रिक अधिकारको रक्षा गर्न अनुरोध गरे । तर, कतै तिनको आग्रह सुनिएन । तिनीहरूले फौजी सङ्गठन र च्याम्बरका पदाधिकारीलाई सम्झाउने कोसिस गरे । तर, त्यहाँ पनि तिनीहरू असफल भए । तिनीहरूले फौजी सङ्गठन र च्याम्बरका पदाधिकारीलाई सम्झाउने कोसिस गरे । तर, त्यहाँ पनि तिनीहरू असफल भए । उनीहरूले गभर्नर डेभीसम्म यो समस्या पुऱ्याए तर उनले पनि गुनासोप्रति गम्भीरता देखाएनन् । हिंसा र रक्तपातको खतरा झनै बढेर गयो ।

त्यसैबेला अमेरिकी महान्यायाधिवक्ताले सिभिल राइट कङ्ग्रेस कम्युनिस्ट पार्टीको मोर्चा सङ्गठन भएको र पल रब्सन त्यसको प्रमुख समर्थक भएको वक्तव्य दिए । उनको यो बेतुक टिप्पणीले पिकस्किलको तनाव बढाउने नै काम गऱ्यो । त्यसपछि जनकलाकार सङ्घलाई लालमोर्चा सङ्गठनका रूपमा प्रचार गरियो । रब्सनविरोधीहरूले यी दुवै टिप्पणीलाई आफ्नो पक्षमा प्रयोग गरे । उनीहरूले आफू प्रखर देशभक्त भएको र रब्सन कम्युनिस्ट भएको प्रचार गरेर स्थानीय जनतालाई भड्काउने प्रयास गरे ।

फौजी र तिनका सहयोगीहरूले सङ्गीत कार्यक्रम हुने ठाउँअघिल्तिरको बाटोमा परेड खेले । यो परेड एउटा आतङ्क थियो । ती सबैले सैनिक पोसाक लगाएका थिए र हातमा लाठी, चुप्पी र ढुङ्गा समातेका थिए । सङ्गीत समारोह आरम्भ हुनुभन्दा ठीक अगाडि सडकमा निस्किएको त्यो आतङ्ककारी डफ्फालाई सरकारी अधिकारी र पुलिसको नाङ्गो संरक्षण थियो । सङ्गीत सन्ध्या सुन्न गएका मानिसलाई ती आततायीहरूले बाटाबाटैमा रोके । अगाडि बढ्ने बाटो नदेखेपछि मानिसहरू फर्किन खोजे । अकस्मात् उनीहरूमाथि आततायीहरूको आक्रमण खनियो । मानिसहरू ढुङ्गा लागेर घाइते भए ।

आयोजकलगायतको एउटा ठूलै समूह समारोहस्थलभित्र पहिले नै छिरिसकेको थियो । बाहिरका श्रोताहरूलाई आक्रमण गरेर भगाएपछि आतङ्कवादीहरूले कार्यक्रमस्थलमा आक्रमण गरे । आयोजकहरूले महिला र केटाकेटीलाई बीचमा राखेर आफ्नो प्रत्याक्रमण

फर्काए । आयोजकहरूको कडा प्रतिवादको सामना गर्न नसकेपछि आततायीहरूले मञ्च भत्काइदिए । बाजागाजा ध्वस्त पारे र कपडा र अन्य सामान एकै ठाउँ भेला गरेर आगो लगाइदिए ।

सयौँ निर्दोष नागरिकहरू घाइते भए- सङ्गीतको सुन्दर आयोजना आगोको लपेटामा खरानी भयो ।

■

# दुई साथीलाई सम्भँदा

' केदार न्यौपाने

० ३२ चैत १४ गते म वीरगन्ज मिलनदेवीको घरमा थिएँ । मसँग हुनुहुन्थ्यो- मदन ढुङ्गेल, पवन मुडभरी, रामीचन्द ठकुरी र राकेश । हामी सबै तत्कालीन को-अर्डिनेसन केन्द्रका भूमिगत कम्युनिस्ट कार्यकर्ता थियौँ । त्यसबेला को-अर्डिनेसन केन्द्र चारु मजुमदारको लाइनमा काम गर्थ्यो । पार्टीले मलाई बारा जिल्लामा काम गर्न पूर्णकालीन कार्यकर्ताका रूपमा पठाएको थियो । एउटा बैठकका सिलसिलामा त्यस दिन म वीरगन्ज आएको थिएँ, कमरेड अमृत बोहरासँग । अमृत बोहरा त्यही दिन अन्यत्रै जानुभयो । हामी जुन कोठामा बस्यौँ, त्यो भाडामा लिइएको थियो । घरधनी मिलनदेवीलाई हामी कम्युनिस्ट कार्यकर्ता भएको कुरा थाहा थिएन । हामी त्यस घरमा बसेको कुरा पञ्चायती पुलिसले थाहा पाएछ- सुराकीबाट । राती एक बजेतिर हामी अचानक गिरफ्तार भयौँ । हामीलाई कोठाभित्र भित्तामा अडेस लगाएर हलचल नगर्ने गरी पाता फर्काएर ठिङ्ग उभ्याइयो र प्राथमिक सोधपुछ गरियो । यसपछि दुई घण्टाजति कोठाको खानतलासी भयो । झिसमिसेमै हामी वीरगन्ज प्रहरीको कार्यालयको साँघुरो फोहोरी खोरमा पुऱ्याइयौँ । यसरी सुरु भयो यातनाको प्रस्थानविन्दु ।

राकेश प्रहरीसमक्ष आत्मसमर्पण गरेर तत्कालै छुटे । केहीअघिसम्म हाम्रा घनिष्ट मित्र हामीसँग निमल्ने गरी टाढिए । उनको व्यवहारप्रति बाँकी हामी सबै खिन्न, दुःखित र आक्रोशित भयौँ । पवन मुडभरी, रामीचन्द्र ठकुरी, मदन ढङ्गेल र मैले हुनसम्मको यातना भोग्यौँ कस्टडीमा र जेल हालियौँ । प्रहरीको यातना र राकेशको पलायनले हामीलाई दुःखायो तर घुँडा टेकाएन, आस्था भाँचिएन । त्यसबेला हामीसँग केही कागजात पनि पक्रिएको थियो- प्रहरीले । ती कागजातमध्ये पवन मुडभरीको डायरीमा केही नामहरू फेला पऱ्यो । ती नाममध्ये एउटा नाम थियो- प्रल्हाद गिरीको । प्रल्हाद गिरी पनि पक्राउ पर्नुभयो । त्यसपछि हामी सँगै जेल बस्यौँ- केही समय । त्यस समयदेखि म प्रल्हादजीलाई जान्दछु ।

जिन्दगीमा धेरै उतारचढाव आए । रामीचन्द्र ठकुरी दुर्घटनामा बित्नुभयो । पवन मुडभरी पार्टी काम छाडेर सामान्य जीवन बिताउन लाग्नुभयो । मदन ढुङ्गेल गएको केही समयदेखि सुन्दछु राजाको कदमलाई समर्थन गर्दै बफादार राजभक्तमा रूपान्तरित हुनुभयो । प्रल्हाद गिरी केही दिनअघि मात्र आफू रहेको पार्टी नेकपा (एमाले) लाई सत्तोसराप गर्दै गर्वका साथ राजतन्त्र- जिन्दावादमा समाहित हुनुभयो । यी दुई साथीको उल्टो रूपान्तरण मेरो कल्पनाभन्दा बाहिरको कुरा थियो । जिन्दगी सादगी नै थियो- कुरा अचाक्ली क्रान्तिकारी थिए ।

जे भए पनि प्रल्हाद गिरी र मदन ढुङ्गेलको प्रतिगमन प्रवेशले मलाई इतिहासको मीठो सम्झना गराएको छ । अब ३० वर्षअघि (०३२ साल) को त्यो गिरफ्तार टोलीमा म आफू मात्र बाँकी रहेको अनुभूति मलाई भएको छ । यसमा आफूप्रति चाहिँ मैले गर्वै गर्नुपर्छ । पवन मुडभरीलाई म धन्यवाद दिन चाहन्छु- उहाँ समयमै निजी काममा लाग्नुभयो र जनता भएर जिउने बाटो रोज्नुभयो । फूर्ति देखाएर, दोहोरो कुरा गरेर वाम आन्दोलनलाई नोक्सान गर्नुभएन ।

राकेश सामान्य समर्थक थिए, प्रहरीको यातनाबाट डराएर उनी हामीबाट अलग भए । उनले पनि बाँकी कुनै फूर्ति देखाएनन् । उनलाई महत्त्व दिएर गाली गर्नुको ठूलो अर्थ छैन । रामीचन्द्र दुर्घटनामा बित्नुभयो । उहाँ असल साथी हुनुहुन्थ्यो । उहाँलाई म सम्मान गर्न चाहन्छु ।

मदनजी र प्रल्हादजीको कुरा भने मलाई अलिक अर्कै लागेको छ । उहाँहरू पार्टी छोडेर वैचारिक पलायन हुनुभएकोमा मलाई भन्नु केही छैन । आ-आफ्नो विचार हो, मानिसले विचार फेर्न पाउँछ । तर, सुन्दा त्यो सुहाउने देखिनुपर्छ । पलायनलाई पलायन नै स्वीकार्नु इमानदारी हुन्छ । नेकपा (एमाले) मा विकृति-विसङ्गति आएका कारण आफूले विद्रोह गरेको भान छर्नु आफैँमाथिको बेइमानी हुन्छ । पलायन हुने जो-कोहीले भन्न सक्नुपर्छ : 'कम्युनिस्ट आन्दोलनमा लाग्दालाग्दै हामी वृद्ध हुन लाग्यौँ, हामीले केही भौतिक लाभ पाएनौँ र पाउने छाँट पनि देखेनौँ, हामीलाई केही भौतिक लाभ चाहिएको छ, यसका लागि हामी कम्युनिस्ट पार्टी मुर्दावाद- राजा जिन्दावाद भन्न तयार भएका छौँ । कुनै निजी

भौतिक लाभ नपाउने पार्टीमा समय खेर फालेकोमा हामीलाई पश्चात्ताप छ । त्यसबेला राकेशले गरेको काम राम्रो थियो । आफूले अहिले जे गर्दैछौँ- त्यो ३० वर्षअघि प्रहरी कस्टडीमा राकेशसँगै गर्नुपर्ने थियो ।' यो इमानदार पलायनवाद हुन्छ ।

म मदन र प्रल्हादलाई सम्झिरहन्छु । बिर्सन नसक्ने घडीहरू हामीले बितायौँ । एउटै कारणले एउटै चोट खायौँ, एउटै पीडा भोग्यौँ, एउटै अठोटमा खडा भयौँ । चोट, पीडा, सुस्केरा, आँसुको एउटै कारण हो- राजतन्त्र । अनि, हाम्रो एउटै अठोट हो- राजतन्त्रको अन्त्य । यसो गरेर हामीले गल्ती गरेनौँ ।

यी दुई साथीलाई सम्झँदा भन्न मन लागेको कुरा यही हो ।

*- १९ साउन ०६२*

# सरकारी बजेट प्रणाली

## ' डा. गोविन्दबहादुर थापा

बजेट के हो ?

सरकारले आउँदो आर्थिक वर्ष मुलुकमा गरिने आम्दानी र खर्चको अनुमानको विवरण स्वीकृतिका निमित्त प्रतिनिधिसभामा पेस गर्ने दस्तावेजलाई बजेट भनिन्छ । यस्तो दस्तावेजमा आम्दानी र खर्चको औचित्य पुष्टि गर्ने आधारको विश्लेषण गरिन्छ । साथै, मुलुकमा देखा परेका समस्या समाधान गर्ने नीति तथा कार्यक्रमहरूको संक्षिप्त वर्णन पनि गरिन्छ, जसका आधारमा संसद्ले त्यस्तो प्रस्तावलाई स्वीकृति दिन्छ । बजेट सरकारले आउँदो वर्ष अपनाउने विकास नीति तथा कार्यक्रम, त्यसलाई कार्यान्वयन गर्न लाग्ने खर्च, त्यो खर्च जुटाउने स्रोतहरू र त्यसबाट देशको जनजीवनमा पर्ने असरका बारेमा उल्लेख गरिएको विवरण स्वीकृतिका लागि संसद्मा पेस गरिने दस्तावेज हो । यो दस्तावेज प्रजातान्त्रिक व्यवस्थाको एउटा महत्त्वपूर्ण विशेषता हो । बजेट आवधिक विकास योजना (पञ्चवर्षीय वा अन्य अवधिको) वार्षिक अंश पनि हो । बजेट सरकारले सम्पूर्ण क्षेत्रको विकासका निमित्त अपनाउने नीतिपत्र पनि हो । बजेट सरकारको सीमित साधन र खर्चबीच सन्तुलन मिलाउन तयार गरिने दस्तावेज पनि हो ।

नामकरण कसरी भयो ?

बजेट शब्दको सुरुआत फ्रेन्च भाषाको द्ययगनभतत बाट भएको हो । यो शब्दको अर्थ हुन्छ- छालाको सानो थैलो । शब्दको सुरुआत फ्रेन्च भाषाबाट भएता पनि आधुनिक बजेट प्रणालीको अभ्यास भने सर्वप्रथम बेलायतबाट भएको हो । बेलायतका तत्कालीन अर्थमन्त्री सर वाल पोलले सन् १७३३ मा सरकारी आय र व्ययको विवरण छालाको सानो झोलामा राखेर त्यहाँको संसद्मा पेस गर्न गएका थिए । पछि संसद्मा अर्थमन्त्रीले पेस गर्ने सरकारी आय र व्ययको विवरणलाई नै बजेट भन्न थालियो । साथै, पछि अरू देशमा पनि अर्थमन्त्रीले सरकारी आय र व्ययको विवरणलाई छालाकै व्यागमा (हाल छालाको ब्रिफकेसमा) राखेर संसद्मा पेस गर्न जान थाले । यसरी बजेट शब्द प्रचलनमा आएको हो ।

कसरी सुरुआत र विकास हुँदै आयो ?

सरकारको आय तथा व्ययको विवरण बनाउने कार्य झन्डै सरकार नामको संस्थाको सुरुआत भएदेखि नै हुने गरेको भएता पनि आधुनिक ढाँचाको बजेट प्रणालीको सुरुआत भने धेरै पछि मात्र भएको देखिन्छ । । यस प्रणालीको सुरुआत अकस्मात् र अप्रत्यासित रूपमा भएको नभई बेलायतका जनता र त्यहाँका राजाबीचको लामो द्वन्द्वको परिणामस्वरूप भएको हो । सुरुमा बेलायतका राजाले स्वेच्छाले कर लगाउने गर्दथे । जनताले सङ्घर्ष गरेर राजाको त्यो अधिकार खोसे र आफू वा आफ्ना प्रतिनिधिको स्वीकृतिमा मात्र कर लगाउन सकिने व्यवस्था स्थापित गरे । तर, बेलायती जनतालाई सरकारको आम्दानीको स्रोतमा मात्र नियन्त्रण गरेर चित्त बुझेन । किनभने, कानुन बनाएर उठाएको राजस्व राजाले मनपरी ढङ्गले खर्च गरेको बेलायती जनतालाई स्वीकार्य भएन । त्यसैले उनीहरूले त्यो आम्दानीको खर्च गर्ने कार्यलाई समेत नियन्त्रित गर्नुपर्ने महसुस गरे र राजाबाट त्यो अधिकार खोस्न उनीहरूले सङ्घर्ष गरे । अन्त्यमा त्यो अधिकार लिएरै छोडे । यसरी सरकारको आम्दानी र खर्चको विवरण एकैसाथ तयार गरी संसद्मा पेस गर्ने परम्परा सर्वप्रथम बेलायतमा सुरु भयो । सन् १६८९ को द्यर्षी या च्ष्नजतक अनुसार संसद्बाट पारित कानुनबमोजिमबाहेक कुनै प्रकारको कर जनतामा लगाउन नपाइने र सरकारी कोषबाट खर्च पनि गर्न नपाइने कानुनी व्यवस्था गरियो । तर, आधुनिक ढङ्गको बजेट अर्थमन्त्रीले संसद्मा पेस गर्ने र स्वीकृति लिने व्यवस्था भने सन् १७३३ मा मात्र सुरु भएको हो । आम्दानी र खर्चको विश्लेषणसहित विवरण पेस गर्ने परम्परा भने बेलायतमा सन् १८०२ देखि मात्र सुरु भएको हो । यसैअनुरूप भारतमा सन् १८५८ देखि, अमेरिकामा सन् १९२१ देखि र नेपालमा वि.सं.२००८ देखि आधुनिक बजेट प्रणालीको सुरुआत भएको हो ।

बजेट कति किसिमका हुन्छन् ?

बजेट समान्यतया तीन प्रकारका हुन्छन्, जसलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

(क) वार्षिक वृद्धिमा आधारित बजेट ९क्ष्लअचभझभलतबी द्यगमनभतष्लन०

(ख) शून्यमा आधारित बजेट ९श्भचय(दबकभम द्यगमनभतष्लन०, र

(ग) कार्यक्रम बजेट ९एचयनचबक द्यगमनभतष्लन० ।

विगतदेखि हुँदै आएको खर्च र साधनको स्थितिमा आउँदो वर्ष उचित किसिमको वृद्धि गरेर तर्जुमा गरिने बजेटलाई वृद्धिमा आधारित बजेट भनिन्छ । यसअन्तर्गत परम्परागत निकाय, आयोजना तथा कार्यक्रमहरूमा बजेट थप्दै जाने मात्र काम हुन्छ । प्रत्येक चालू आयोजनालाई प्रत्येक वर्ष तत्कालको लागत र लाभको आधारमा मूल्याङ्कन गरी चालू राख्ने कि नराख्ने भन्ने आधारमा तर्जुमा गरिने बजेट प्रणालीलाई शून्यमा आधारित बजेट प्रणाली भनिन्छ । यस आधारमा चालू आयोजनाहरूलाई स्वतः बजेट विनियोजन गर्नुपर्दछ भन्ने हुँदैन । तत्कालीन अवस्थामा अरू नै आयोजना महत्त्वपूर्ण लागेमा चालू आयोजना पूर्ण रूपमा स्थगित गरी उच्च लाभका नयाँ आयोजनाहरू स्वीकृत गर्न सकिन्छ । त्यसैले प्रत्येक चालू आयोजनालाई बजेट विनियोजनको दृष्टिले शून्यमा झर्ने

सम्भावना हुन्छ । यसका लागि प्रत्येक आयोजना र कार्यक्रमलाई प्रत्येक वर्ष नयाँ परिस्थितिमा समग्र रूपमा मूल्याङ्कन गरिन्छ । यो बजेट प्रणाली सर्वप्रथम सन् १९७० मा अमेरिकामा निजी क्षेत्रले सुरु गरेको थियो । पछि पूर्वराष्ट्रपति जिम्मी कार्टरले आफू गभर्नर हुँदा जर्जिया राज्यमा लागू गरेका थिए । उनले आफू राष्ट्रपति भएपछि सन् १९७७ मा सङ्घीय सरकारमा पनि यो बजेट लागू गर्ने आदेश दिएका थिए ।

कार्यक्रम बजेट प्रणालीअन्तर्गत कुनै एक आयोजना वा कार्यक्रमका विभिन्न मुख्यमुख्य क्रियाकलापहरूलाई विभिन्न अलगअलग भागमा विभाजन गरी त्यसैको आधारमा बजेट बाँडफाँट गरी तयार गरिन्छ । यो प्रणालीअन्तर्गत साधनको विनियोजन कुनै निकायको आधारमा नगरी विकास कार्यक्रमका विभिन्न पक्षहरूका आधारमा गरिन्छ । यसअन्तर्गत लगानीबाट हुने प्रत्यक्ष लाभ मात्र नहेरी समग्र अर्थतन्त्रको सन्दर्भमा त्यसको महत्त्वको आधारमा उपलब्ध भएसम्मका अन्य विकल्पहरूको समेत लाभ र लागत विश्लेषण गरी उपयुक्त ठहरिएका आयोजनाहरूमा मात्र लगानी केन्द्रित गरिन्छ, यसलाई नेपालमा सर्वप्रथम वि.सं. ०२५ मा लागू गर्ने प्रयास गरिएको थियो । तर, सूचना तथा प्राविधिक जनशक्ति एवम् राजनीतिक प्रतिबद्धताको अभावका कारणले त्यो प्रयासले सार्थक रूप लिन सकेन । कार्यक्रम बजेट विकास कार्यक्रम र बजेटको एकीकरण हो । यसअन्तर्गत निम्न पाँच चरणहरू हुन्छन् :

(क) लक्ष्य वा उद्देश्य निर्धारण,
(ख) लागत र लाभको तुलनात्मक विश्लेषण,
(ग) वैकल्पिक उपायको खोजी र विश्लेषण,
(घ) लक्ष्यसँग लागत र लाभको सम्बन्ध, र
(ङ) बजेट विनियोजन ।

यसअन्तर्गत सर्वप्रथम कुनै निकाय वा सङ्गठनको समष्टिगत लक्ष्य वा उद्देश्य निर्धारण गरिन्छ, सो उद्देश्य पूरा गर्न वैकल्पिक कार्यक्रमहरूको मूल्याङ्कन गरिन्छ, त्यस्ता कार्यक्रमहरूको लाभ र लागत निर्धारण गरिन्छ र अन्तमा त्यसैका आधारमा बजेट विनियोजन गरिन्छ । यसअन्तर्गत उद्देश्यसँग सम्बन्धित सम्पूर्ण कार्यक्रमहरूलाई एबअपबनभ को रूपमा तयार गरी बजेट विनियोजन गरिन्छ । कुनै निकाय वा क्षेत्रको हालको स्थितिबाट लक्षित स्थितिमा पुग्नका निमित्त बीचको अन्तर वा दूरी पहिचान गर्ने, त्यसलाई पुर्न भौतिक, मानवीय तथा वित्तीय साधनहरूको बाँडफाँट गरी कार्यान्वयन गर्ने प्रक्रिया कार्यक्रम बजेटिङ हो । कार्यक्रम बजेट प्रणाली सर्वप्रथम सन् १९६१ मा अमेरिकामा सुरुआत गरिएको थियो । तर, विस्तृत सूचनाहरूको आवश्यकता पर्ने र तर्जुमा गर्ने जटिल प्रक्रिया भएका कारणले यस किसिमको बजेट प्रणालीलाई व्यवहारमा उतार्न सम्भव भएन ।

बजेटका सार्वभौम विशेषताहरू के हुन् ?

बजेट मुलुकको वार्षिक विकासको वार्षिक योजना पनि हो । बजेटमा दिइएका सम्पूर्ण अनुमानित अङ्कहरू कार्यान्वयन हुँदै जाँदा वास्तविक अङ्कहरूमा रूपान्तरित हुँदै जाने भएकाले तिनलाई यथाशक्य वास्तविकताको निकट पार्ने प्रयत्न गरिन्छ । बजेट प्रत्येक वर्ष तर्जुमा गरिने भएकाले यसमा समयानुकूलता पनि हुन्छ । बजेटमा सरलता र स्पष्टताका विशेषताहरू पनि हुन्छन् । बजेटले देशको एकएक मुष्ठ कोषको व्यवस्था गरेको हुन्छ, जसबाट मुलुकको कोषको स्थिति थाहा हुन सक्छ । कुनै पनि देशको संविधानमा त्यस देशको बजेटका सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको हुने हुनाले बजेट एउटा संवैधानिक दस्तावेज पनि हो । बजेटले देशको समग्र पक्षलाई समेट्ने र त्यसको सुधारको प्रयास गर्ने भएकाले व्यापकता बजेटको अर्को विशेषता हो । साथै, बजेटले देशको वर्तमान आर्थिक अवस्थाको मूल्याङ्कन गर्ने मात्र होइन, यो मुलुकको अर्थतन्त्रलाई आउँदा दिनमा कुन दिशातर्फ लगिँदैछ भन्ने कुराको मार्गनिर्देश गर्ने दस्तावेज पनि हो ।

साथै, बजेटले कार्यान्वयनको स्पष्ट जिम्मेवारी तोक्छ, सरकारलाई एक सीमाभित्र नियन्त्रण गर्दछ, राष्ट्रिय प्राथमिकताअनुसार सीमित साधनको उपयोग गर्न सहयोग पुऱ्याउँछ, खर्चमा हुन सक्ने लापरबाहीलाई नियन्त्रण गर्न सहयोग गर्दछ, जनतालाई देशको आर्थिक अवस्था र चुनौतीबारे यथार्थ जानकारी गराउँछ र यसले सरकारले अवलम्बन गर्ने सबै क्षेत्रका नीतिहरूबारे पनि जानकारी गराउँछ । यिनै सरकारको वार्षिक बजेटका विशेषताहरू हुन् :

बजेट (खर्च) को वर्गीकरण

सरकारले बजेटमार्फत गर्ने खर्चको मूल रूपमा दुई किसिमले वर्गीकरण गरिएको हुन्छ : आर्थिक वर्गीकरण र कार्यगत वर्गीकरण । आर्थिक वर्गीकरणअन्तर्गत सरकारले गर्ने खर्चबाट वास्तविकतामा अर्थतन्त्रको कुनकुन क्षेत्रमा कुनकुन रूपमा असर पर्दछ भन्ने कुरा झल्किन्छ । जस्तैः सरकारले गर्ने कुल खर्चमध्ये उपभोग, पुँजी निर्माण, ऋण भुक्तानी आदि शीर्षकहरूमा के-कति रकम खर्च हुने भएको छ भन्ने कुरा बजेटको आर्थिक वर्गीकरणबाट छर्लङ्ग हुन्छ । साथै, उपभोग खर्चअन्तर्गत पनि तलब, भत्ता, भाडा, इन्धन, फर्निचर, कार्यालय सामान, टेलिफोन, विद्युत्, पोसाक, रासन आदि प्रयोजनमा के-कति रकम खर्च हुन्छ भन्ने कुरा र पुँजी निर्माण खर्चअन्तर्गत पनि कस्ता खालका पुँजी निर्माणमा कति रकम खर्च हुन्छ भन्ने कुरा बजेटको आर्थिक वर्गीकरणबाट देखिन्छ ।

त्यसैगरी कार्यगत वर्गीकरणबाट बजेट कार्यान्वयन गर्ने निकाय वा क्षेत्र वा विषयको आधारमा हुने खर्च प्रस्ट हुन्छ । जस्तैः जलस्रोत, रक्षा, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वन, सञ्चार, यातायात आदि क्षेत्रहरूमा के-कति रकम खर्च हुन्छ भन्ने कुरा यो वर्गीकरणबाट थाहा हुन्छ । यी क्षेत्रहरूलाई पनि संवैधानिक अङ्गहरू, साधारण प्रशासन, सामाजिक सेवाहरू, आर्थिक सेवाहरू, अन्य आर्थिक सेवाहरू आदि क्षेत्रहरूमा वर्गीकरण गरिएको हुन्छ । यसरी बजेट (खर्च) को वर्गीकरणबाट सरकारले प्रस्ताव गरेको कुल खर्चमध्ये कुन-कुन क्षेत्र र निकायअन्तर्गत कुन-कुन विषय वा प्रयोजनमा कति रकम खर्च गर्दैछ भन्ने कुरा प्रस्ट हुन्छ । नेपालको बजेट वक्तव्यमा पनि खर्चका यी दुवै तरिकाबाट वर्गीकरण गरी प्रस्तुत गर्ने गरिएको छ । विनियोजन पुस्तकमा पनि खर्चको अझ विस्तृत रूपमा कार्यगत तथा आर्थिक दुवै किसिमको वर्गीकरण गरिएको हुन्छ ।

बजेटका अङ्गहरू के के हुन् ?

बजेटमा सरकारले आउँदो वर्ष गर्ने नियमित र विकासका खर्चहरूको क्षेत्रगत र विषयगत विवरण, विभिन्न स्रोतहरूबाट जुटाउने साधनको स्रोतअनुसारको विवरण, खर्च र साधनबीचको खाडल अर्थात् घाटा वा बचत र त्यो खाडल पुर्ने स्रोतहरू आदिका विवरणहरू अनिवार्य रूपमा प्रस्तुत गरिएका हुन्छन् । साथै, बजेटमा अघिल्लो वर्षको यथार्थ, चालू वर्षको संशोधित र आगामी वर्षका अनुमानित अङ्कहरू दिइएका हुन्छन् । यसको पछाडिको कारण के हो भने सरकारले आफ्नो वार्षिक आय र व्ययको यथार्थ विवरण

संसद्का सामु पेस गरी पारित गराउनु अनिवार्य हुन्छ । यसले गर्दा अघिल्लो वर्षको अन्तिम तीन महिनाको यथार्थ विवरण संसद्मा प्रस्तुत नगरी नौ महिनाको यथार्थ र तीन महिनाको अनुमानित गरी वर्षभरिको संशोधित अनुमानको रूपमा संसद्मा जुन विवरण पेस गरिएको थियो, अहिले ती तीन महिनाको यथार्थ विवरण आइसकेको हुने हुनाले त्यो समेत समावेश गरी वर्षभरको यथार्थ विवरण पेस गर्ने गरिएको हो । त्यसै गरी चालू वर्षको बजेट कार्यान्वयनको नौ महिना बितिसकेको हुने हुनाले त्यो नौ महिनाको यथार्थ विवरण र बाँकी तीन महिनाको अनुमानित गरी वार्षिक संशोधित अनुमान पेस गर्नुपरेको हो । साथै, चालू वर्षको पछिल्लो महिनासम्मको यथार्थ स्थितिका आधारमा आउँदो वर्षको अनुमान गर्नुपर्ने हुनाले पनि संशोधित अनुमानको विवरण प्रस्तुत गर्नुपरेको हो । यसरी नै संसद्को स्वीकृतिबिना सरकारले जनताबाट कर उठाउन र त्यसको खर्च गर्न नपाउने भएकाले आउँदो वर्षका लागि प्रस्तावित खर्च र आम्दानीको विस्तृत विवरण स्वीकृत गराउनका लागि संसद्मा प्रस्तुत गर्नुपरेको हो ।

बजेट (खर्च) को कति किसिमले वर्गीकरण गरिन्छ ?

सरकारले बजेटमार्फत गर्ने खर्चको मूल रूपमा दुई किसिमले वर्गीकरण गरिएको हुन्छः आर्थिक वर्गीकरण र कार्यगत वर्गीकरण । आर्थिक वर्गीकरणअन्तर्गत सरकारले गर्ने खर्चबाट वास्तविकतामा अर्थतन्त्रको कुन-कुन क्षेत्रमा कुन-कुन रूपमा असर पर्दछ भन्ने कुरा झल्किन्छ । जस्तैः सरकारले गर्ने कुल खर्चमध्ये उपभोग, पुँजी निर्माण, ऋण भुक्तानी, अनुदान, रक्षा, आदि शीर्षकहरूमा के-कति रकम खर्च हुने भएको छ भन्ने कुरा बजेटको आर्थिक वर्गीकरणबाट छर्लङ्ग हुन्छ । साथै, उपभोग खर्चअन्तर्गत पनि तलबभत्ता, भाडा, इन्धन, फर्निचर, कार्यालय सामान, टेलिफोन, विद्युत्, पोसाक, रासन आदि प्रयोजनमा के-कति रकम खर्च हुन्छ भन्ने कुरा र पुँजी निर्माण खर्चअन्तर्गत पनि कस्ता खालका विकास निर्माणका कार्यमा कति रकम खर्च हुन्छ भन्ने कुरा बजेटको आर्थिक वर्गीकरणबाट देखिन्छ ।

त्यसैगरी कार्यगत वर्गीकरणबाट बजेट कार्यान्वयन गर्ने निकाय वा क्षेत्र वा विषयका आधारमा हुने खर्च प्रस्ट हुन्छ । जस्तैः जलस्रोत, रक्षा, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वन, सञ्चार, यातायात आदि क्षेत्रहरूमा के-कति रकम खर्च हुन्छ भन्ने कुरा यो वर्गीकरणबाट थाहा हुन्छ । यी क्षेत्रहरूलाई पनि संवैधानिक अङ्गहरू, साधारण प्रशासन, सामाजिक सेवाहरू, आर्थिक सेवाहरू, अन्य आर्थिक सेवाहरू आदि क्षेत्रहरूमा वर्गीकरण गरिएको हुन्छ । यसरी बजेट (खर्च) को वर्गीकरणबाट सरकारले प्रस्ताव गरेको कुल खर्चमध्ये कुन-कुन क्षेत्र र निकायअन्तर्गत कुन-कुन विषय वा प्रयोजनमा कति रकम खर्च गर्दैछ भन्ने कुरा प्रस्ट हुन्छ । नेपालको बजेट वक्तव्यमा पनि खर्चका यी दुवै तरिकाबाट वर्गीकरण गरी प्रस्तुत गर्ने गरिएको छ । विनियोजन पुस्तक (रातो किताब) मा पनि खर्चको अझ विस्तृत रूपमा कार्यगत तथा आर्थिक दुवै किसिमको वर्गीकरण गरिएको हुन्छ ।

बजेटका सार्वभौम अङ्गहरू के के हुन् ?

बजेटमा सरकारले आउँदो वर्ष गर्ने नियमित ९च्भअगचचभलत० र विकासका खर्चहरूको क्षेत्रगत र विषयगत विवरण, विभिन्न स्रोतहरूबाट जुटाउने साधनको स्रोतअनुसारको विवरण, खर्च र साधनबीचको अन्तर अर्थात् घाटा वा बचत र घाटा हुने भए त्यो घाटा पूर्ति गर्ने स्रोतहरू आदिका विवरणहरू अनिवार्य रूपमा प्रस्तुत गरिएका हुन्छन् । साथै बजेटमा अघिल्लो वर्षको यथार्थ, चालू वर्षको संशोधित र आगामी वर्षको अनुमानित अङ्कहरू दिइएका हुन्छन् । यसको पछाडिका कारण के हो भने सरकारले आफ्नो वार्षिक आय र व्ययको यथार्थ विवरण संसद्का सामु पेस गरी पारित गराउनु अनिवार्य हुन्छ । यसले गर्दा अघिल्लो वर्षको अन्तिम तीन महिनाको यथार्थ विवरण संसद्मा प्रस्तुत नगरी नौ महिनाको यथार्थ र तीन महिनाको अनुमानित गरी वर्षभरिको संशोधित अनुमानको रूपमा संसद्मा जुन विवरण पेस गरिएको थियो, अहिले ती तीन महिनाको यथार्थ विवरण प्राप्त भइसकेको हुने हुनाले त्यो समेत समावेश गरी वर्षभरिको यथार्थ विवरण पेस गर्ने गरिएको हो । त्यसैगरी चालू वर्षको बजेट कार्यान्वयनको नौ महिना बितिसकेको हुने हुनाले त्यो नौ महिनाको यथार्थ विवरण र बाँकी तीन महिनाको अनुमानित गरी वार्षिक संशोधित अनुमान पेस गर्नुपरेको हो । साथै, चालू वर्षको पछिल्लो महिनासम्मको यथार्थ स्थितिको आधारमा आउँदो वर्षको अनुमान गर्नुपर्ने हुनाले पनि संशोधित अनुमानको विवरण प्रस्तुत गर्नुपरेको हो । यसरी नै संसद्को स्वीकृतिबिना सरकारले जनताबाट कर उठाउन र त्यसको खर्च गर्न नपाउने भएकाले आउँदो वर्षका लागि अनुमानित खर्च र आम्दानीको विस्तृत विवरण स्वीकृत गराउनका लागि संसद्मा प्रस्तुत गर्नुपरेको हो ।

■

# निरङ्कुश राजतन्त्रको अन्त्य गरौँ, नगर निर्वाचन बहिष्कार गरौँ

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरू

आज हाम्रो देश गम्भीर सङ्कटको अवस्थामा छ । यो अवस्था राजाको सर्वसत्तावादी निरङ्कुश शासक बन्ने अति महत्त्वाकाङ्क्षा र उनका जनविरोधी क्रियाकलापबाट उत्पन्न भएको हो । जनताको चाहनाको उचित सम्मान गर्न र देशमा शान्ति कायम होस् भन्ने राजा चाहँदैनन्, उनी एक नेपालीबाट अर्को नेपालीको हत्या भइरहोस् र नेपाली नेपालीबीचको भिडन्तले सिर्जित अशान्तिको आडमा निरङ्कुश शासन लम्ब्याइरहुँ भन्ने मात्र चाहन्छन् । राजा ०४६ सालको जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई समाप्त गर्दै मुलुकमा आफ्नो हुकुमी र स्वेच्छाचारी शासन लाद्न चाहन्छन् । राजाका आजसम्मका सबै क्रियाकलापले यिनै कुरालाई प्रस्ट गरेका छन् । होइन भने माओवादीले युद्धविराम गरेर आन्दोलनरत सात राजनीतिक दलहरूसँग समझदारी गर्दै पूर्ण लोकतन्त्र र शान्तितिर फर्कने चाहना राख्दा त्यसलाई हरतरहले बिथोल्ने प्रयास गर्ने थिएनन् । लामो समयदेखि सशस्त्र सङ्घर्षमा संलग्न माओवादीलाई शान्ति र

मेलमिलापतिर प्रवृत्त गराउन लागेका राजनीतिक दलहरूलाई अनेक अनर्गल र अवाञ्छित लान्छना लगाउने र आतङ्ककारीको मतियार भनाउनेजस्ता निकृष्ट एवम् देशघाती कार्य गराउने थिएनन् ।

राजाले प्रतिगामी कदम सुरु गरेपछि मुलुक दिनप्रतिदिन अकल्पनीय अशान्ति र अराजकतातिर धकेलिएको छ । नेपालका सम्पूर्ण मित्रराष्ट्रहरू तथा संयुक्त राष्ट्रसङ्घजस्ता निकायहरूले राजाको काम-कारबाहीप्रति असन्तुष्टि व्यक्त गरिरहेका छन् । राजा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा एक्लिएका छन् । तर, राजाले यी सबैप्रति कुनै सरोकार देखाएका छैनन् । देशको हित र प्रतिष्ठाका निम्ति यो एक अत्यन्तै चिन्ताको विषय हो । यस्तै स्थिति कायम रहिरहे हाम्रो देश विश्व समुदायबाट एक्लिएर घोर अन्धकारतिर धकेलिने खतरा प्रत्येक दिन बढिरहेको छ ।

देशको पर्यटन व्यवसाय र उद्योगधन्दाहरू पूर्णतया बन्द हुँदैछन् । कृषि र अरू रोजगारीका अवसरहरू समाप्त भएका छन् । गाउँ-गाउँबाट युवाहरू पलायन भएर विदेशमा अति दयनीय जीवनयापन गर्न बाध्य भइरहेका छन् । कतिपय पहाडी जिल्लाका जनताले खाद्यान्नको अभावमा भोकभोकै रहनुपरेको छ । भ्रष्टाचार, कुशासन र मानवअधिकार उल्लङ्घनका अनेकौं घटनाले मुलुक क्षतविक्षत र आक्रान्त भइरहेको छ । यति ठूलो र भयावह सङ्कट यसभन्दा पहिले यसरी कहिल्यै पनि मुलुकले बेहोर्नुपरेको थिएन । तर, एकछत्र शासक भएका राजालाई देशको यो दुर्गतिप्रति अलिकति पनि चिन्ता छैन । उनी गरिब देशको राजस्व खर्च गरेर अनावश्यक रूपमा अत्यन्त महँगो एवम् विलासी भ्रमण गरिरहेका छन् र देशलाई सैनिकीकरणतर्फ धकेलिरहेका छन् । समग्रमा राजा देशमा शान्ति, लोकतन्त्र र समृद्धिको बाटोमा अवरोध भएका छन् ।

राजाका प्रत्येक चरित्र र काम-कारबाहीले राजा महेन्द्रको सर्वसत्तावादी नीतिलाई अनुशरण गरिरहेको छ । नेपालमा पनि जनप्रतिनिधिको शासन छ भन्ने अन्तर्राष्ट्रिय जगत्लाई देखाउन राजा महेन्द्रले पञ्चायती निर्वाचनको नाममा कुनै जनाधार नभएकाहरूलाई जिताएर ल्याउने नाटक गरेका थिए । अहिले यी राजाले पनि त्यही निर्दलीय निरङ्कुशकालका जनविरोधी एवम् देशघाती तत्त्वलाई आफ्नो सहयोगी बनाएर अन्तर्राष्ट्रिय जगत्लाई देखाउन मात्र निर्वाचनको नाटक मञ्चन गर्न/गराउन लागेका छन् । तर, यस्ता कृत्रिम कुराले कुनै पनि मित्रराष्ट्र तथा अन्तर्राष्ट्रिय समुदायलाई भ्रममा पार्न सक्दैन । तीनपटक संसदीय निर्वाचनमा र दुईपटक स्थानीय निर्वाचनमा स्वतन्त्रतापूर्वक आफ्नो मताधिकार प्रयोग गरिसकेका जनताले यो नाटकीय निर्वाचनमा आफ्नै हक र हितविरुद्धको पात्र भएर आफ्नो देश, आफू तथा आफ्ना सन्ततीका भलाइलाई आफैँ कुठाराघात गर्न सक्दैनन् ।

आज निर्विघ्न रूपमा जनताले आफ्नो प्रतिनिधि छान्न नसक्ने अवस्थामा राजा किन नगरपालिकाको निर्वाचन गराउन उद्यत छन् ? यसलाई प्रत्येक चेतनशील नेपालीले गम्भीर भएर सोच्नुपर्छ । राजा निर्वाचन भनेको सेना र प्रहरीको घेराभित्र हुने नाटक हो भन्ने मान्यतामा आधारित भई स्वतन्त्र निर्वाचन प्रणालीलाई नै समाप्त पार्न चाहन्छन् । निरङ्कुश शासक बन्ने चाहनामा नेपाली जनतासँग निहुँ खोजेर नगरकोट र अरू कतिपय ठाउँको जस्तै निहत्था जनतालाई गोलीको निसाना बनाउन चाहन्छन् ।

आज नियम, कानुन, संविधान आदि सबैलाई लत्याएर राजा एकतन्त्रीय हुकुमी शासन सञ्चालन गरिरहेका छन् । यही निर्वाचनको नाटकबाट ल्याइने तथाकथित जनप्रतिनिधिबाट उनी निरङ्कुश राजतन्त्रलाई वैधानिकता दिलाउन खोजिरहेका छन् । निरङ्कुश राजतन्त्रअन्तर्गत हुने कथित निर्वाचनले मुलुकको समस्या समाधान गर्दैन, बरु यसले मुलुकलाई अझ बढी अशान्ति र अस्थिरतातर्फ धकेल्ने र स्थितिलाई थप जटिल बनाउँदै देशलाई अरू गम्भीर सङ्कटग्रस्त अवस्थामा पुऱ्याउने कुरा प्रस्ट छ । यसरी राजा र उनका सहयोगीहरूले यस निर्वाचनलाई देशको हित र जनताको अधिकारलाई निर्ममतापूर्वक तहसनहस पार्ने हतियारका रूपमा प्रयोग गर्न लागेका बेला यो देशको इतिहास र यो देशको भविष्यले हामी सबैलाई आफ्नो कर्तव्यप्रति सचेत रहन घचघच्याइरहेको छ ।

निरङ्कुश राजतन्त्रलाई मजबुत बनाउन र जनतालाई कमजोर पार्न प्रयोग गरिने राजाको यो निर्वाचनको हतियारलाई यसरी आफ्नै घाँटीमा हामीले प्रहार हुन दिने कि नदिने ? मुलुकलाई समग्र रूपमा छिन्नभिन्न पारेर गृहयुद्धमा होम्न लागेको यो षड्यन्त्रलाई हामीले हेरी मात्र रहने कि कडा प्रतिकार गर्ने ? तसर्थ, देश, जनता र प्रजातन्त्रका विरुद्ध नियोजित षड्यन्त्रको रूपमा घोषणा गरिएको कथित निर्वाचनलाई सक्रियतापूर्वक बहिष्कार गर्दै असफल बनाउनुबाहेक अर्को विकल्प छैन । यसक्रममा सात दलसँग सम्बन्धित कुनै पनि सदस्य कथित निर्वाचनमा उम्मेदवार बन्ने, प्रस्तावक, समर्थक, प्रचारक हुनेलगायत निर्वाचनको प्रक्रियामा सहभागी भएमा निजलाई कम्तीमा पाँच वर्षका लागि सम्बन्धित पार्टीबाट निष्कासन गरिनेछ । साथै, आमनेपाली जनता र विश्व समुदायबाट बहिष्कृत बन्दै गइरहेको निरङ्कुश राजतन्त्रको रक्षाकवज बन्ने र लोकतन्त्रविरोधी कित्तामा खडा भएर जनताको घृणाको पात्र बन्ने यो कथित निर्वाचनमा भाग नलिन सबै नेपाली दिदीबहिनी तथा दाजुभाइमा हामी हार्दिक आह्वान गर्दछौँ ।

देशको शोषण, दमन गरेर विदेशी बैंकमा अथाह सम्पत्ति थुपार्नेहरूलाई देशको कुनै माया हुँदैन । तर, यस देशको हितमा जसको हित अन्तरनिहित हुन्छ, उसको भविष्य यही देशसँग गाँसिएको हुन्छ, त्यसैले राजाले आफ्नो सारा असंवैधानिक, अप्रजातान्त्रिक, तानाशाही काम-कारबाहीलाई समर्थन गराउन घोषणा गरिएको यस निर्वाचनलाई सक्रियतापूर्वक बहिष्कार गरी आफ्नो देशप्रतिको निष्ठा र कर्तव्यलाई पूरा गर्नु सबै देशभक्त र प्रजातन्त्रवादीहरूको पुनित कर्तव्य भएको छ ।

हामी निरङ्कुश राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना गर्ने आन्दोलनमा समाहित छौँ । यसका लागि आन्दोलनको शक्तिले संसद् पुनःस्थापना गर्ने र त्यसको निर्णयले सर्वदलीय सरकार बनाउने, माओवादीसँग वार्ता गर्ने र सहमतिको आधारमा संविधानसभाको निर्वाचन गरी सार्वभौमसत्ता र राजकीयसत्ता पूर्ण रूपले जनतामा स्थापित गराउने शान्तिपूर्ण जनआन्दोलनमा पूर्ण प्रतिबद्ध छौँ । सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गरेर देशमा शान्ति बहाली गर्न हामी पूर्ण कटिबद्ध छौँ । तसर्थ, निरङ्कुश राजतन्त्रको अन्त्य गर्न, संविधानको गलत व्याख्या र प्रयोग गर्दै राजाले चलाएको प्रतिगामी षड्यन्त्रलाई परास्त गर्न, संयुक्त जनआन्दोलनबाट पूर्ण लोकतन्त्र र शान्तिबहाली गर्न, राज्यको पुनर्संरचना गरी समावेशी र सहभागीमूलक पूर्ण प्रजातन्त्रको स्थापना गर्न, सात दल र माओवादीबीच भएको १२ बुँदे समझदारीलाई अझ ठोस र प्रस्ट बनाउँदै कार्यान्वयन गर्न कथित नगरपालिकाको निर्वाचनलाई शान्तिपूर्ण तरिकाबाट सशक्त र प्रभावकारी ढङ्गले सक्रिय बहिष्कार गर्दै जनआन्दोलनलाई नयाँ उचाइमा लैजान सम्पूर्ण देशवासी दिदीबहिनी, दाजुभाइहरूमा हार्दिक अनुरोध गर्दछौँ ।

*१.नेपाली काङ्ग्रेस-सभापति, गिरिजाप्रसाद कोइराला*

*२.नेकपा (एमाले)-महासचिव, माधवकुमार नेपाल*
*३.नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक)-कावा सभापति, गोपालमान श्रेष्ठ*
*४.जनमोर्चा, नेपाल-अध्यक्ष, अमिक शेरचन*
*५.नेपाल मजदुर किसान पार्टी-अध्यक्ष, नारायणमान विजुक्छे*
*६.नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)-राष्ट्रिय उपाध्यक्ष, भरतविमल यादव*
*७.संयुक्त वाममोर्चा नेपाल-अध्यक्ष, कृष्णदास श्रेष्ठ*
*मितिः २०६२ पुस १४ गते*

# 'आमा र पत्नीबाट प्रेरणा पाएँ'

**' कमला पराजुली**

'चिनियाँ प्रकाशन पढेर म कम्युनिस्ट भएँ,' भन्नुहुन्छ- ६५ वर्षीय कमरेड विष्णु घिमिरे। वि.सं. १९९७ साउन १० गते आमा बालकुमारी र बुबा रामनाथ घिमिरेका कोखबाट तनहुँ जिल्लामा जन्मनुभएको कमरेड विष्णु घिमिरेको बाल्यकाल तनहुँकै छापथोकमा बित्यो। उहाँले तनहुँको छापथोक गाउँको संस्कृत पाठशालाबाट प्राथमिक शिक्षा पूरा गर्नुभयो। माध्यमिक शिक्षाका लागि उहाँ पोखरा जानुभयो र त्यहाँबाट पुनः आफ्नै जिल्ला तनहुँ फर्केर त्यहाँकै रतनपुर हाइस्कुलमा पढ्नुभयो। उहाँले नारायणी मावि र दरबार हाइस्कुलसमेत गरेर चारवटा विद्यालय फेरेर प्रवेशिका पूरा गर्नुभयो।

सरस्वती क्याम्पसबाट प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरेर स्नातक अध्ययन गर्दागर्दै बीचैमा अध्ययन छाडेर उहाँले ०२५ सालदेखि चितवनमा शिक्षण पेसा आरम्भ गर्नुभयो। ०३१ सालमा पुनः अध्ययन बिदामा उहाँ स्नातक अध्ययन गर्न काठमाडौँ आउनुभयो। यसरी अध्ययन र पेसाको क्रममा आफूमा विकास भएको राजनीतिक चेतनाको सन्दर्भमा उहाँ भन्नुहुन्छ- 'मेरो पारिवारिक पृष्ठभूमि नेपाली काङ्ग्रेस नै थियो। मेरो परिवेश र वातावरण पनि त्यस्तै थियो। तर, ०२२ सालतिर जब म काठमाडौँमा आईए पढ्न थालेँ, त्यतिखेर काठमाडौँमा चिनियाँ प्रकाशनहरू छ्यापछ्याप्ती पाइन्थे। म ती प्रकाशन किनेर पढ्न थालेँ। कम मूल्यमा पाइने ती पुस्तकहरू वास्तवमा रोचक र प्रभावकारी थिए। विस्तारै मलाई ती प्रकाशनले प्रभावित पार्न थाले। मेरो स्वभावमा परिवर्तन आयो, विचार परिष्कृत भयो र थाहै नपाई कम्युनिस्ट विचारतर्फ आकर्षित हुन थालेँ।'

अध्ययनका क्रममा विचार र आस्थाले आकर्षित भए पनि राजनीतिक रूपमा सङ्गठित नभएको अवस्था थियो। काठमाडौँबाट चितवन फर्केपछि विस्तारै आफू सङ्गठित रूपमा कम्युनिस्ट भएको कुरा उहाँ बताउनुहुन्छ। सङ्गठित जीवनको थालनीबारे स्मरण गर्दै उहाँ भन्नुहुन्छ- '२०२५ सालमा आनन्ददेव भट्ट विरेन्द्र कलेजको प्रिन्सिपल हुनुहुन्थ्यो। उहाँको सहयोग र पहलमा नरबहादुर खाँड, टेकबहादुर थापा, इन्द्रविलास, खम्बसिं काजी, फणिन्द्र न्यौपाने, यमुना न्यौपाने र म रहेर चितवनको नेपाल कम्युनिस्ट पार्टी जिल्ला सङ्गठन कमिटी गठन गर्‍यौँ। त्यसको सचिव नरबहादुर खाँड हुनुहुन्थ्यो र त्यतिखेर केन्द्रसँग हाम्रो कुनै सम्पर्क थिएन। यसरी हामीले पाँच वर्ष सङ्गठित रूपमा काम गरिसकेपछि ०३० सालमा हामी मोहनविक्रम सिंहको केन्द्रीय न्युक्लियसमा समाहित भयौँ। ०३१ सालमा बनारसमा सम्पन्न कम्युनिस्ट पार्टीको चौथो महाधिवेशनमा म प्रतिनिधि भएर गएको थिएँ। महाधिवेशनपश्चात् स्नातक अध्ययनका लागि काठमाडौँ गएँ। त्यहाँ निर्मल लामासँग मेरो मेरो सम्पर्क भयो। हामीले त्यहाँ तुरुन्तै मुक्ति खनाल, नारायण श्रेष्ठ, निनु चापागाईंलगायतका केही साथीहरू मिलेर नेकपा (चौम) को काठमाडौँ जिल्ला सङ्गठन कमिटी बनायौँ।'

'...तर, ०३१ सालको बनारसको चौमको महाधिवेशनले पारित गरेको तत्कालीन कार्यक्रम 'देशभक्त तथा जनतान्त्रिक शक्तिको सरकार' माथि मेरो असहमति भयो। त्यही असहमतिबाट क्रमशः पार्टीभित्र अन्तरविरोध बढ्दै गयो र ०३२ को अन्त्यमा मैले नेकपा (चौम) परित्याग गरेँ। त्यसै समय रत्नकुमार बान्तवा, ईश्वर पोखरेल र शीतल झासँग मेरो सम्पर्क भयो। उहाँहरूमार्फत मैले पार्टी प्रकाशन *वर्ग सङ्घर्ष* प्राप्त गर्ने र अध्ययन गर्ने अवसर पाएँ। त्यतिखेर झापा आन्दोलनप्रति मेरो झुकाव बढ्न थालेको थियो। तर, ०३३ मा चितवन फर्केपछि पुनः झापाली साथीहरूसँगको सम्पर्कविच्छेद भयो।' चौम परित्याग गर्नुको रहस्य खोतल्दै उहाँ अगाडि भन्नुहुन्छ- 'म चितवन आएपछि मेरो एक जना चितवनकै साथी रामकुमार श्रेष्ठ कृषि विकास बैंकमा मेनेजर हुनुहुन्थ्यो। उहाँमार्फत रामेश र अशोक राईसँग मेरो सम्पर्क भयो। ०३४ मा मैले अशोक राईलाई भेटेर चितवनमा को-अर्डिनेसनको सङ्गठन गरेँ। त्यतिखेर पनि नरबहादुर खाँड, डम्बर, मोहन ढकाल, सुवास र म भएर चितवन जिल्लाको को-अर्डिनेसन सङ्गठन बनायौँ। त्यसपछि म निरन्तर पार्टीको जिल्ला कमिटीमा रहँदै आएको छु।'

कमरेड घिमिरेले पार्टीका विभिन्न ठाउँमा रहेर पार्टी जिम्मेवारी पूरा गर्दै आउनुभएको छ। जिम्मेवारीकै क्रममा उहाँ ०५१ देखि ०५३ सम्म चितवन जिल्लाको पार्टी सचिव पनि हुनुभयो। ०५१ देखि नै पार्टीको अञ्चल सदस्य पनि हुनुभयो। हाल उहाँ पार्टीको केन्द्रीय सल्लाहकार हुनुहुन्छ। कमरेड घिमिरेले ०५४ सालको स्थानीय निर्वाचनपछि सफलतापूर्वक पाँच वर्ष चितवन जिविस सभापतिको जिम्मेवारीसमेत बहन गरिसक्नुभएको छ।

तर, उहाँले पार्टी कामका सन्दर्भमा लामो समयसम्म आफ्नो पेसालाई पनि साथै निरन्तरता दिँदै जानसक्नुभएको छ। उहाँ विद्यालय अध्यापक हुनुहुन्थ्यो। आफू मध्यमवर्गीय किसानसमेत भएको हुनाले आर्थिक विपन्नताको पीडा भने खासै बेहोर्नु नपरेको उहाँ बताउनुहुन्छ। उहाँले ०२५ सालदेखि ०४९ सालसम्म शारदा मावि, लक्ष्मी निमावि, लङ्कु मावि, विरेन्द्रनगर मावि, माडी मावि वसन्तपुर र विश्वप्रकाश मावि मङ्गलपुरमा अध्यापकको जीवन बिताउनुभएको छ।

पार्टी कामका सन्दर्भमा कमरेड घिमिरे दर्जनौँपटक प्रहरी हिरासतमा पर्नुभएको छ। ०३४ सालमा राजकाज अपराध मुद्दामा १० दिन प्रहरी हिरासतमा र ४८ दिन जेल बस्नुभएको थियो भने ०४२ सालको शिक्षक आन्दोलनमा उहाँ ३९ दिन भरतपुर जेलमा रहनुभएको थियो।

राजनीतिक जिम्मेवारीसँगसँगै उहाँले धेरै सामाजिक जिम्मेवारी पनि बहन गर्नुभएको छ । ०४३ देखि ०४७ सालसम्म नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको जिल्ला अध्यक्ष चुनिनुभयो । हाल उहाँ जिल्ला बाल कल्याण समिति चितवनको सदस्य हुनुहुन्छ । त्यसैगरी हरिकुमार स्मारक कलेज सञ्चालक समितिको सदस्य, विश्वप्रकाश मावि व्यवस्थापन समितिको सल्लाहकार, चितवन मावि व्यवस्थापन समितिको सल्लाहकार, लङ्कु मावि बाह्रघरे व्यवस्थापन समितिको सल्लाहकार, सभागृह निर्माण समितिको सल्लाहकारसमेत हुनुहुन्छ ।

कमरेड घिमिरे आफ्नो राजनीतिक जीवनको निरन्तरताका लागि आफ्नी आमा र पत्नीको भूमिकालाई मुख्य ठान्नुहुन्छ । उहाँ भन्नुहुन्छ-'मेरो घरमा पार्टीको कामको सन्दर्भमा सधैंभरि नेता, कार्यकर्ता आउने-जाने भइरहन्थ्यो । अधिकांश समय त नचिताएको अवस्थामा मध्यरातमा उठेर खाना बनाउने, ख्वाउने र नेता कार्यकर्तालाई सुरक्षा दिनुपर्नेसमेत हुन्थ्यो । ०४७ सालअगाडिको अवस्थामा पार्टीको काम गर्न सधैं त्रास र जोखिमपूर्ण हुन्थ्यो । त्यस्तो समयमा हाम्रो घर नै पार्टी अफिसजस्तो थियो । अर्कातर्फ, पार्टी नेता र कार्यकर्ताको सेल्टर पनि थियो । जनसङ्गठनका सम्मेलनहरू पनि धेरैजसो यहीं हुन्थे । तर, मेरी आमा र पत्नीबाट मैले सधैं प्रेरणा, साथ र सहयोग नै पाएँ । त्यो अप्ठ्यारो अवस्थाले मेरो घरमा कहिल्यै दिग्दारी र झर्कोपन ल्याएन, जसले गर्दा ती सबै परिस्थितिहरू सहज भए र म मेरो लक्ष्यमा अगाडि बढ्न सकिरहेँ ।'

आफ्नो कामको आफैं मूल्याङ्कन गर्ने क्रममा उहाँ भन्नुहुन्छ- 'राजनीतिक काम गर्ने क्रममा मैले जनताको नजिक हुने मौका पाएँ । जनताको धेरै नै माया पनि पाएँ । म जनताका माझमा गएर जनताका दुःखसुखका गीत पनि गाउँथें, जसले मलाई जनताको मन र भावना छुन साथ दियो । एउटै परिवार र आफन्तजस्तै भएर जनताको घरदैलोमा पुगियो । तर, अहिलेको पार्टीको अवस्था पहिलेको जस्तो भावनात्मक छैन ।'

लामो अनुभव र पार्टी जीवनका सन्दर्भमा उहाँले अहिलेसम्मको साह्रै दुःख लागेको घटनाको रूपमा छैटौं महाधिवेशनपश्चात् पार्टी फुटेको घटनालाई नै सम्झनुहुन्छ । त्यसपश्चात् पनि पार्टी एकीकृत त भयो तर जसरी अगाडि बढ्नुपर्थ्यो, त्यसरी बढ्न नसकेको कुरामा दुःखी हुनुहुन्छ । अहिलेको पार्टी नेतृत्वमा पहिलेको तुलनामा धेरै नै आत्मकेन्द्रित चिन्तन र व्यक्तिगत स्वार्थ बढेको छ, कम्युनिस्ट पार्टीभित्र यस्तो चिन्तन र जीवनशैलीमा परिवर्तन हुनुपर्छ भन्ने उहाँको मान्यता छ । अब पार्टी यस्तै शैली र ढाँचाले, यस्तै नेतृत्व र संरचनाले अगाडि बढ्न सक्दैन, त्यसैले अब पार्टीभित्र पुनःसंरचनाको खाँचो भइसकेको उहाँको दाबी छ ।

तर, जेसुकै भए पनि उहाँ आफू कम्युनिस्ट भएकोमा गौरव गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ- 'म आफू कम्युनिस्ट भएर यहाँसम्म आइपुगें, यसमै म सन्तोष गर्छु र खुसी छु । अरूलाई पनि भन्छु- यदि कसैले जनताको दुःखसुख र मर्म बुझ्छ भने त्यो कम्युनिस्ट नै हुन्छ र सच्चा कम्युनिस्ट सधैं जनताको मन र भावनामा बाँचिरहन्छ ।'

■

# दल-माओवादी समझदारी : परिणाममुखी किन र कसरी ?

' छविचन्द्र ढकाल

दल-माओवादी समझदारीबाट बहुसङ्ख्यक नेपालीहरूले दुइटा आशा राखेका छन् । पहिलो- शान्ति र दोस्रो- राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपले समुन्नत नेपालको निर्माण । शान्ति कायम नभई समुन्नत नेपालको निर्माण सम्भव छैन भने समुन्नत नेपालको योजनाबद्ध यात्राबिना शान्ति असम्भव छ । त्यसैले अशान्तिका कारणहरूको वास्तविक पहिचान र तिनको समुचित निकासले मात्र शान्ति र जनताको समुन्नत नेपालको चाहना पूरा गर्न सकिन्छ ।

हाल सतहमा देखिएका अशान्ति तथा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक प्रगतिको अवरोधका पछाडि मूलभूत रूपमा तीनवटा समस्या या कारण छन् :

(१) राज्य सञ्चालनको पद्धति राजतन्त्रात्मक बहुदलीय व्यवस्था र संवैधानिक राजसंस्था (सेरेमोनियल किङ) वा गणतन्त्रात्मक बहुदलीय व्यवस्थामध्ये कुन हुने भन्ने कुरा अहिलेसम्म नटुङ्गिनु ।

(२) राष्ट्रिय महत्त्वका सबै सवाललाई जनमतसङ्ग्रहमार्फत छिनोफानो गर्ने अधिकार सुनिश्चित नहुनु ।

(३) राज्य सञ्चालनका सन्दर्भमा नीतिनिर्माण र निर्णयप्रक्रियामा सबै पक्षको सहभागिता सुनिश्चित नहुनु ।

जनताको निर्णायक भूमिकालाई प्रतिविम्बित गर्ने विधिमार्फत राजनीतिक मुद्दाको छिनोफानो, जनमतसङ्ग्रहको व्यवस्था र समावेशी राज्यसंरचनाको सुनिश्चितता नगरीकन न त विद्यमान द्वन्द्वको समुचित व्यवस्थापन गरी देशमा शान्ति कायम गर्न सकिन्छ, न त राजनीतिक आर्थिक, सामाजिक र सांस्कृतिक अग्रगतिका अवरोधलाई चिर्दै समुन्नत नेपालको निर्माणतिर लम्कन नै सम्भव छ । त्यस्तो विधि भनेको स्वतन्त्र र निस्पक्ष संविधानसभाको निर्वाचन नै हो । द्वन्द्वको केन्द्रमा रहेका तीनवटा समस्या या कारणहरूको उचित निकासले मात्र आफ्नो स्वार्थअनुकूलको अन्तर्राष्ट्रिय

चलखेल प्रभावहीन बन्दै जान्छ र हाम्रो राष्ट्रिय स्वार्थअनुकूल अन्तर्राष्ट्रिय समुदायलाई समेत प्रयोग गर्न सकिने सम्भावनासमेत बढेर जान्छ ।

केही अपरिपक्वता, अदूरदर्शिता, अन्योल, अपूर्णता, अनिश्चितता र अविश्वसनीयताका बाबजुद सात राजनीतिक पार्टी र माओवादीबीचको समझदारी विद्यमान द्वन्द्व व्यवस्थापन र अग्रगामी सम्भावनाहरूको निम्ति ठूलो उपलब्धि हो । यसले संविधानसभामार्फत द्वन्द्वको केन्द्रमा निहित राजनीतिक मुद्दाको छिनोफानो, आगामी दिनमा जनमतसङ्ग्रहमार्फत सबै समस्याको निकास दिन सकिने र समावेशी राज्यसंरचनाजस्ता कुरालाई सम्बोधन गर्न खोजेको छ । देशभित्र र बाहिरबाट यसप्रति जागृत नयाँ आशाले पनि यसलाई उपलब्धिकै रूपमा प्रमाणित गर्दछ । त्यसैले सबै देशभक्त तथा लोकतन्त्रवादी नेपालीहरूले यो समझदारीलाई आ-आफ्नो ठाउँमा संरक्षण र सम्बर्द्धन गर्नु अति नै आवश्यक छ ।

समझदारी निर्माणको सन्दर्भमा इतिहासबाट शिक्षा नलिई चीनको भूमिकालाई बेवास्ता गर्नु, औपचारिकता मात्र निभाउने गरी राज्यपक्षलाई चीनबाट उपलब्ध हुने सानो सैन्य सहयोगप्रति असन्तुष्टि व्यक्त गर्नु, परिवर्तनकामी शक्तिहरूबीचमा नै अन्योल उत्पन्न हुने र नक्कली राष्ट्रवादको आडमा हुनसक्ने प्रतिगामी चाललाई ख्यालै नगरी सेनाको सुपरीवेक्षणलाई अपरिभाषित अवस्थामा राख्नु, समझदारीपूर्व देशभित्रसमेत मित्रशक्तिहरूसितको छलफललाई कम महत्त्व दिनुजस्ता कामहरू अपरिपक्वता र अदूरदर्शिताका द्योतक हुन सक्लान् । यस्ता कुरालाई सच्याउनेतिर सम्बन्धित पक्षहरू अविलम्ब प्रयत्नशील हुनुपर्दछ ।

प्रतिनिधिसभा पुनःस्थापनाको प्रक्रिया के हो ? त्यसपछि उत्पन्न हुन सक्ने वा गराइने संवैधानिक अड्चनलाई कसरी चिर्ने ? प्रतिनिधिसभा पुनःस्थापनाको मागले कहिलेसम्म निरन्तरता पाउने ? प्रतिनिधिसभा पुनःस्थापना नभए के गर्ने ? प्रतिनिधिसभा पुनःस्थापना र माओवादी पक्षको सर्वपक्षीय सम्मेलनमार्फत अन्तरिम सरकारबीचको सम्भावित मिलनविन्दु के हुने जस्ता कुराहरू समझदारीमा निहित अन्योल र अपूर्णताका उदाहरण हुन् । समझदारीको यस पक्षलाई पनि यथाशक्य चाँडो स्पष्ट पार्नु आवश्यक भइसकेको छ ।

विगतको गन्तव्यहीन आलोचित यात्रा, समझदारीलाई व्यवहारमा उतार्ने ठोस योजनाको अभाव, संविधानसभामार्फत नै सबै समस्याको हल खोज्ने समझदारीको भावनाविपरीत अझै राजालाई सानो ठाउँ छ, निरङ्कुश राजतन्त्रको अन्त्यको मागले संवैधानिक राजतन्त्रको ढोका बन्द गरेको छैन, सेरेमोनियल किङलाई स्वीकार गर्न सकिने, देश फर्केपछिको राजाको सन्देशले सहमतिको ढोका नखोलेको, राजाले त्रिपक्षीय सहमतिका निम्ति पहल गर्नुपर्ने, राज्यपक्षले समझदारीलाई सकारात्मक रूपमा नलिँदा राजालाई नै नोक्सान हुने जस्ता जिम्मेवार नेताहरूका विवादास्पद, सम्झौतापरस्त र घूर्कीपूर्ण अभिव्यक्तिले समझदारीप्रतिको प्रतिबद्धताप्रति आमजनसमुदाय अझै सशङ्कित छ । राज्य पक्षको रवैयाले समेत प्रेरित गरिरहेको निर्णायक यात्रातिरको प्रस्थानले मात्र आमजनसमुदायबीच उत्पन्न शङ्का निवारण हुने निश्चित छ ।

सडक-सदनमार्फत अन्तरिम सरकारको घोषणा, त्यस सरकारमार्फत कार्यक्रमिक संविधानसभा (राजनीतिक मुद्दाको छिनोफानो, जनमतसङ्ग्रहको प्रावधान र समावेशी राज्य संरचनाको सुनिश्चितता) को घोषणा, त्यस सरकारलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समर्थनका निम्ति प्रस्ताव, सेना सुपरिवेक्षणको सुस्पष्ट परिभाषा, समझदारीभित्रबाट नै प्रकट हुने असन्तुष्टिको समुचित व्यवस्थापन, समझदारीको पक्षमा देखिएको ऊर्जाको संयोजन, समझदारीप्रतिको द्विपक्षीय व्यावहारिक प्रतिबद्धताजस्ता आगामी दिनका कामहरूले मात्र समझदारीप्रतिको प्रतिबद्धता पुष्टि गर्दछन् । आमजनसमुदायलाई प्रतिबद्धताको अनुभूति दिलाउन सकियो भने मात्र अन्त्यन्त कठिन यात्रातिर उन्मुखजस्तो देखिने दल-माओवादी समझदारी सजिलैसित परिणाममुखी हुने निश्चित छ ।

*(लेखक देशभक्त लोकतान्त्रिक मञ्चका उपाध्यक्ष हुनुहुन्छ ।)*

# सबैलाई प्रेरित गरोस् यस पुस्तकले

काठमाडौंमा सार्थक कामसहितको परिचय बोकेको एउटा संस्था छ- मोतीदेवी स्मृति केन्द्र । आफ्नैबारेमा उक्त स्मृति केन्द्रको भनाइ यस्तो छ, 'दुर्गादेवी नामले समेत चिनिने मोतीदेवी नेपाली महिलाहरूका लागि मात्र नभएर सिङ्गै राष्ट्रिय मुक्ति आन्दोलनका पक्षधरहरूका लागि समेत एउटा साहसी, प्रेरणादायी एवम् उदाहरणीय व्यक्तित्व हुनुहुन्छ । उहाँको विचार, जीवनदर्शन र जीवनीका बारेमा महिलाहरूलाई सचेत पार्दै नेपाली महिला आन्दोलनलाई अझ व्यापक, सशक्त र सङ्गठित बनाउनु नेपाली महिलाको प्रथम र परमकर्तव्य हो । ...समाजमा रहेको पछौटेपन र आत्मविश्वासमा रहेको कमीलाई हटाउने क्रममा नेपाली महिलाहरूलाई सशक्त ढङ्गले अघि बढाउन, राष्ट्रिय जीवनका हरेक क्षेत्र र पक्षहरूमा अघि बढ्न उनीहरूलाई सक्षम बनाउने उद्देश्यले २०५४ सालमा मोतीदेवी स्मृति केन्द्रको स्थापना भएको हो ।'

नेपाल कम्युनिस्ट पार्टीकी संस्थापक सदस्य मोतीदेवी श्रेष्ठको परिचयलाई नवीकरण गरिरहने उद्देश्यसँगै नेपालको महिला आन्दोलनलाई जीवन्त र सशक्त तुल्याउन आफूले सकेसम्मको योगदान दिने लक्ष्य लिएर स्थापना भएको स्मृति केन्द्रको पछिल्लो प्रस्तुति हो- *प्रेरणादायी महिलाहरू* ।

*प्रेरणादायी महिलाहरू* एउटा पुस्तक हो । यस पुस्तकले नेपालको राजनीतिक आन्दोलनमा महत्त्वपूर्ण भूमिका निभाउने पहिलो पुस्ताका महिलाहरूको परिचय दिने प्रयत्न गरेको छ ।

पुस्तकको पहिलो आकर्षण भनेको त्यसले अङ्गिकार गरेको फराकिलोपन हो । सामान्यतः नेपालको राजनीतिमा सङ्कीर्णता असाध्यै नराम्ररी पसारिएको छ । मोतीदेवी स्मृति केन्द्रको ठाउँमा अरू कसैले यस्तो पुस्तक निकाल्थ्यो भने त्यसले कित्ता काटेर आफ्नो-अर्काको मान्छे छुट्याउँथ्यो । आफ्नो गुटलाई महान् ठान्ने तर अरू जोकोहीको भूमिकालाई पनि देख्न नचाहने रोग नेपाली राजनीतिको कालाजर हो । ०४६ सालको आन्दोलनपछि प्रकाशित भएको *डन अफ डेमोक्रेसी* को लोकार्पणमा नेपालको राजनीतिमा अत्यन्तै सम्मानित राजनेताले दलीय सङ्कीर्णतालाई राम्रै गरी ओकल्नुभएको थियो । तर, मोतीदेवी स्मृति केन्द्रले यो सङ्कीर्णतालाई चटक्कै चुँडालेर फ्याँकिदिएको छ ।

मोतीदेवी कम्युनिस्ट पार्टीको संस्थापक सदस्य भएको हुनाले, उहाँको नाममा स्थापित केन्द्रले पनि खालि कम्निस्ट महिलालाई मात्र स्थान दिएको होला भन्ने ठोकुवा गर्लान् धेरैले तर किताबले त्यस्तो सङ्कीर्णतालाई छेउमै आउन दिएको छैन । त्यसले पहिलो अभियानकर्ताका रूपमा लिएको माताको नाम हो- योगमाया न्यौपाने । योगमाया न्यौपाने राणाशाहीका विरुद्ध सङ्घर्षरत महिला हुनुहुन्थ्यो । उहाँ न काङ्ग्रेस हुनुहुन्थ्यो, न त कम्निस्ट नै । उहाँ समाजसुधारक हुनुहुन्थ्यो र आजभन्दा सय वर्षअघिको नेपाली समाजमा सुधारकार्य नै प्रगतिशीलता हुन्थ्यो ।

पुस्तकमा नेपाली समाजका विविध क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेका १३ जना महिलाहरूको संक्षिप्त परिचय समेटिएको छ । छनोटको विविधतालाई जनाउने नामहरूमा कम्युनिस्ट पार्टीकी संस्थापक मोतीदेवी श्रेष्ठ, नेपाली काङ्ग्रेसको पहिलो निर्वाचित सरकारकी मन्त्री द्वारिकादेवी ठकुरानी, युवा अमर सहिद गङ्गालालकी पत्नी हसिनादेवी श्रेष्ठ, वरिष्ठ साहित्यकार पारिजात, सगरमाथा विजेता पासाङ ल्हामु शेर्पाको नाम लिन सकिन्छ ।

पुस्तकमा उत्रिएका सबै महिलाहरू सामाजिक क्षेत्रमा पर्याप्त चर्चा पाएका भने छैनन् । तिनको योगदान कुनै पनि नाम चलेको राजनीतिकर्मीको भन्दा तल छैन । तर, तिनलाई विस्मृतिको गर्भतिर ठेल्ने काम गरेर राजनीति र समाजले उनीहरूको कर्मलाई ढाकछोप गर्ने नै काम गऱ्यो । त्यो बिगारिएको कामलाई *प्रेरणादायी महिलाहरू* ले सपार्ने जिम्मेवारी पूरा गरेको छ । यस किताबमा परिचय गराइनुभएकी कामाक्षादेवी श्रेष्ठ (वस्नेत) दिल्ली सम्झौताबाट धोकामा परेको आन्दोलनलाई बचाउन 'दिल्ली सम्झौता धोका हो' भन्ने अभियानमा नेतृत्वदायी भूमिका निभाउनुभएको कुरो पुस्तकमा उधिनिएको छ ।

यसबाहेक पुस्तकमा समेटिएका आन्दोलनकारी महिलाहरूमा हुनुहुन्छ- प्रजातन्त्रवादी नेतृ मङ्गलादेवी सिंह, पहिलो निर्वाचित जनप्रतिनिधि साधना अधिकारी, अथक शीर्ष नेतृ सहाना प्रधान, कठिनकालकी आन्दोलनकारी कनकलता वज्राचार्य, स्नेहशील क्रान्तिकारी स्नेहलता श्रेष्ठ, विद्रोही नेतृ शैलजा आचार्य ।

मुलुकको रूपान्तरणमा लागेका महिला वा पुरुष जोकोहीले पनि माथि उल्लिखित महिलाहरूको जीवनलाई नजिकबाट चिन्न *प्रेरणादायी महिलाहरू* पढ्नैपर्छ ।

प्रस्तुत पुस्तक महिला आन्दोलनकारीहरूका बारेमा लेखिएको लामो निबन्ध वा लामो जीवनकथा होइन । त्यो हो, प्रारम्भिक चरणको जानकारी दिने परिचय-पुस्तिका । तर, यो परिचय पुस्तकले सम्बन्धित व्यक्तिको समूच्चा जीवनलाई आफूमा समेटेको छ । जन्मदेखि मृत्युसम्मको जीवनयात्रालाई कुन विन्दुमा जोड दिनुपर्छ र कुन विन्दुलाई सरक्क छोएर अघि बढ्नुपर्छ भन्ने जानेरै लेख्ने काम गरेका छन् सम्पादक/लेखक विष्णु रिजालले ।

पढ्दा सरसता भेटिन्छ । थालेपछि पुस्तक सिध्याउन मन लाग्छ । किरमिर नभएका (नेपाली छापामा कतिपय फोटाहरू अनुहारै चिन्न नसकिने पनि हुन्छन्) राम्रा फोटाहरू, राम्रो कागज, आकर्षक आवरण र मोतीदेवी स्मृति केन्द्रको परिचयसमेत समेटिएको असी पृष्ठको पुस्तकको मूल्य ५० रुपियाँ मात्र हुनु भनेको ग्राहकको क्रयशक्तिप्रति प्रकाशकको संवेदनशीलता पनि हो ।

जीवनप्रति आस्था बढाउने *प्रेरणादायी महिलाहरू* सबै हिसाबले पढ्नैपर्ने पुस्तक हो ।

■ प्रदीप नेपाल

# अदालत निरङ्कुशतन्त्रको छायाँबाट मुक्त छैन

सुवास नेम्वाङ, पूर्वकानुनमन्त्री

० सर्वोच्च अदालत र बार एसोसिएसनबीच किन विवाद चर्केको हो ?

- नेपाल बार एसोसिएसन संविधानको सर्वोच्चता, कानुनको शासन, स्वतन्त्र न्यायपालिका र मानवअधिकारका पक्षमा निरन्तर क्रियाशील संस्था हो । यो प्रजातन्त्रप्रति सदा-सर्वदा प्रतिबद्ध रहेर सामाजिक अभियन्ताका रूपमा क्रियाशील कानुन व्यवसायीहरूको आधिकारिक संस्था हो । त्यसकारण यी मान्यताका बारेमा यो संस्था सधैँ सजग देखिन्छ । 'माघ १९' पछि यसले आफ्ना अडानलाई सार्वजनिक गर्दै आएको छ । अहिले भएको सर्वोच्च अदालतको न्यायाधीश नियुक्तिका बारेमा पनि यसले आफ्नो धारणा स्पष्ट गरेको छ । अहिले स्वतन्त्र न्यायपालिकामाथि निरङ्कुशतन्त्रले प्रहार गरिरहेको छ । जताततै निरङ्कुशतन्त्र हावी भइरहेको अवस्थामा स्वतन्त्र न्यायपालिकालाई पनि आफ्नो नियन्त्रणमा राख्न निरङ्कुशतन्त्र क्रियाशील छ । यसै सन्दर्भमा भर्खरै भएको न्यायाधीश नियुक्तिलाई समेत ध्यानमा राख्दै बारले प्रधान न्यायाधीशका सम्बन्धमा टिप्पणी गरेको छ । यसमा सर्वोच्च अदालतले फेरि प्रतिटिप्पणी गरेका कारण अहिले बार र बेन्चबीच विवाद बढेको हो ।

० विगतमा पनि न्यायाधीश नियुक्त गर्ने प्रक्रिया यही थिएन र ! अहिले मात्र किन विरोध ?

- बार एसोसिएसनले कुनै व्यक्तिलाई न्यायाधीश नियुक्त गर्नुपर्छ वा पर्दैन भनेको छैन । कुनै व्यक्ति न्यायाधीश हुने वा नहुने भन्दा पनि मूल्य, मान्यता र सिद्धान्तको प्रश्न हो । संविधानलाई चिन्दै नचिन्ने, यसलाई पूर्णतः अस्वीकार गर्ने र यसको अवज्ञा गर्ने व्यक्तिलाई सर्वोच्च अदालतको न्यायाधीश बनाइएको छ । सर्वोच्च अदालतमा बहस गर्दा नै जो व्यक्ति वर्तमान संविधानको विपक्षमा उभिएको छ र 'माघ १९' पछि सार्वजनिक रूपमै संविधानका विरुद्ध अभिव्यक्ति दिँदै हिँडेको छ, त्यसलाई कसरी सर्वोच्च अदालतको न्यायाधीश मान्न सकिन्छ ? बारले यही विषयलाई उठाएको छ । यही प्रश्नका आधारमा बार एसोसिएसनले आफ्ना धारणा सार्वजनिक गरेको हो ।

० तर, सर्वोच्च अदालतले 'आफूअनुकूल आस्था नभएका कारण बार एसोसिएसन विरोधमा उत्रेको' भन्दै खेद प्रकट गरेको छ नि ?

- सर्वोच्च अदालतको पूर्ण बैठकले बारका विरुद्ध किन खेद प्रकट गर्‍यो, त्यो उसले भन्नुपर्ने कुरा हो । तर, जहाँसम्म आस्थाको प्रसङ्ग छ, बार एसोसिएसनले कुनै कम्युनिस्ट वा काङ्ग्रेसलाई न्यायाधीश बनाउन माग गरेको छैन । उसको एउटै भनाइ हो- संविधानप्रति आस्था, प्रतिबद्धता भएको र संविधानको सर्वोच्चता स्वीकार्ने व्यक्ति मात्रै सर्वोच्च अदालतमा आउनुपर्छ । यसैलाई आफूअनुकूल आस्थाको कुरा गरेको भन्ने हो भने बेग्लै कुरा हो । होइन भने बार एसोसिएसनले आफ्नो स्वर्ण महोत्सव, सर्वोच्च बार एकाइको कार्यक्रम र अन्य सार्वजनिक समारोहमा पनि कस्ता मानिसलाई सर्वोच्च अदालतमा ल्याउने र कस्तालाई नल्याउने भन्ने सुझाव दिएको हो । तर, त्यसका विपरीत संविधान, कानुन र प्रजातन्त्रका विरुद्ध खुला रूपमा उभिएका व्यक्तिलाई न्यायालयमा ल्याउनु भनेको दुर्भाग्यपूर्ण कुरा हो ।

० सर्वोच्च र पुनरावेदनका न्यायाधीश नियुक्ति प्रक्रियालाई पूर्वकानुनमन्त्रीका रूपमा कसरी हेरिरहनुभएको छ ?

- न्याय परिषद्मा कानुनमन्त्रीको भूमिकालाई लिएर कानुन व्यवसायी र विज्ञहरूले प्रश्न उठाएका छन् । उनले निरङ्कुशताको प्रतिनिधिका रूपमा न्यायपरिषद्मा खेलेको भूमिकाका बारेमा प्रशस्त प्रश्नहरू उठेका छन् । उनले निरङ्कुशताका पक्षधरहरूलाई सर्वोच्च र पुनरावेदन अदालतमा न्यायाधीश बनाउन प्रयत्न गरिरहेका छन् भन्ने कुरा नेपाल बार एसोसिएसनले सार्वजनिक रूपमै उठाएको छ । न्यायपरिषद्मा कानुनमन्त्रीले त्यस्ता प्रसङ्गहरू उठाउँदा न्यायपालिकाका नेता प्रधानन्यायाधीशले ती कुराहरूको प्रतिरोध गर्नुपर्थ्यो । न्यायपालिकाका तर्फबाटै त्यहाँ आफ्ना कुरा राख्नुपर्छ । प्रधानन्यायाधीश सक्रिय हुनासाथ त्यस्ता गलत कुराहरू छिर्नै सक्दैनन् । कानुनमन्त्रीबाट आएका गलत कुराहरू प्रधानन्यायाधीशले स्वीकार गरेको हुनाले उहाँ पदमा बस्न अनुपयुक्त हुनुहुन्छ भने बार एसोसिएसनको भनाइ छ । न्यायपालिकाको स्वतन्त्रता र मर्यादा रक्षाका लागि प्रधानन्यायाधीशले उपयुक्त भूमिका निर्वाह गर्न सक्नुभएको छैन, जसका कारण न्यायपरिषद् निरङ्कुश कानुनमन्त्रीको इसारामा चलिरहेको कुरा उठेको छ ।

० त्यसो भए अब निरङ्कुशताले गाँजेर न्यायपालिका पनि पूर्ण रूपमा जनताविरुद्ध उभिने भयो, होइन त ?

- एउटा कुरा त स्पष्ट र स्वाभाविक छ, निरङ्कुशता जताततै हावी भइरहेका बेला सबै क्षेत्रमा उसले आफ्नो हैकम चलाउन चाहन्छ र त्यहीअनुसारको व्यवहार गर्दछ । त्यसैले न्यायपालिका पनि त्यसबाट बाहिर रहन्छ भन्ने आशा गर्नुहुँदैन । तर, हामीले जनताका पक्षमा लड्नका लागि हरेक क्षेत्रमा आफ्नो प्रयास जारी राख्नुपर्दछ । त्यसैले निरङ्कुशताको सर्वोच्चता भइरहेका बेला यसलाई सबै क्षेत्रबाट निर्मूल पार्नु, सम्पूर्ण रूपमा पछार्नु र परास्त गर्नुबाहेक हामीसँग अरू उपाय छैन ।

० शाही आयोगबारे फैसला गर्न सर्वोच्च अदालतले डेढ महिना लम्ब्याउनु स्वाभाविक छ ?

- प्रशस्त बहस र छलफल भइसकेपछि सर्वोच्च अदालतले पुस २१ गते शाही आयोगको संवैधानिकताका बारेमा फैसला गर्ने मिति तोकेको थियो । तर, सोही दिन अकस्मात फागुन १ गतेका लागि मिति सारियो । 'ढिलो न्याय दिनु पनि न्याय नदिनुसरह हो' भन्ने न्याय क्षेत्रमा प्रचलित भनाइ नै छ । पहिले नै लामो समयपछि फैसला गर्ने दिन तोकिएकोमा अहिले फेरि किन डेढ महिना लम्ब्याइयो, मैले बुझ्न सकेको छैन । तर, कतिपयले माघ २६ को कथित नगरनिर्वाचनसँगै जोडेर पनि यसलाई हेरेका छन् । यसको के-कस्तो सम्बन्ध छ, मलाई थाहा छैन । तर, जसरी बिनाकारण समय लम्ब्याइएको छ, त्यो अस्वाभाविक छ ।

■ विष्णु रिजाल